नेपाल सरकार

# सरसफाइ गुरु योजना

(Sanitation and Hygiene Master Plan)



२०६८

# विषय सूची

**प्राक्कथन** ........ **ख**

**महत्वपूर्ण शब्दावली र परिभाषा** ........ **१**

**भाग १ : सामान्य परिचय** ........ **१**

१.१ पृष्ठभूमि ........ १
१.२ अवस्थाको विश्लेषण ........ ४
१.३ सरसफाइको अवस्था: ........ ६
१.४ राष्ट्रिय सरसफाइ नीति र रणनीतिको परिपालना ........ ८
१.५ सरसफाइ प्रवर्धनका प्रमुख पद्धतिहरु ........ ९
१.६ मुख्य बाधा, चुनौती र सिकाईहरु ........ ११

**भाग २ : गुरु योजना** ........ **१४**

२.१ परिचय ........ १४
२.२ गुरुयोजनाको लक्ष्य, उद्देश्य र अनुमान ........ १६
२.३ मागदर्शक सिद्धान्तहरु ........ १७
२.४ कार्यक्रम संचालन रणनीतिहरु ........ २०
२.५ गुरुयोजना कार्यान्वयन गर्न सहज वातावरण निर्माण ........ ४६
२.६ कार्ययोजना ........ ४८

**अनुसूचीहरु** ........ **५१**

अनुसूची १ : वार्षिक रुपमा निर्माण गरिनु पर्ने चर्पीको अनुमान ........ ५२
अनुसूची २ : जिल्लास्तरीय कार्य योजना ........ ५३
अनुसूची ३. संयुक्त कार्ययोजनाको ढाँचा ........ ५६
अनुसूची ४. प्रमुख क्रियाकलाप ........ ५८
अनुसूची ५. सरसफाइ क्षेत्रका सरोकारवालाहरुको सूची ........ ६०

# प्राक्कथन

नेपालमा सरसफाइ प्रवर्धनका क्षेत्रमा विस्तारै उपलब्धीहरु हासिल हुँदै आएतापनि अझै पनि देशका करिब ५७ प्रतिशत जनता चर्पीको आधारभूत सुविधाबाट टाढा रहेका छन् । खानेपानीमा पहुँच पुगेका जनता ८०.% छन् भने सरसफाइमा पहुँच पुगेका जनता जम्मा ४३.% मात्र छन् । खानेपानी र सरसफाइको पहुँचमा ३७% को फरक भएको हुनाले खानेपानी र सरसफाइको सेवाहरुवाट प्राप्त हुन सक्ने जनस्वास्थ्य सम्बन्धी लाभ अपेक्षीत रुपमा हासिल गर्नु ठूलो चुनौतीको रुपमा रहेको छ । गरिब, उपेक्षित तथा सिमान्तकृत समुदायहरु यसबाट सबैभन्दा बढी प्रभावित छन् । ती मध्ये बालबालिका र महिलाको अवस्था अझ नाजुक रहेको छ ।

सरसफाइ प्रवर्धन सम्बन्धी सहस्राब्दी विकास लक्ष्य हासिल गर्नका लागि नेपालले सन् २०१५ सम्ममा कम्तिमा पनि ५३% घरधुरीलाई आधारभूतस्तरको चर्पी सुविधा पुर्‍याउनु पर्दछ । चर्पी सुविधाको उपलब्धतालाई हेर्दा नेपालले सहस्राब्दी विकास लक्ष्य हासिल गर्न सक्ने देखिए तापनि सन् २०१७ सम्ममा सबै जनतालाई आधारभूत स्तरसम्मको सरसफाइको सुविधा (चर्पी) उपलव्ध गराउने राष्ट्रिय लक्ष्य प्राप्त गर्न व्यवहारिक सोच, कार्य संचालन विधि/रणनीति, सुदृढ संस्थागत व्यवस्था, पर्याप्त स्रोतको परिचालन, सरोकारवालाहरुसँग सहकार्य गर्नुपर्ने आवश्यक देखिन्छ । सरसफाइ सम्बन्धी दक्षिण एशियाली सम्मेलनका माध्यमबाट नेपालले सरसफाइ गुरु योजना (Sanitation and Hygiene Master Plan) बनाउने दृढ प्रतिवद्धता जनाएको थियो । यस प्रतिवद्धतालाई अन्तर्राष्ट्रिय सरसफाइ वर्ष २००८ ले पनि उर्जा प्रदान गरेकोछ । राष्ट्रिय तथा सहस्राब्दी विकास लक्ष्य हासिल गर्ने सन्दर्भमा रहेका बाधा तथा चुनौतीहरुलाई मध्यनजर गर्दा विभिन्न तहका सरोकारवालाहरुले गरेका प्रयासहरुलाई मूलप्रवाहीकरण गर्न गुरु योजना बनाई लागू गर्नु अति आवश्यक देखिन आएको छ । अतः राष्ट्रिय सरसफाइ कार्य सचालन समितिले सरसफाइ प्रवर्धनको गतिलाई तीव्र पार्न तथा सरसफाइ सम्बन्धी प्रयासहरुमा नेपालको प्रतिवद्धतालाई मूर्तरुप दिन यो गुरु योजना तयार पारेको हो ।

गुरु योजना तयार पार्ने क्रममा विभिन्न समुदाय, स्थानीय निकाय, जिल्ला, क्षेत्र तथा राष्ट्रिय स्तरका सरोकारवालाहरुसँग व्यापक सरसल्लाह एवं परामर्श गरिएको थियो । त्यस्तै अन्य केही देशका गुरु योजनाहरु पनि अध्ययन गरिएको थियो ।

यस गुरु योजनाले सम्बन्धीत सरोकारवालाहरुलाई सरसफाइ सम्बन्धी प्रभावकारी योजना तर्जुमा गर्न, बजेट व्यवस्था गर्न, मानव स्रोत तथा साधन परिचालन गर्न, कार्यान्वयन, अनुगमन ,मूल्याङ्कन र त्यसको निरन्तरतामा सघाउ पुर्‍याउने विश्वास हामीले लिएका छौं । यस गुरु योजना मार्फत सरसफाइको क्षेत्रमा अवलम्वन गरिदै आएका विभिन्न किसिमका पद्धति तथा कार्यप्रणालीहरुमा एकरुपता र गुणस्तरता कायम गर्दै सरसफाइ विकासको गतिलाई तीव्र पारी सहस्राब्दी विकास लक्ष्य तथा राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुराउने विश्वास लिईएको छ ।

................................

डा. दिनेशचन्द्र देवकोटा

उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

..........................................

सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय

............................................

सचिव, स्थानीय विकास मन्त्रालय

................................

सचिव, शिक्षा मन्त्रालय

..........................................

सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

...............................................
.....

सचिव, महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय

.............................

सचिव, अर्थ मन्त्रालय

....................................

सचिव, वातावरण मन्त्रालय

..............................................................

अध्यक्ष, राष्ट्रिय सरसफाइ कार्य सञ्चालन समिति

# महत्वपूर्ण शब्दावली र परिभाषा

अन्य अर्थ नलागेमा र अन्यथा उल्लेख नगरिएसम्म यस गुरु योजनामा देहायका शब्दहरुलाई अवधारणागत तथा कार्य संचालन तहमा देहायका अर्थमा प्रयोग गरिएको छ :

## १) **सुधारिएको सरसफाइ सुविधा (चर्पी)**

युनिसेफ र विश्व स्वास्थ्य संगठनको संयुक्त अनुगमन कार्यक्रम (जे.एम.पी) अनुसार सुधारिएको सरसफाइ सुविधालाई मानव मलमूत्र सुरक्षितरुपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा भनी परिभाषित गरिएको छ । साथै यदि दुई वा सो भन्दा बढी घरधुरीहरुले सरसफाइ सुविधाहरु (चर्पी) सामुहिक रुपमा प्रयोग गरेमा वा सार्वजनिक प्रयोजनका लागि प्रयोग गरेमा उक्त सरसफाइ सुविधाहरुलाई सुधारिएको सुविधा भनी मानिँदैन । उक्त संयुक्त अनुगमन कार्यक्रमले सुधारिएको सरसफाइ सुविधालाई देहाय बमोजिम वर्गीकरण गरेको छ :

क) फ्लस वा पानी हाली फ्लस गरी :
- पाइपबाट ढल निष्काशन प्रणालीमा जाने
- सेप्टिक टैंकमा जाने
- खाल्डे चर्पीमा जाने

ख) हावा आवतजावत हुनेगरी गरी सुधारिएको खाल्डे (भिआइपी) चर्पी

ग) स्ल्याव र ढक्कन सहित भएको खाल्डे चर्पी

घ) कम्पोष्ट मल बनाउने चर्पी (इकोसान चर्पी), बायोग्याँस जडित चर्पी

*द्रष्टव्य : यस गुरु योजनाले संरचनाको टिकाउ र दीगोपनको दृष्टिले कम्तिमा पनि स्ल्यावको सतहसम्म/प्यान सीटको सतह सम्म स्थायी संरचना निर्माण गर्न सिफारिस गर्दछ ।*

## २) **पूर्ण सरसफाइ**

अन्य अर्थ नलागेमा र अन्यथा उल्लेख नगरिएसम्म यस गुरु योजनाको प्रयोजनका लागि पूर्ण सरसफाइ भन्नाले तोकिएको क्षेत्र (बस्ती, टोल, विद्यालय सेवा क्षेत्र, गा.वि.स, नगरपालिका तथा जिल्ला) मा विभिन्न सरसफाइका सुविधा र स्वच्छता प्रवर्धन तथा बानी व्यवहारमा विकास/परिवर्तनको माध्यमबाट सरसफाइयुक्त अवस्था हासिल गर्नु हो । पूर्ण सरसफाइले बानी व्यवहार परिवर्तनको पहिलो चरणको रुपमा खुला दिसा विर्सजन गर्ने परम्परालाई अन्त्य गर्ने कुरामा ध्यान केन्द्रित गर्दछ । दोश्रो चरण अन्तर्गत दीगो सरसफाइ र स्वच्छता हासिल गर्ने सम्बन्धी सबै व्यवस्थालाई समेट्दछ । अतः पूर्ण सरसफाइ भन्नाले दीगो रुपमा सरसफाइयुक्त अवस्था हासिल गर्न देहाय बमोजिमका अवस्थालाई बुझिन्छ :

**पहिलो चरण : खुल्ला दिसामुक्त अवस्था**

खुला दिसा भन्नाले खुला ठाउँमा दिसा गर्ने र त्यसलाई त्यसै छोडिदिने कार्यलाई जनाउँदछ । खुला दिसा मुक्त भन्नाले खुला रुपमा दिसा नगर्ने अवस्थालाई बुझिन्छ । दिसामा झिंगा पस्न नसक्ने गरी खाल्डोमा ढकन लगाइएको अवस्थाले खुला दिसा मुक्त जनाउँछ । तर ढकन नभएको खाल्डोमा दिसा संकलन गरे पनि त्यस अवस्थाले खुला दिसायुक्त अवस्था जनाउँछ । कुनै तोकिएको स्थानलाई खुला दिसा मुक्त भनी घोषणा गर्नका लागि देहायका सूचक/आधारहरु कायम भएको हुनुपर्दछ :

- तोकिएको क्षेत्रमा कुनै पनि समयमा खुल्ला दिसा नदेखिनु ।
- सुधारिएको सरसफाइ (चर्पी) सुविधामा सबै घरधुरीको पहुँच हुनुको साथै ती सुविधाहरुको पूर्ण सदुपयोग, संचालन र मर्मत संभार भइरहेको हुनुपर्ने ।
- तोकिएको क्षेत्रमा अवस्थित सबै सार्वजनिक संघसंस्थाहरु जस्तै विद्यालय, कार्यालयहरु आदिमा चर्पी सुविधा उपलब्ध हुनु ।

यसका अतिरिक्त खुला दिसा मुक्त घोषणा प्रक्रियाका चरणमा देहायका पक्षहरुलाई प्रोत्साहित गरिनुपर्दछ :

- सबै घरधुरीमा साबुन र साबुन राख्ने बट्टा सहितको हातधुने स्थानको उपलब्धता र
- तोकिएको क्षेत्रमा पशुजन्य फोहोर, ठोस र तरल फोहर मैलाको व्यवस्थापन लगायत वातावरणीय सरसफाइ कायम रहेको ।

**दोश्रो चरण : खुला दिसा मुक्त पछिको पूर्ण सरसफाइ युक्त अवस्था**

यस चरणमा दीगो सरसफाइ र स्वच्छता सुविधा एवं बानी व्यवहारको विकासका लागि गरिएका सबै व्यवस्थाहरु समावेश हुन्छन् । यद्यपि सम्बन्धित समुदाय/न.पा./गा.वि.स.आफैंले नै खुला दिसा मुक्त घोषणा पछिका सरसफाइ र स्वच्छता सम्बन्धी विभिन्न मापदण्ड पहिचान गरी लागू गर्ने भएता पनि कुनै निश्चित क्षेत्रमा पूर्ण सरसफाइको अवस्था हासिल गर्न देहायका सूचकहरुलाई आधार मान्न सकिन्छ :

**क) सरसफाइ तथा स्वच्छता सम्बन्धी बानी व्यवहारका मुख्य पाँच सूचकहरु :**

- चर्पीको नियमित प्रयोग ।
- महत्वपूर्ण अवस्थाहरुमा साबुन पानीले हात धुने अभ्यास ।
- घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण ।
- व्यक्तिगत सरसफाइ/स्वच्छता कायम गर्ने (नियमित रुपमा नङ काट्ने, नुहाउने, लुगा धुने, दैनिक कपाल कोर्ने, दाँत माझ्ने आदि) र
- घर भित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन ।

**ख) घरायसी सरसफाइ :**

- दिसा गर्नको लागि सबै घरधुरीमा चर्पी र हातधुनको लागि साबुन राख्ने स्थानको उचित व्यवस्था हुनुपर्दछ ।
- चर्पी सफा गर्ने ब्रस, कुचो, जिवाणु/किटाणु नाशक पदार्थ आदि उपलब्ध हुनुपर्दछ ।

- खानेकुरा र पानी छोपिएको हुनु पर्दछ ।
- घरको कोठा, आँगन र घर वरिपरी नियमित सरसफाइ हुनु पर्दछ ।
- घरपालुवा पशुपंक्षी राख्न व्यवस्थित गोठ/टहरा हुनु पर्दछ ।
- घरबाट निष्कासित फोहोर पानी जम्मा गर्ने/सोस्ने खाल्डो छोपिएको हुनु पर्दछ ।
- सफा र शुद्ध पिउने पानी उपलब्ध हुनु पर्दछ ।
- ठोस फोहोरमैला संकलन गर्न/फाल्न बाल्टीन/खाल्डो उपलब्ध हुनु पर्दछ ।
- सुधारिएको चुलो/वायोग्याँसको उपलब्धता (ऐच्छिक) हुनु पर्दछ ।

ग) **संस्थागत/वातावरणीय सरसफाइ :**

- सबै संघसंस्थामा स्वच्छ/सफा र प्रयोगकर्ता मैत्री चर्पी, साबुनपानीले हात धुने सुविधा र फोहोर निष्काशनको उचित व्यवस्था हुनुपर्दछ ।
- सबै विद्यालयमा बाल, लैङ्गिक र अपांङ्ग मैत्री पानीको सुविधा, चर्पी र साबुन सहितको हात धुने सुविधाका साथै महिनावारी व्यवस्थापनको लागि समेत सुविधा भएको हुनुपर्दछ । हरेक विद्यालय हाताभित्र फोहोर फाल्ने खाल्डोको पनि अनिवार्य व्यवस्था हुनुपर्दछ ।
- सबै संस्थाहरुले आ-आफ्नो संस्थाको परिसर भित्रको र वरिपरिको वातावरण सफा र स्वच्छ राख्नु पर्दछ ।

## ३) बाल, लैङ्गिक र अपा· मैत्री सुविधाका विशेषताहरु

- बालमैत्री विशेषताहरु अन्तर्गत पानीका धारा, चर्पीको ढोकाको चावी, चुकुल र झ्यालहरु विभिन्न उमेर समूहका व्यक्तिहरुको उचाई सुहाउँदो हुनुपर्ने जस्ता कुराहरु पर्दछन् ।
- लैङ्गिक मैत्री विशेषताहरु अन्तर्गत चर्पी सुरक्षित हुने गरी उपयुक्त स्थानमा बनाइनुपर्ने र त्यसका झ्याल, ढोका र भेन्टिलेसनले गोपनियता कायम गर्नुपर्ने कुराहरु पर्दछन् । विद्यालय र अन्य सार्वजनिक संस्थामा पिउने र सफा गर्ने पानीको अतिरिक्त चर्पीमा छात्रा र शिक्षीकाका लागि महिनावारी सम्बन्धी सरसफाइको सुविधा पनि उपलब्ध हुनुपर्दछ । जस्तैः चर्पी भित्र ढकन भएको बाल्टी वा चर्पीसँगै जोडिएको (बाहिरपट्टी) फोहोर मैला जलाउने सुविधा हुनुपर्दछ ।
- अपांङ्ग मैत्री चर्पीका विशेषताहरुमा चर्पीसम्म पुग्ने सजिलो बाटो, ह्वील चेयर अटाउने पर्याप्त ठाउँ र चर्पीमा समात्ने, बस्ने, टेक्ने, आड लिने आदि साधन सुविधाको समुचित व्यवस्था हुनु पर्दछ ।

## ४) अति गरिब घरधुरी :

ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ राष्ट्रिय रणनीति २०६१ ले गरिबी पहिचान गर्न तपसिलमा उल्लेख भए अनुरुप केही आधार/सूचकहरु तर्जुमा गरेको छ :

- वर्षको ६ महिनाभन्दा कम अवधिको लागि खाद्य पर्याप्तता भएका घरधुरी ।
- दैनिक ज्याला मजदुरी नै आय आर्जनको मुख्य स्रोत भएका घरधुरी ।
- महिला घरमुली भएको (एकल महिला लगायत) वा वयस्क व्यक्ति नभएको घरधुरी वा वाह्य आर्थिक सहयोग नपाउने घरधुरी र शारीरिक रुपमा अशक्त व्यक्ति रहेका घरधुरी र
- समुदायले छानेका अन्य सान्दर्भिक आधार/सूचकहरु ।

**५) सरोकारवालाहरु :**

राष्ट्रिय सरसफाइ निर्देशन समिति तथा राष्ट्रिय सरसफाइ समन्वय समितिका सबै सदस्य संस्थाहरु, खानेपानी तथा सरसफाइ सम्बन्धी क्षेत्रीय, जिल्ला, गा.वि.स. र न.पा. क्षेत्रका समन्वय समितिहरु, स्थानीय निकायहरु, विद्यालय, बालक्लव, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र खानेपानी तथा सरसफाइ प्रवर्धनमा संलग्न निकायहरु ।

**६) संयुक्त योजना :**

सरसफाइ गुरु योजनाका मार्गदर्शक सिद्धान्त अनुरुप केन्द्रीय सरकार, स्थानीय निकाय, दातृ निकाय, सम्बद्ध अन्तर्राष्ट्रिय र गैरसरकारी संस्थाहरुले एकिकृत रुपमा पूर्ण सरसफाइका लागि योजना, कार्यक्रम, लगानी र कार्यान्वयन गर्न जिल्ला, न.पा. र गा.वि.स. तहमा बनाइने रणनीतिक योजना/कार्ययोजना हो । जिल्ला आवधिक योजनामा पनि  सरसफाइ र स्वच्छता अभिवृद्धि गर्ने क्रियाकलापहरु रहन्छन् । जसलाई गा.वि.स., न.पा. र जिल्ला परिषद्हरुले उपयुक्तता अनुसार वार्षिक रुपमा स्वीकृत गर्दछ ।

**७) सबै घरमा सरसफाइ (चर्पी) सुविधाः**

कुनै निश्चित क्षेत्रमा सत प्रतिशत घरधुरीमा चर्पी सुविधा भएको ।

**८) सरसफाइमा सबैको पहाुचः**

कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने सबै उपभोक्ताको चर्पीको सुविधामा पहुँच ।

# भाग १ : सामान्य परिचय

## १.१ पृष्ठभूमि

नेपालमा सरसफाइ प्रवर्धनको व्यवस्थित प्रयासको शुरुवात सन् १९८० को दशकमा संयुक्त राष्ट्रसंघले खानेपानी आपूर्ति र सरसफाइको अन्तर्राष्ट्रिय दशक घोषणा गरेपछि मात्र भएको हो । त्यसपछि सरसफाइ प्रवर्धन खानेपानी आयोजनाहरुको एउटा अभिन्न अङ्गका रुपमा समावेश हुदै आएको छ । तर सरसफाइ सम्बन्धि मुख्य प्रयासहरु भने सन् १९९० को दशकको शुरुमा मात्र प्रारम्भ भएका हुन् । हालका वर्षहरुमा सरसफाइलाई स्वास्थ्य, प्रतिष्ठा र विकासको आधारशीलाको रुपमा लिइएको छ । विगतका वर्षहरुमा नेपाल सरकार र अन्य सम्बद्ध सरोकारवालाहरुले सरसफाइ सम्बन्धमा गरेका क्रियाकलापहरुको क्रमबद्ध इतिहास देहाय बमोजिम रहेको छ ।

**तालिका न.१: सरसफाइका हाल सम्मका क्रियाकलापहरु**

| मुख्य क्रियाकलापहरु | वर्ष (सन्मा) |
|---|---|
| • खानेपानी तथा ढल निकास विभाग (यसपछि यहाँ विभाग मात्र भनिएको) को स्थापना | १९७२ |
| • अन्तर्राष्ट्रिय खानेपानी आपूर्ति र सरसफाइ दशक (१९८१-१९९०) को राष्ट्रसंघीय घोषणा | १९८० |
| • पहिलो ग्रामीण खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजना, एशियाली विकास बैंक | १९८४ |
| • सामुदायिक खानेपानी तथा सरसफाइ कार्यक्रम सुरुवात, विभाग तथा यूनिसेफ<br>• सामाज कल्याण परिषदमा खानेपानी तथा सरसफाइ इकाईको स्थापना | १९८७ |
| • दोस्रो ग्रामीण खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजना, एशियाली विकास बैंक | १९८९ |
| • खानेपानी तथा ढल निकास विभागमा वातावरणीय सरसफाइ शाखाको स्थापना | १९९२ |
| • जनताको खानेपानी र सरसफाइ कार्यक्रम, आवास तथा भौतिक योजना मन्त्रालय /विश्व बैंक /नमूना योजना (१९९३-१९९६)<br>• तेस्रो ग्रामीण खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजना, एशियाली विकास बैंक | १९९३ |
| • नेपाल राष्ट्रिय सरसफाइ नीति तथा सरसफाइ कार्यक्रम तर्जुमा, योजना तथा कार्यान्वयन निर्देशिका, आवास तथा भौतिक योजना | १९९४ |

| मुख्य क्रियाकलापहरु | वर्ष (सन्मा) |
|---|---|
| • सरसफाइ सम्बन्धि ज्ञान, धारणा र अभ्यास अध्ययन, खानेपानी तथा ढल निकास विभाग / यूनिसेफ | |
| • फोहोरमैला व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति<br>• ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको स्थापना (१९९६) र संचालन<br>• चौथो ग्रामीण खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजना, एशियाली विकास बैंक | १९९६ |
| • सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि बालबालिका देखि बालकालिका सम्म पद्दतिको शुरुवात, यूनिसेफ/ नेपाल रेडक्रस सोसाईटी/नेपाल स्वास्थ्यको लागि पानी<br>• खानेपानी तथा सरसफाइ सम्बन्धी बीस वर्षे रणनीति | १९९७ |
| • राष्ट्रिय सरसफाइ कार्य संचालन समितिको स्थापना<br>• राष्ट्रिय खानेपानी क्षेत्रगत नीति (नीति तथा रणनीति),<br>• स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग (यसपछि डोलिडार भनिएको) को स्थापना | १९९८ |
| • आधारभूत सरसफाइ प्याकेजको विकास, विभाग तथा यूनिसेफ<br>• वातावणीय सरसफाइ प्रवर्धनका लागि पाँचवर्षे कार्ययोजना, विभाग<br>• स्थानीय स्वायत्त शासन ऐन, स्थानीय विकास मन्त्रालय | १९९९ |
| • नेपाल सरसफाइ स्थिति प्रतिवेदन प्रकाशन<br>• राष्ट्रिय सरसफाइ सप्ताहको शुरुवात, राष्ट्रिय सरसफाइ कार्य संचालन समिति<br>• विद्यालय सरसफाइ कार्यक्रम, विभाग / युनिसेफ<br>• राष्ट्रिय सरसफाइ नीतिको मस्यौदा, सन् २००० तथा परिमार्जन सन् २००२, विभाग<br>• मध्यपश्चिमाञ्चल तथा सुदूरपश्चिमाञ्चल क्षेत्रका ६ जिल्लाहरुमा जलस्रोत व्यवस्थापन आयोजना संचालन (सन् २००० देखि सन् २०१२), हेल्भेटास | २००० |
| • साना शहरी खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजना, विभाग तथा एशियाली विकास बैंक | २००१ |
| • इकोसान चर्पी सम्बन्धी नमूना आयोजना, विभाग तथा विश्व स्वास्थ्य संगठन<br>• शहरी वातावरण सुधार आयोजना, शहरी विकास तथा भवन निर्माण विभाग तथा एशियाली विकास बैंक<br>• धरान विराटनगर करिडोरमा स्थानीय तहमा वातावरणीय प्रशासन तथा व्यवस्थापन सुदृढिकरण आयोजना, नेपाल सरकार तथा फिनलैण्ड सरकार | २००२ |
| • समुदायमा आधारित खानेपानी तथा सरसफाइ कार्यक्रम शुरुवात, विभाग तथा एशियाली विकास बैंक<br>• नेपालबाट बंगालादेशमा भएको सरसफाइ सम्बन्धी प्रथम दक्षिण एशियाली सम्मेलनमा सहभागिता<br>• नेपाल खानेपानी, सरसफाइ र स्वच्छता अभियानको शुरुवात, नेवा /राष्ट्रिय सरसफाइ कार्य सञ्चालन समिति<br>• सहभागीतामूलक सरसफाइ तथा स्वच्छता रुपान्तरण पद्धतिको विकास तथा नमूना कार्यक्रमको शुरुवात, विभाग, फन्डबोर्ड र यूनिसेफ<br>• समुदायको अगुवाइमा पूर्ण सरसफाइ पद्दतिको शुरुवात | २००३ |

| मुख्य क्रियाकलापहरु | वर्ष (सन्मा) |
|---|---|
| • ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ राष्ट्रिय नीति, रणनीति तथा रणनीतिक कार्ययोजना, भौतिक योजना तथा निर्माण मन्त्रालय (यसपछि यहाँ मन्त्रालय मात्र भनिएको)<br>• हातधुने अभियानको शुरुवात, विभाग/युनिसेफ | २००४ |
| • सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रम कार्यान्वयन मार्गदर्शनको मस्यौदा, मन्त्रालय<br>• राष्ट्रिय सरसफाइ नीतिको समीक्षा, वेडेक, यूके<br>• सरसफाइ नमूना जिल्ला सम्बन्धी अवधारणा (चितवन जिल्लामा) शुरुवात राष्ट्रिय सरसफाइ कार्य सञ्चालन समिति<br>• एशियाली शहरहरुका लागि खानेपानी आयोजना अन्तर्गत कार्यक्रमको शुरुवात, मन्त्रालय र यूएन-ह्याविट्याट | २००५ |
| • विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ मार्गदर्शनको विकास, राष्ट्रिय सरसफाइ कार्य संचालन समिति, विभाग तथा यूनिसेफ<br>• विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ पद्दतिको शुरुवात<br>• पाकिस्तानमा भएको सरसफाइ सम्बन्धी दोश्रो दक्षिण एशियाली सम्मेलनमा नेपालबाट सहभागिता<br>• कर्णाली क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम संचालन (२००६-२०१०) कन्सर्न वर्ल्डवाइड नेपाल<br>• ग्रामीण खानेपानी स्रोत व्यवस्थापन आयोजना दोश्रो चरण, सुदूर र मध्य पश्चिमका दस जिल्लाहरुमा शुरु, नेपाल सरकार/फिनलैण्ड सरकार | २००६ |
| • सरसफाइ प्रवर्धन नर्म्स विकास, विभाग<br>• सोंच पत्र (Approach Paper) (२००७-२०२७), मन्त्रालय<br>• बालमैत्री, लैङ्गिक मैत्री र अपांग मैत्री प्रक्रिया तथा सामग्रीको विकास, यूनिसेफ | २००७ |
| • अन्तर्राष्ट्रिय सरसफाइ वर्ष सम्बन्धी नेपालको योजना, राष्ट्रिय सरसफाइ कार्य संचालन समिति र अन्तर्राष्ट्रिय सरसफाइ वर्ष डेस्क, नेपाल<br>• नेपालले भारतमा भएको सरसफाइ सम्बन्धी तेश्रो दक्षिण एशियाली सम्मेलनमा भाग लिएको<br>• मानवीय मूल्यमा आधारित खानेपानी, सरसफाइ तथा स्वच्छता शिक्षा नमूना कार्यक्रम, शिक्षा मन्त्रालय र यूएन-ह्याविट्याट<br>• अन्तर्राष्ट्रिय सरसफाइ वर्ष तथा विश्व हातधुने दिवसको शुरुवात<br>• ग्रामीण खानेपानी तथा सरसफाइ कार्यक्रम पश्चिमका नौ जिल्लाहरुमा शुरु (२००८-२०१२) फिनलैण्ड सरकार/डोलिडार | २००८ |
| • फोहोरमैला व्यवस्थापन ऐनको मस्यौदा (१९८७ को ऐनको पुनरावलोकन)<br>• शहरी खानेपानी तथा सरसफाइ नीति, मन्त्रालय | २००९ |
| • क्षेत्रगत क्षमता सुधार इकाईको स्थापना, मन्त्रालय<br>• दोश्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (२०१०-२०१५), एशियाली विकास बैंक<br>• सरसफाइ गुरुयोजनाको विकास, राष्ट्रिय सरसफाइ कार्य संचालन समिति<br>• "झाडापखाला लाई इतिहासमा सीमित गरौ र कार्य पद्धतिमा एकरुपता ल्याऊँ" भन्ने | २०१० |

| मुख्य क्रियाकलापहरु | वर्ष (सन्मा) |
|---|---|
| तर्फको पूर्ण सरसफाइ सम्बन्धी सुर्खेत घोषणा तथा नेपालगञ्ज प्रतिवद्धता | |
| • खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धनलाई मानव अधिकारको रुपमा राष्ट्रसंघीय घोषणा र नेपालको प्रतिवद्धता | २०१० |

# १.२ अवस्थाको विश्लेषण

## १.२.१ जनसंख्या :

प्रशासनिक रुपमा नेपालमा ५ विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्ला, ९९ नगरपालिका र ३,७८३ वटा गा.वि.स.हरु रहेका छन् । देशलाई तराई, पहाड र हिमाल गरी तीनवटा भौगोलिक क्षेत्रमा विभाजन गरिएको छ । जसमा क्रमशः २१, ४२ र १२ जिल्लाहरु रहेका छन् । राष्ट्रिय जनगणना २०६८ को प्रारम्भिक नतिजा अनुसार नेपालको जनसंख्या करीव २ करोड ८७ लाख हुने अनुमान गरिएको छ ।[⊕]

## १.२.२ सामाजिक आर्थिक अवस्था

### न्यून भूमि स्वामित्व :

जनगणना, २०५८ अनुसार प्रति घर धुरी औसत भूमि स्वामित्व ०.१ हेक्टर रहेको छ । दलितहरुले देशको जनसंख्याको करिव १३ प्रतिशत हिस्सा ओगटे पनि यिनीहरु अति नै वञ्चित वर्गमा रहेका छन् । यिनीहरु कित न्यून भूमिवाला छन् वा भूमिहीन छन् । जनसंख्या सर्वेक्षण अनुरुप कूल जनसंख्याको करिव २९% जनता भूमिहीन छन् । यी भूमिहीन जनतासँग चर्पी निर्माण गर्ने ठाउँ समेत उपलब्ध छैन । तिनीहरु प्रायःसुकुम्बासीको रुपमा सार्वजनिक स्थल र झोपडपट्टीमा बस्दछन् जहाँ चर्पी निर्माण कार्यलाई कानूनी मान्यता दिइएको छैन् ।

### बसोबासको स्वरुप :

पहाडका केही भाग र तराइका मधेशी[१] जनजाति बसोबास गर्ने स्थानमा चर्पी निर्माण कार्य समस्याको विषय बनेको छ । बस्तीहरु बाक्लो भएका कारण चर्पी निर्माणको लागि पर्याप्त ठाँउ उपलब्ध छैन । यस्ता ठाउँमा एउटा मात्रै सम्भाव्य विकल्प सार्वजनिक र सामुदायिक चर्पीको व्यवस्था मिलाउनु हो । तर संचालन र व्यवस्थापनको दृष्टिले यो पनि कठिन छ ।

### गरिबी :

यूएनडीपीले हालै गरेको एक सर्वेक्षण अनुसार गरिबीको रेखामुनि रहेको जनसंख्या कूल जनसंख्याको ६५% रहेको छ (ग्रामीण र शहरी दुवै)[२] तर राष्ट्रिय योजना आयोगका अनुसार यस्तो जनसंख्या कूल जनसंख्याको २५.४% मात्रै छ । यसका अतिरिक्त १२% गरीव र ८०% धनीको सरसफाइमा पहुँच

⊕ खानेपानी तथा सरसफाइले समेटेको क्षेत्र तथा कार्यप्रणाली, जुन २०१०, विभाग ।

१ मधेशी-तराइमा बसोबास गर्ने एक जनजाति ।

२ अक्सफोर्ड विश्वविद्यालय, २०१०

रहेकोछ । अतः यस्तो पहुँचमा अन्तर हुनुको एउटा मुख्य कारण गरिबी हो । देशमा व्याप्त गरिबीका कारण समुदायस्तरमा चर्पी प्रवर्धन गर्ने कार्य एउटा विशेष चुनौतीको रुपमा रहेको छ ।

**चेतनाको अभाव :**

कूल जनसंख्यामा ६ वर्षभन्दा माथिको निरक्षरता ३७% रहेको छ । व्यापक निरक्षरता तथा शिक्षाको अभावका कारणले सरसफाइ र यसको अभावमा मानव स्वास्थ्यमा पर्ने असर, विशेषगरी मानिसको दिसा अधिकांश सरुवा रोग फैलाउने एक मुख्य कारक हो भन्ने कुरामा पर्याप्त जनचेतनाको कमी छ ।

**अनियन्त्रीत खुला दिसा :**

खुला दिसा गर्ने प्रचलन देशभर नै व्यापक मात्रामा छ र त्यसमा पनि तराइमा बढी छ । जमिन मुनिको पानीको सतह तराइमा निकै माथि रहेकोले चर्पी निर्माणको काम बढी खर्चिलो हुन्छ । त्यसैले तराइमा खुला ठाउँमा दिसा गर्ने आम प्रचलन छ ।

**सामाजिक-साास्कृतिक रुढीवादी, प्रचलनः**

केही जातिय सँस्कृति र परम्परागत विश्वास अनुसार ससुरा बुहारीले एउटै चर्पी प्रयोग गर्नु हुँदैन भन्ने कारणले पनि धेरै मानिसहरु खुला ठाउँमा दिसा गर्न विवश छन् । अन्य सँस्कृतिमा जस्तै मध्य र सुदूरपश्चिम क्षेत्रमा महिनावारी भएको अवस्थामा महिला अछूत हुने भएकोले उनीहरुलाई चर्पी जान नदिने प्रचलन रहेको छ ।

## १.२.३ स्थानीय निकायहरुको भूमिका

स्थानीय स्वायत्त शासन ऐन २०५६ अनुसार स्थानीय निकायहरु खानेपानी र सरसफाइ सेवाका लागि उत्तरदायी छन् । तर चेतनाको अभाव, मानव स्रोत साधनको कमी र योजना तर्जुमा गर्ने सीपको कमीका कारण सरसफाइ र स्वच्छता प्रवर्धनको विषयलाई भौतिक पूर्वाधार विकासले ओझेलमा पारेको छ । हालसालै मात्र केही जिल्ला विकास समिति (जि.वि.स), न.पा. र गा. वि.स.स.हरुले वार्षिक योजनाका माध्यमबाट खुला दिसा मुक्त अवस्था हासिल गर्न सरसफाइसम्बन्धी प्रवर्धनात्मक कार्यक्रमहरुलाई प्राथमिकता दिएका छन् । पछिल्ला वर्षहरुमा खानेपानी तथा सरसफाइ डिभिजन/सव डिभिजन कार्यालयले खुला दिसा मुक्त अभियान सम्बन्धी कार्यमा अगुवाइ गर्न जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिको समन्वयमा उत्प्रेरकको भूमिका निर्वाह गरिरहेका छन् ।

## १.२.४ गैर सरकारी /समुदायमा आधारित संस्था परिपुरक सहयोगी निकायको रुपमा

परम्परागत रुपमा नेपालमा आमा समूह, वन उपभोक्ता समूह, सहकारी, भू.पू. सेना, युवा क्लबहरु, साँस्कृतिक, सामाजिक र सामुदायिक कल्याणकारी क्रियाकलापमा संलग्न रहेका छन् । तर यी निकायहरुलाई सरसफाइ र स्वच्छता प्रवर्धनकालागि पर्याप्त मात्रमा परिचालन गरिएको थिएन । तर हालका वर्षहरुमा आएर यो प्रवृत्तिमा परिवर्तन आएको छ । तिनीहरु पनि सरसफाइ प्रवर्धन गर्ने कार्यमा जागरुक भएका छन् । तीमध्ये वन उपभोक्ता समूह सबैभन्दा बढी स्रोत साधन सम्पन्न भएकोले यसले चर्पी निर्माण गर्न समुदायलाई निर्माण सामग्री र नगद समेत सहयोग गरेको छ र अन्य समूहहरुले पनि सहयोग पुऱ्याउँदै आएका छन् । तर बाह्य संस्थाहरुले केही मात्र समुदायमा आधारित संस्थाहरुलाई

सरसफाइका क्षेत्रमा उपयोग गर्दै आएका छन् । नेपालमा दर्ता भएका करिब २०,००० गैर सरकारी संस्था मध्ये लगभग २०० वटा गैर सरकारी संस्थाहरु खानेपानी तथा सरसफाइका क्षेत्रमा संलग्न रहेका छन् । तिनीहरुसँग समुदाय परिचालन र जन-चेतना अभिवृद्धि गर्ने क्षमता रहेको छ ।

## १.३ सरसफाइको अवस्थाः

### १.३.१ सरसफाइको स्थितिः

नेपालमा सन् १९९० मा जम्मा ६ प्रतिशत घरधुरीमा चर्पीको सुविधा रहेकोमा सो प्रतिशत सन् २००९ मा ४३ सम्म पुगेको छ ।[३] अतः सरसफाइको पहुँचमा वार्षिक वृद्धि दर १.९% रहेको देखिन्छ ।

शहरी क्षेत्रमा चर्पीको सुविधा भएका घरधुरीको प्रतिशत ७८ छ भने ग्रामीण क्षेत्रमा यो प्रतिशत ३७ मात्र रहेको छ ।[४] यसरी प्रस्ट हुन्छकी शहरी र ग्रामीण क्षेत्रमा सरसफाइको अवस्थाको बीचमा ठूलो फरक रहेको छ । यद्यपि शहरी क्षेत्रमा फोहोर-मैला व्यवस्थापन पनि ठूलो समस्याको रुपमा रहेको छ । शहरी क्षेत्रमा चर्पी सुविधाले समेटेको क्षेत्र सन् २००० देखि ८०% मै स्थिर रहेको छ । यस विश्लेषणले के देखाउँछ भने यदि यो प्रवृत्ति कायम रहने हो भने सन् २०१७ सम्ममा सबैलाई आधारभूत स्तरको सरसफाइ सुविधा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य तय भएपनि यो प्रतिशत ८० मा नै कायम रहनेछ ।

सन् २०१० को आँकडा अनुसार सुदूर पश्चिम र मध्य पश्चिम विकास क्षेत्रहरुमा सबैभन्दा कम सरसफाइ सुविधा उपलब्धता (सरदरमा ३०%) रहेको र पश्चिमाञ्चल विकास क्षेत्रमा सबैभन्दा बढी सुविधा उपलब्धता (५३%) रहेको छ ।

खानेपानी तथा ढल निकास विभागको अभिलेख (२०१०) अनुसार पनि पहाडी क्षेत्रमा त्यहाँको कुल जनसंख्याको करिव ५२% ,तराई क्षेत्रमा कूल जनसंख्याको करिव ३५% र हिमाली क्षेत्रमा कुल जनसंख्याको करिव ४३% घरधुरीमा सरसफाइको पहुँच पुगेकोछ ।

### १.३.२ विद्यालय सरसफाइ कार्यक्रम

शिक्षा विभाग र युनिसेफका अध्ययनहरुले विद्यालय सरसफाइ सम्बन्धमा देहायका तथ्यहरु प्रकाशमा ल्याएका छन् :-

- नेपालका करिव ६२% विद्यालयहरुमा चर्पी सुविधा रहेको छ भने जसमध्ये करिव ३६% मा साझा चर्पी, करिव ३४% मा बालिकाहरुको लागि अलग्गै चर्पी तथा करिव ३०% मा शिक्षकको लागि अलग्गै चर्पी सुविधा रहेको छ ।
- विद्यार्थीहरुमध्येमा ४७% छात्र र ३१% छात्राहरुको चर्पीमा पहुँच छ ।
- विद्यालय समयमा ९३% विद्यार्थीहरुले विद्यालयको चर्पी पिसाव फेर्न मात्र प्रयोग गर्दछन् ।
- विद्यालयमा चर्पी र पिसाव फेर्ने ठाउँ (यूरिनल) नभएको कारण उमेर पुगेका छात्राहरुले विद्यालय छोड्ने गरेका छन् र यो दर महिनावारी हुँदाको बखत बढी हुन्छ ।

---

[३] सहस्राब्दि विकास लक्ष्य प्रगति प्रतिवेदन, २००५, यू.एन.डी.पी.
[४] खानेपनी तथा ढल निकासको अवस्था र कार्य प्रणालीसम्बन्धी जानकारी, जुन २०१०, विभाग

## १.३.३ शहरी क्षेत्रका मुख्य सवालहरु[५]

- शहरी क्षेत्रका १२%  घरधुरी ढल प्रणाली वा खुला ढलमा जोडिएका छन् ।
- शहरी क्षेत्रका घरधुरीबाट प्रतिदिन प्रतिव्यक्ति ०.४८ किलोग्राम फोहोरमैला उत्पन्न हुन्छ ।
- यस दरलाई आधार मानेर हेर्दा शहरी घरधुरीले प्रतिदिन १,९५८ टन वा प्रतिवर्ष सात लाख टन फोहोरमैला उत्पन्न गर्छ ।
- उत्पन्न कूल फोहोरमैला मध्ये ८३% घरायसी तह ११% कृषिजन्य र ६% उद्योगधन्दा बाट उत्पन्न हुने अनुमान गरिएको छ ।
- नेपालमा उत्पन्न हुने कूल फोहोरमध्ये २९% काठमाडौं उपत्यकामा मात्र उत्पन्न हुन्छ । उत्पन्न हुने आधाभन्दा बढी फोहोर संकलन नै हुँदैन ।
- करिव ४५% शहरी वासिन्दालाई फोहोर मैला संकलन प्रणालीको सुविधा प्राप्त हुन्छ ।  ढलबाट प्रवाहित हुने तरल फोहोर प्रशोधन नगरी सिधै नदीनालामा फालिन्छ ।

## १.३.४ अपर्याप्त सरसफाइ तथा स्वच्छताको असरः

तलको तालिका अनुसार नेपालमा अपर्याप्त सरसफाइ र स्वच्छताको कारण निम्न असर देखिएका छन् :

**तालिका नं. २ नेपालमा अपर्याप्त सरसफाइ र स्वच्छताका कारण**

| असरको विवरण | संख्या |
|---|---|
| अपर्याप्त सरसफाइ तथा स्वच्छताको कारण श्वासप्रश्वास (निमोनिया जस्ता) र झाडापखालाबाट वर्षेनी मर्ने पाँच वर्ष मुनिका बालबालिकाहरुको संख्या | १२,७०० |
| पाँच वर्षमुनिका बालबालिकाहरु मध्ये वर्षेनी झाडापखालाबाट प्रभावित हुनेहरुको प्रतिशत | १२% |
| पाँच वर्ष मुनिका बालबालिकाहरु मध्ये रगत सहितको झाडापखालाबाट दुई हप्ताको अवधिसम्म प्रभावित हुनेको प्रतिशत | २% |
| पाँच वर्ष मुनिका बालबालिकाहरुमा बर्षेनी झाडापखालाको संक्रमण | बर्षमा ४ पटक झाडापखालाबाट संक्रमण |
| अपर्याप्त सरसफाइ तथा स्वच्छताका कारण अघिललो दशकमा मर्ने बालबालिकाको संख्या | ७००,००० जना |
| कुनै पनि समयमा जुकाबाट संक्रमितहरु | ९०% |
| असुरक्षित पिउने पानी र सरसफाइको अभावको कारण रोग लाग्नेहरु | ७२% |
| खानेपानी र सरसफाइ सम्बन्धी रोगको कारणबाट विरामी हुने (रोगव्याधी) र मृत्युका कारण प्रतिवर्ष थपिएको आर्थिक भार | रु. १.५ अरव (रोगव्याधी) देखि रु. ६ अरव |
| पाँच वर्षमुनिका झाडापखालाबाट प्रभावित बालवालिकालाई हेरचाह गर्दा समयको नोक्सानी भई आय आर्जनमा हुने ह्रास | ०.०६ देखि ०.०६ अरव |

[५] फोहोर मैला तथा स्रोत विकास केन्द्र, २००४

| | |
|---|---|
| खानेपानी र सरसफाइ सम्बन्धी रोगको कारणले प्रतिवर्ष स्वास्थ्यमा हुने खर्च | रु. २.२ अरव (खानेपानी) र ३.६ अरव (सरसफाइ) |
| अपर्याप्त सरसफाइको कारण उत्पादकत्वमा तथा आर्थिक मूल्य बराबरको ह्रास | रु. १० अरव प्रतिवर्ष |

*स्रोत :* *Demographic and Health Survey Report, MoPH/New Era, 2006, Nepal State of Sanitation Report, 2000*.

## १.४ राष्ट्रिय सरसफाइ नीति र रणनीतिको परिपालना

नेपालमा सरसफाइ प्रवर्धन सम्बन्धी विद्यमान नीति र रणनीतिहरु देहाय बमोजिम रहेका छन्:

- राष्ट्रिय सरसफाइ नीति, १९९४
- खानेपानी आपूर्ति क्षेत्रगत नीति, १९९८
- ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ राष्ट्रिय नीति, रणनीति र क्षेत्रगत रणनीतिक कार्ययोजना, २००४
- नेपाल जल योजना, २००५
- भौतिक योजना तथा निर्माण मन्त्रालयको सोंच-पत्र, २००७
- शहरी खानेपानी तथा सरसफाइ नीति, २००९
- तीनवर्षे आधार पत्र, (२०१०-२०१२)

उपर्युक्त नीतिहरुको पुनरावलोकन गरेर तिनीहरुको परिपालना भए नभएको सम्बन्धमा निम्न निचोडहरु देखिएका छन् :

**परिपालना भएका मुख्य कुराहरु :**

- मन्त्रालयले खानेपानी आपूर्ति तथा सरसफाइ क्षेत्रको योजना र समन्वयको समग्र कार्यमा नेतृत्व गरिरहेको छ ।
- विभागले सरसफाइ प्रवर्धन गर्न गैर सरकारी संस्था, समुदायमा आधारित संघ संस्था, जि.वि.स., गा.वि.स., न.पा. र जिल्लास्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिहरुको क्षमता अभिवृद्धि गर्न विकन्द्रीकरणको नीति अनुसार प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ ।
- सरसफाइ कार्यक्रम कार्यान्वयन निर्देशिका बनाई लागू गरिएको छ ।
- डोलीडारले १,००० भन्दा कम उपभोक्ता रहेका ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना संचालन गरी पूर्ण सरसफाइ पद्धति अंगालेको छ ।
- विभागले डोलीडारका कर्मचारीहरुलाई पूर्ण सरसफाइ सम्बन्धि खासगरी विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ सम्बन्धमा क्षमता विकासमा योगदान गरिरहेको छ ।

**परिपालना हुन नसकेका मुख्य कुराहरु**

- नीतिगत तहमा सरसफाइ क्षेत्रमा बजेट विनियोजन गर्ने प्रतिबद्धता (खानेपानी तथा सरसफाइ क्षेत्रको कुल बजेटको २०% सम्म सरसफाइमा लगानी गर्ने) का बावजुद पनि यस क्षेत्रमा विनियोजित बजेट करिब ५% को हाराहारीमा मात्रै रहेको छ।[±]
- प्राथमिकता प्राप्त भौगोलिक क्षेत्र, मानव विकास सूचकाङ्क र विशेष समूहलाई पूर्ण रुपमा विचार नगरीकन कार्यक्रमको तर्जुमा र कार्यान्वयन हुने गरेका छन्।
- स्थानीय निकायहरुको वार्षिक कार्यक्रम तथा बजेटमा सरसफाइ सम्बन्धी कार्यक्रमहरु ठोस रुपमा प्रतिविम्बित छैनन्।
- अति गरिब परिवारहरुलाई बाहेक अन्यको हकमा घरायसी चर्पी निर्माणमा कुनै अनुदान दिनु हुँदैन भन्ने कुरा नीतिले स्पष्ट गरेको छ। तर यसको कार्यान्वयन भने अति नै कमजोर भएको छ र दातृ निकायले सघाएका अधिकांश आयोजनामा सरसफाइ प्रवर्धन सम्बन्धी बजेट व्यवस्थाहरुको परिपालना भएको छैन।
- चर्पी निर्माणका लागि प्रदान गरिने अनुदानको प्रकृति निकाय पिच्छे फरक फरक छ। सरकारले नै सहयोग गरेका चर्पी निर्माणका आयोजनामा पनि अनुदानको तरीका एक-आपसमा मिल्दोजुल्दो छैन। घरायसी प्रयोजनका लागि बनाइने चर्पीका लागि दिइने उच्च अनुदान रकमको कारण सरसफाइ प्रवर्धन सम्बन्धी कार्यमा प्रतिकूल असर परेको छ।
- प्रशोधन विना नै ढलको पानी सिधै नदीनालामा फालिने गरिएको छ।

## १.५ सरसफाइ प्रवर्धनका प्रमुख पद्धतिहरु

### १.५.१ प्रमुख पद्धतिहरुको लेखाजोखा :

नेपालमा सरसफाइ प्रवर्धन कार्यक्रमहरु सन् १९९० को दशकको अन्त्यदेखि नै शुरु भएका हुन्। शुरुका कार्यक्रमहरुमा सरसफाइलाई खानेपानी आयोजनासँग जोडेर हेर्ने गरिन्थ्यो। सन् २००० को दशकको शुरुका वर्षदेखि विभिन्न निकायहरुले विभिन्न नाममा सरसफाइ केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्न थाले। विभिन्न अनुभव ,पद्धति र तौरतरिकाहरुको सिकाइबाट क्रमशः विभिन्न समयमा ती पद्धतिहरु परिमार्जन भएका छन्। ती कार्यक्रम तथा पद्धतिहरु चर्पी प्रयोगको वृद्धि गर्नेतर्फ केन्द्रित थिए। ती पद्धतिहरुमा मुख्य रुपमा बालबालिका देखि बालबालिकासम्म, बालबालिका देखि अभिभावकसम्म, प्रौढहरुको सिकाई, विद्यालय र समुदायमा आधारित रहेका थिए। सन् २००५ देखि समुदाय, विद्यालय सेवा क्षेत्र र गा.वि.स.लाई खुला दिसा मुक्त क्षेत्र विकास गर्नका लागि समुदायको अगुवाइमा पूर्ण सरसफाइ र विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ पद्धतिहरुको माध्यमबाट नेपालमा पूर्ण सरसफाइ पद्धतिको सुरुवात गरिएको हो। यी बाहेक विभिन्न संघ संस्थाहरुले आधारभूत सरसफाइ प्याकेज, विद्यालय सरसफाइ कार्यक्रम, एकिकृत खानेपानी तथा सरसफाइ कार्यक्रम गरेका थिए। अतः सुरुवातका दिनमा रहेको जनचेतना अभिवृद्धि गर्ने परम्परागत पद्धतिबाट आनीबानीमा नै परिवर्तन ल्याउने गरी अभियानकै रुपमा सरसफाइ कार्यहरु अघि बढाउन थालिएको छ। विगतका वर्षहरुमा प्रयोगमा ल्याइएका विभिन्न पद्धतिहरुका विशेषताहरु देहायबमेजिम छन् :

---

[±] ग्रामीण पहाडी खानेपानी प्रणालीको कार्य तथा दिगोपनामा सहयोग पु-याउने आर्थिक तथा संस्थागत संरचना संबन्धी अनुसन्धान, *वाटर एड, २०१०*

## तालिका न.३ :सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्बन्धी महत्वपूर्ण पद्धतिहरु

| मुख्य विशेषता | आधारभूत सरसफाइ प्याकेज | विद्यालय सरसफाइ कार्यक्रम | विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ कार्यक्रम | समुदायको अगुवाइमा पूर्ण सरसफाइ कार्यक्रम | एकीकृत खानेपानी तथा सरसफाइ | सरसफाइ चक्र कोष |
|---|---|---|---|---|---|---|
| मुख्य रणनीति | • पाँच मुख्य सन्देश प्रवर्धन गर्नेः चर्पी प्रयोग, जीवन जल, साबुनले हात धुने, शुद्ध खानेपानी तथा खाना, सरसफाइ र फोहोर व्यवस्थापन<br>• चर्पी प्रवर्धन तथा अन्य स्वच्छता व्यवहारका लागि उपभोक्ता समिति र घुम्ती कोषको परिचालन | • विद्यालयमा वालमैत्री खानेपानी तथा सरसफाइ सुविधाहरु र विद्यार्थीहरुमा बानी व्यवहार परिवर्तन<br>• बालबालिका देखि बालबालिका सम्म, बालबालिका देखि समुदाय, बालबालिका देखि अविभावक पद्दति<br>• विद्यालयलाई सिकाइ तथा प्रदर्शनको लागि सरसफाइको नमूना ठाउँ बनाउने | • विद्यालयमा वालमैत्री र लैङ्गिक मैत्री खानेपानी तथा सरसफाइ सुविधाहरु र आसपासका क्षेत्रहरुलाई बालक्लवका माध्यमवाट खुला दिसा मुक्त बनाउने<br>• समुदायमा आम सचेतनाका लागि आम संचारका औजार, प्रविधि, तथा क्रियाकलापको प्रयोग<br>• योजना तर्जुमा तथा लागत सहभागिताका लागि गाविस, गैर सरकारी संस्था, स्थानीय क्लव, आमा समूह, वन उपभोक्ता समूहसँग साझेदारी तथा सहकार्य | • सहजकर्ता/ स्थानीय समिति मार्फत समुदायमा खुला दिसा मुक्त अवस्था घोषणा<br>• तत्कालै समुदायले कार्य गर्नका निमित्त जागृतिमूलक औजारको व्यापक प्रयोग<br>• स्थानीय स्तरमा नै उपयुक्त हुने कम लागतको चर्पी निर्माणको लागि परिचालन | • आयोजना अवधिमा खानेपानी योजना संगै चर्पीको संख्या बृद्धि<br>• उपभोक्ता समितिको गठन, परिचालन तथा क्षमता अभिवृद्धि | • समुदायलाई चर्पी निर्माण गर्न अभिप्रेरित गर्ने<br>• स्वास्थ्य, सरसफाइ प्रवर्धनका अभ्यासलाई अभिवृद्धि गर्ने<br>• गरिब र सिमान्तकृत समुदायहरु लाई सरसफाइ प्रवर्धनको अभ्यास गर्न अभिप्रेरित गर्ने<br>• आयआर्जनका क्रियाकलापहरुलाई समाहित गर्ने |
| सहयोग संयन्त्र | गाविस तहमा चक्र कोष खडा गर्ने | विद्यालय चर्पी लागतमा ५०% अनुदान | लागत सहभागिताका आधारमा विद्यालयमा चर्पी बनाउन आंशिक सहयोग, समुदायलाई पुरस्कार तथा सम्मान दिएर खुला दिसा मुक्त क्षेत्र घोषणालाई प्रोत्साहन दिने | घरायसी चर्पीको लागि अनुदान नदिने, खुला दिसा मुक्त भएपछि पुरस्कार दिने | घरायसी चर्पीको लागि अनुदान दिने | चर्पी नभएको २५ प्रतिशत घरहरुले चर्पी निर्माणको लागि अनुदान पाउने। यो रकम समुदायको खातामा अनुदानको रुपमा दिइने छ। |
| सेवा पहुँचको लक्ष्य | खानेपानी आयोजना वरिपरिको क्षेत्र | विद्यालय हाता | घरधुरी तथा संस्था लगायत विद्यालय सेवा क्षेत्र | समुदाय वा कुनै निश्चित क्षेत्र खुला दिसा मुक्त हुनु | खानेपानी आयोजना वरिपरिको क्षेत्र | खानेपानी तथा सरसफाइ आयोजनाको क्षेत्र |
| विधि तथा प्रविधि | सूचना, शिक्षा तथा संचार सामग्री र तालिम | सूचना, शिक्षा तथा संचार सामग्री र तालिम | सूचना, शिक्षा तथा संचार सामाग्रीका अतिरिक्ति सचेतना मूलक कार्यशाला र सरोकारवालाहरुलाई अभिमुखीकरण, जागृतिमूलक र स्थानीयस्तरमै नवीन खालका सामूहिक सचेतना सुरुवात गर्ने विधि | समुदायिक सचेतनाका लागि विशेष जागृतिमूलक साधनहरु | सूचना, शिक्षा तथा संचार सामग्री, SARAR विधि | स्थानीय स्तरका मूल्य मान्यता |
| सबल पक्ष/सफलता | विद्यार्थी /समुदायको निमित्त ज्ञान, प्रवृत्ति र अभ्यासको प्रवर्धन | विद्यालय सरसफाइ तथा वातावरणमा सुधार | • विद्यायल आसपासका क्षेत्रहरुलाई वालक्लवका माध्यमवाट खुला दिसा मुक्त बनाउने<br>• विद्यालय, गा.वि.स. र स्थानीय स्तरका संस्थाहरुको सुदृढ संस्थागत सहयोग<br>• स्थानीय स्तरका संस्थाहरुको स्रोत संग्रह र लागत-सहभागिता | समुदायलाई खुला दिसा मुक्त बनागने | चर्पीको सुविधा पहुँच बढाउने | गरिबहरुलाई चर्पीमा पहुँच पुऱ्याउन मौका दिइ प्रोत्साहित गर्ने। |
| सीमा / चुनौती | आधारभूत सरसफाइ प्रवर्धन मात्र सीमित हुनु र सबैका लागि सरसफाइ नहुनु | समुदायले सरसफाइ प्रवर्धनकालागि ध्यान दिन नसक्नु, वाल मैत्री, लैङ्गिक र अपाङ्ग व्यक्ति मैत्री संबन्धी अवधारणाले साकार रुप लिन नसक्नु | वाल मैत्री, लैङ्गिक र अपाङ्ग व्यक्तिहरु मैत्री सुविधाहरुका अतिरिक्त पानी, चर्पी, हात धुने सुविधाहरुका लागि अतिरिक्त रकमको आवश्यकता | खुला दिसा मुक्त भइसकेपछिका कार्यक्रमहरु कमजोर देखिएका छन् किनकी स्थानीय स्तरमा स्थायी संस्थागत व्यवस्था तल्लो तहमा दीगो नहुनु र आर्थिक सहयोगमा लचकता नहुनु | चर्पीमात्र प्रवर्धन गरिए, सवैलाई यसको सुविधा उपलब्ध गराउने कुरा कमजोर रुपमा कार्यान्वयन भएको छ, सरसफाइलाई खानेपानीले नै ओझेलमा पारेको छ। | खुला दिसा मुक्त क्षेत्रको स्थिति हासिल गर्न लामो समय लाग्ने गर्दछ किनकि चर्पी निर्माणको लागि सहयोग पाउन पालो पर्खनु पर्ने। |

### १.५.२ अन्य पद्धतिहरु

राष्ट्रिय तथा स्थानीय तहमा प्रयोगमा ल्याइएका सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्बन्धी अन्य रचनात्मक पद्धति र पैरवी अभियानहरु देहायवमोजिम छन्:

(१) राष्ट्रिय सरसफाइ सप्ताह (२) विश्व हात धुने दिवस (३) विश्व खानेपानी दिवस (४) विश्व वातावरण दिवस (५) समुदायको अगुवाईमा सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्बन्धी आनी बानीमा पूर्ण परिवर्तन (६) विश्व चर्पी दिवस (७) नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता अभियान (८) खानेपानी र सरसफाइको अभावले उत्पन्न हुनसक्ने विपिन्नता विरुद्धको विश्वव्यापी अभियान (९) मानव मूल्यमा आधारित खानेपानी, सरसफाइ र स्वच्छता शिक्षा (१०) धादिङ्ग जिल्लामा सञ्चालित सबैका लागि खानेपानी र सरसफाइ छिटो र सबैका लागि विधि र (११) सरसफाइमा पर्यावरणीय पद्धति (इकोसान)।

## १.६ मुख्य बाधा, चुनौती र सिकाईहरु

### १.६.१ बाधा तथा चुनौतीहरु

नेपालमा सरसफाइ तथा स्वच्छता प्रवर्धनको क्षेत्रमा मन्द गतिमा प्रगति हुनाका कारण तथा मुख्य-मुख्य बाधा तथा चुनौतीहरुलाई संक्षेपमा यसरी उल्लेख गर्न सकिन्छ :

- सरसफाइ क्षेत्रलाई विगतमा पर्याप्त प्राथमिकता नदिइएको ।
- सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि आवश्यकता अनुसार अपर्याप्त लगानी हुनु ।
- टुक्रे योजना र कार्यक्रमहरु रहनु- सरोकारवालाहरुमा चर्पीले समेटेको क्षेत्र सम्बन्धी लक्ष्य गा.वि.स./न.पा. वा जिल्ला तह के हुने भन्ने सम्बन्धमा एकिकृत लक्ष्यको अभाव रहनु ।
- राष्ट्रिय लक्ष्यलाई स्थानीय तहको योजना र लक्ष्यमा विभाजन नगरिनु ।
- सरसफाइ तथा स्वच्छता प्रवर्धनका क्षेत्रमा गरिने लगानीका पद्धतिमा एकरुपताको अभाव ।
- गरिब, पिछडिएका र उच्च जोखिमयुक्त वर्ग सरसफाइको मूल प्रवाहबाट बाहिर भएको कारण समता, समानता, स्वामित्व र सहभागितामा कठिनाइ भएको ।
- स्थानीय सरकारी निकायहरुलाई मूल प्रवाहमा नल्याइएका कारण तिनीहरु सरसफाइ तथा स्वच्छता प्रवर्धनका कार्यक्रमहरुमा कमैमात्र संलग्न रहनु ।
- स्थानीय तहका राजनीतिक निकायहरुमा प्रतिवद्धताको कमी रहनु ।
- सरसफाइ तथा स्वच्छताको प्रवर्धनमा क्षेत्रीय तथा जिल्लास्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिहरु कमै मात्र क्रियाशील रहनु ।
- शहरी सरसफाइ (ठोस तथा तरल फोहोरमैला व्यवस्थापन) महंगो हुनु र यसमा उच्चस्तरको प्रविधिको आवश्यकता रहनु ।
- चार-आर (रियुज, रिफ्युज, रिड्युस र रिसाइकल) को सिद्धान्तका बारेमा शहरी जनतामा चेतनाको कमी र सरकारी तथा अन्य सारोकारवालाले पनि यस सम्बन्धमा प्रतिबद्धता व्यक्त गर्न नसक्नु ।

### १.६.२ सिकाइहरु

नेपालमा विगत दुई दशकदेखि सरसफाइ प्रवर्धनको निमित्त सक्रिय रहँदै आएका विभिन्न सरोकारवालाहरुबाट कार्यक्रम कार्यान्वयन तहदेखि नीतिगत तहसम्म धेरै पाठ सिकिएको छ । देशको ग्रामीण तथा शहरी क्षेत्रमा सरसफाइ तथा स्वच्छता प्रवर्धनका निमित्त विगतका वर्षहरुमा सिकिएका प्रमुख पाठहरु निम्न बमोजिम रहेका छन् :

**नीतिगत तहमा**

- सबै तहमा राजनीतिक प्रतिवद्धता अनिवार्य चाहिन्छ ।
- सरसफाइको विकासको गति बढाउनका लागि स्थानीय निकायहरुलाई मूल प्रवाहमा ल्याउन अनिवार्य छ ।
- सरसफाइ तथा स्वच्छता प्रवर्धनमा अति गरिब तथा पिछडिएका वर्गको पहुँच बढाउनको लागि विशेष रुपमा पहल गर्नु जरुरी छ । खासगरी सामाजिक रुपमा पिछडिएका समुदायलाई सरसफाइ सुविधाहरुमा पहुँच सुनिश्चित गर्न आर्थिक सहयोग अति नै महत्वपूर्ण देखिन्छ ।
- खानेपानी तथा सरसफाइ आयोजनाहरुमा आयोजना अवधिभित्र सबैको चर्पी सुविधामा पहुँच हुनुपर्दछ ।
- कार्यक्रम पद्धति तथा वित्तिय प्रणालीको सम्बन्धमा आधारभूत नर्म्स र स्तर निर्धारण गरी एकरुपता कायम गर्नु अपरिहार्य छ ।
- कार्यक्रम पद्धति, ढाँचा तथा क्रियाकलापहरुको एकरुपता र स्तरकायम गर्न संस्थागत प्रकृयाको अवलम्बन गर्नाले सफलता हासिल गर्न सकिन्छ ।
- सामाजिक मार्केटिङको माध्यमबाट सरसफाइ प्रवर्धनमा लगानी गर्न निजी क्षेत्रहरुलाई मूल प्रवाहमा ल्याउनको लागि अनुकूल वातावरण निर्माण गर्नु अत्यावश्क छ ।

**कार्यान्वयन तहमाः**

- सरसफाइ तथा स्वच्छता प्रवर्धनको लागि गा.वि.स. र न.पा.स्तरीय संयुक्त कार्य योजना निर्माण गरी सामूहिक प्रयास मार्फत दीगोरुपमा सरसफाइ तथा स्वच्छताको अवस्था प्राप्तिको लागि कार्यक्रम कार्यान्वयन गर्ने ।
- सुदृढ समन्वय तथा विस्तृत सामाजिक परिचालनको लागि राजनैतिक दलहरु एवं तिनका भातृ संगठनहरुका अतिरिक्त सरकारका तथा प्रशासनिक ईकाइहरु परिचालन गर्नु अपरिहार्य छ ।
- सहकार्यमा थप बल प्रदान गर्न उच्चतम रुपमा श्रोत साधन परिचालन र सदुपयोगको लागि स्थानीय तहमा सरसफाइ क्षेत्रमा कार्यरत र अन्य सरोकारवालाहरुको सहकार्य अपरिहार्य हुन्छ ।
- खुला दिसा मुक्त क्षेत्र विकास गर्ने अभियानमा घर तथा सामुदायिक संस्थाहरु जस्तै स्कूल, स्वास्थ्य संस्था, सार्वजनिक कार्यालय, सामुदायिक कार्यालयहरुलाई समेत समाहित गर्नु अनिवार्य छ ।
- व्यापक सामाजिक परिचालनको लागि बालक्लब, विद्यालय, गैरसरकारी संस्था, सामुदायिक संस्थाहरुको परिचालन अत्यावश्यक छ ।
- विद्यालय तथा समुदायहरुमा सरसफाइ तथा स्वच्छता प्रवर्धनको लागि बालबालिकाहरु परिवर्तनका संवाहक हुन् ।

- गा.वि.स. तथा नगरपालिका स्तरको खुला दिसा मुक्त क्षेत्र घोषणा गर्न र दीगो रुपमा सो अवस्था पश्चातको अवस्था कायम गर्न स्थानीय सामाजिक कार्यकर्ता/अगुवाहरुको परिचालन तथा गा.वि.स. तथा न.पा. स्तरमा उत्प्रेरणा जागृत गर्ने क्रियाकलापहरुले अहम् महत्व राख्दछन्।
- स्थानीय तहमा स्रोत संकलन गर्न वन उपभोक्ता समूह, आमा समूह, सहकारी र महिला वचत समूहलाई परिचालन गर्नु महत्वपूर्ण हुन्छ।
- संरचनाको टिकाउ र दीगोपनको दृष्टिले कम्तिमा स्ल्यावको सतहसम्म/प्यान सीटको सतह सम्म स्थायी संरचना निर्माण गर्नु अत्यावश्यक छ।
- उपयुक्त प्रविधिको अभाव, पूँजीको कमी, कमजोर व्यवस्थापन, निजी क्षेत्रको अपर्याप्त सहभागिता र नियम कानुनको कार्यान्वयनको कमीले शहरी क्षेत्रमा सरसफाइ जटिल बनेको छ। सुदृढ र दीगो शहरी वातावरणको लागि विकेन्द्रित पद्धति अपरिहार्य हुन्छ।
- संचार माध्यम, नागरिक समाज, व्यवसायिक समुदाय, स्थानीय समूह र खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल बाट पैरवी हुनु आवश्यक हुन्छ।
- जिल्ला, विद्यालय र समुदाय तहमा व्यापक क्षमता अभिवृद्धि, आम सचेतना र जागृतिमूलक क्रियाकलापहरु आवश्यक पर्दछन्।
- विशेष अवस्था र आवश्यकतालाई संवोधन गर्न सरसफाइ क्षेत्रमा नयाँपन, सिर्जनशीलता, र लचकताको आवश्यकता रहन्छ

# भाग २ : गुरु योजना

## २.१ परिचय

### २.१.१ औचित्य

- सरकार, दातृ निकाय र अन्य सरोकारवालाहरुको निरन्तर प्रयासका बावजुद पनि सरसफाइ तथा स्वच्छता सुविधा विस्तारको गति ढिलो देखिन्छ । त्यसैले तोकिएको राष्ट्रिय लक्ष्य पूरा गर्न सकिएको छैन । त्रिवर्षीय अन्तरिम योजना (२००७-२०१०) ले सन् २०१० सम्ममा कूल जनसंख्याको ७०% लाई सरसफाइ सुविधा उपलब्ध गराउने भन्ने लक्ष्य लिएता पनि सन् २००९ सम्ममा केवल ४३% जनसंख्यालाई मात्र यो सेवा उपलब्ध भएको छ । अतः नयाँ पहलको शुरुवात हुन नसके र हालकै गतिमा सरसफाइको प्रगति भएमा सन् २०१७ सम्ममा सत प्रतिशत  जनता (सबैलाई) लाई चर्पीको सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य जम्मा ८०% मा मात्र सीमित रहने देखिएको छ ।
- खानेपानी र सरसफाइ सेवाको पहुँचमा रहेको विद्यमान अन्तरलाई घटाई खानेपानी र सरसफाइ क्षेत्रको कार्यक्रमका माध्यमबाट स्वास्थ्य स्थिति सुधार गर्ने ।
- नेपालमा हाल सरसफाइको क्षेत्रमा भएको प्रगतिको दरलाई हेर्दा नेपालले सहस्राब्दी विकास लक्ष्यलाई पूरा गर्ने देखिन्छ । सरसफाइ सम्बन्धी राष्ट्रिय लक्ष्य प्राप्त गर्न भने व्यवहारिक दूरदृष्टि, रणनीतिक कार्य, सुदृढ संस्थागत व्यवस्था, पर्याप्त स्रोत साधन र साझेदारहरुको समन्वयात्मक कार्य प्रणालीको आवश्यकता पर्दछ ।
- सरसफाइ सम्बन्धी दक्षिण एशियाली सम्मेलनहरु मार्फत नेपालले सरसफाइ गुरुयोजना तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो । यस प्रतिबद्धतालाई अन्तर्राष्ट्रिय सरसफाइ वर्ष २००८ मा पनि दोहोऱ्याइएको थियो ।
- मौजुदा चुनौती र बाधाहरुलाई विचार गर्दै विभिन्न तहमा सबै सरोकारवालाहरुले गरेका प्रयासहरुलाई मूलप्रवाहीकरण गर्दै सरसफाइ प्रवर्धनको हालको गतिलाई तिव्रता दिन र  तोकिएको समय सीमाभित्रै सरसफाइ सम्बन्धी राष्ट्रिय र सहस्राब्दी लक्ष्यहरु हासिल गर्न गुरुयोजनाको आवश्यकता रहेको छ ।

## २.१.२ गुरु योजनाको दायरा

गुरु योजनाका दायराहरु देहाय बमोजिम रहेका छन् :

- यो गुरुयोजना शहरी तथा ग्रामीण दुवै क्षेत्रमा पूर्ण सरसफाइका माध्यमबाट सबैलाई चर्पी सुविधाको पहुँच हुने गरी खुला दिसा मुक्त क्षेत्र कायम गर्न केन्द्रित छ । यस गुरु योजनाले यूनिसेफ र विश्व स्वास्थ्य संगठनको संयुक्त कार्यक्रम अनुगमनले परिभाषित गरे अनुरुप सुधारिएको चर्पी सुविधालाई मान्यता दिएको छ । यसले घरायसी तहमा सरसफाइ सम्बन्धी आनीबानी सुधारमा प्रोत्साहन गरेको छ भने संस्थागत तहमा सरसफाइमा जोड दिएकोछ । सरसफाइको अन्तिम उपलब्धि भनेको सरसफाइ तथा स्वच्छता सम्बन्धी पूर्ण रुपले बानी व्यवहारमा दीगो विकास/परिवर्तन ल्याउनु हो ।
- चर्पी सुविधा र घरायसी तहमा फोहोर व्यवस्थापनलाई शहरी तथा नगरोन्मुख क्षेत्रको सरसफाइ तथा स्वच्छता प्रवर्धनको मुख्य विषयको रुपमा लिइएको छ ।
- केन्द्र सरकार, दातृ निकाय, गैर सरकारी संस्था र स्थानीय निकायहरुले रणनीति, रणनीतिक कार्ययोजना र कार्यक्रम निर्माण गर्नका लागि गुरुयोजना लक्षित छ । गुरु योजनाले मुख्य रुपमा विकेन्द्रीकरणको भावना अनुरुप स्थानीय निकायको नेतृत्वमा सरसफाइ सम्बन्धी संयुक्त योजना/कार्य योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कुरामा जोड दिईएकोछ ।

## २.१.३ गुरुयोजना विकास प्रक्रिया

अन्तर्राष्ट्रिय सरसफाइ वर्ष २००८ देखि गुरुयोजना बनाउने प्रक्रिया शुरु भएको हो । यस प्रक्रियालाई अघि बढाउन राष्ट्रिय सरसफाइ कार्य संचालन समितिले विज्ञहरुको एउटा समूह परिचालन गर्नुका साथै विभागबाट एक जना सम्पर्क अधिकृत खटायो । सरसफाइ सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति, गुरुयोजनाहरु र अन्य महत्वपूर्ण अभिलेखहरुको विस्तृत पुनरावलोकन समेत गरियो ।

गुरुयोजना तयारीका चरणमा राष्ट्रिय सरसफाइ कार्य संचालन समितिका सदस्य संस्थाहरु – भौतिक योजना तथा निर्माण मन्त्रालय, स्थानीय विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग, स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग, स्वास्थ्य सेवा विभाग, ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति, यूनिसेफ, विश्व स्वास्थ्य संगठन, यूएन ह्याविट्याट, वाटरएड नेपाल, नेवा, नेपाल रेडक्रस सोसाइटी सँग केन्द्रमा परामर्श गरियो ।

यसै क्रममा विभिन्न जिल्लाको भ्रमण गरी जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समिति, जिल्ला तहका सम्बन्धित सरकारी निकायहरु, गैर सरकारी संस्था, छानिएका गा.वि.स.हरु, समुदायहरु, बालक्लब, विद्यालय व्यवस्थापन समिति, अभिभावक-शिक्षक संघ, आमा समूह, वन उपभोक्ता समूह, खानेपानी उपभोक्ता तथा सरसफाइ समिति आदिसँग पनि अन्तरक्रिया गरियो । सन् २००९ को अन्त्यतिर धुलिखेल र बुढानीलकण्ठमा सरोकारवालाहरुको कार्यशाला आयोजना गरियो । जसमा राष्ट्रिय सरसफाइ कार्य संचालन समितिका सदस्यहरु समेत सहभागी थिए ।[६]

गुरुयोजनाको मस्यौदा सम्बन्धमा धेरै पटकसम्म सरसफाइ कार्यदलसँग[७] परामर्श गरियो र राष्ट्रिय सरसफाइ कार्य संचालन समितिका सदस्यहरु यो प्रक्रियामा पूर्णरुपमा सहभागी थिए । राष्ट्रिय

---

[६] विभाग, स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग, स्वास्थ्य सेवा विभाग, ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति, यूनिसेफ, विश्व स्वास्थ्य संगठन, यूएन ह्याविट्याट, वाटर एड नेपाल, नेवा, नेपाल रेडक्रस सोसाईटी, प्लान नेपाल, इन्फो र कोडेफ थिए ।

[७] कार्यदलका सदस्यहरुः विभाग, यूनिसेफ, विश्व स्वास्थ्य संगठन, यूएन ह्याविट्याट, वाटर एड नेपाल, नेपाल रेडक्रस सोसाइटी, नेवा र ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिका प्रतिनिधिहरु रहेका थिए ।

सरसफाइ कार्य संचालन समितिले गुरुयोजनाको अन्तिम प्रतिलाई पुनरावलोकन गर्न अझ ठूलो कार्यदल बनायो । यस कार्यदलमा भौतिक योजना तथा निर्माण मन्त्रालय, स्थानीय विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा मन्त्रालय, यूनिसेफ र वाटर एडका प्रतिनिधिहरु रहेका थिए । विभिन्न चरणहरुमा प्राप्त भएका सबै सरोकारवालाहरुको टिप्पणी, प्रतिक्रिया र सुझावहरुलाई गुरुयोजनामा समावेश गरिएको छ ।

## २.२ गुरुयोजनाको लक्ष्य, उद्देश्य र अनुमान

### २.२.१ लक्ष्य

सन् २०१७ सम्ममा आधारभूत स्तरसम्मको सरसफाइमा सवै घरधुरीको पहुँच पुराई सरसफाइ, स्वच्छता, स्वास्थ्य र वातावरणमा सुधार ल्याउनु यस गुरुयोजनाको लक्ष्य रहेको छ । उक्त लक्ष्यलाई हासिल गर्न निम्नलिखित लक्ष्य प्राप्तिका तहहरु तर्जुमा गरिएका छन् :

तह १ : सन् २०१२/१३ सम्ममा कूल घरधुरीको ६०% लाई चर्पीको पहुँच पुऱ्याउने

तह २ : सन् २०१४/१५ सम्ममा कूल घरधुरीको ८०% लाई चर्पीको पहुँच पुऱ्याउने

तह ३ : सन् २०१६/१७ सम्ममा १००% (सबैलाई)लाई चर्पीको पहुँच पुऱ्याउने

यसका अतिरिक्त शहरी तथा ग्रामीण क्षेत्रमा उचित तवरले चर्पीको प्रयोग गर्ने र फोहोरमैला व्यवस्थापन लगायतका दीगो रुपमा सरसफाइ तथा स्वच्छताको व्यवहारमा परिवर्तन ल्याउन गुरुयोजनाले उचित ध्यान दिएको छ ।

### २.२.२ उद्देश्यहरु

सरकार, स्थानीय निकाय, राष्ट्रसंघीय निकाय, द्विपक्षीय निकाय, अन्तराष्ट्रिय/गैर सरकारी संस्था, विद्यालय, निजी संस्था, संचार माध्यम, नागरिक समाज संगठन, स्थानीय क्लबहरु तथा समुदायमा आधारित संस्थाहरुसँगको संयुक्त प्रयासबाट सरसफाइ सम्बन्धी राष्ट्रिय लक्ष्य प्राप्त गर्न उपयुक्त वातावरण निर्माण गर्नु गुरुयोजनाको मुख्य उद्देश्य हो । गम्भिर खालका स्वास्थ्य समस्याहरु जस्तै निमोनिया, झाडापखाला सम्बन्धी रोगहरु र अन्य सरुवा रोगहरु घटाउन संबद्ध सबै सरोकारवालाहरुलाई रणनीतिक मार्गदर्शन प्रदान गर्नु यसको प्राथमिक उद्देश्य रहेको छ ।

**गुरुयोजनाका खास उद्देश्यहरु निम्न बमोजिम छन् :**

- संयुक्त योजना/कार्ययोजना तथा कार्यान्वयन प्रक्रियाका माध्यमबाट सरोकारवालाहरुका प्रयत्नहरुमा सामञ्जस्यता ल्याउन उपयुक्त वातावरण निर्माण गर्ने ।
- कार्यपद्धति र स्वरुपमा एकरुपता र गुणस्तरीयता कायम गर्नका निमित्त आवश्यक संयन्त्र विकास गर्ने ।
- सबै तहमा विद्यमान संस्थागत संरचनालाई सशक्तिकरण गरी सुदृढ तुल्याउन संस्थागत व्यवस्था मिलाउने र आवश्यकता अनुसार नयाँ रणनीतिक संस्थाहरु स्थापना गर्ने ।
- चर्पीको पहुँच विस्तारका लागि राष्ट्रिय तथा जिल्लास्तरमा कभरेजको तह तोक्ने ।

- कार्यक्रम कार्यान्वयन प्रक्रियामा आर्थिक श्रोत संकलन र लागत-सहभागिताको प्रक्रियालाई सुदृढ बनाउने ।
- सहभागितामूलक योजना प्रक्रियाका माध्यमबाट समता, समावेशीकरण र दीगोपना सुनिश्चित गर्न सहयोग पुऱ्याउने ।
- गरिब, सामाजिकरुपमा पिछडिएका र अन्य सामाजिक रुपमा वञ्चित समुहरुको चर्पी र अन्य स्वस्थकर बानी व्यवहारको लागि आवश्यक सुविधाहरुमा पहुँच सुनिश्चित गर्ने ।
- गुरुयोजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न आवश्यक उपायहरु सिफारिस गर्ने ।
- आधारभूतस्तरको सरसफाइ तथा स्वच्छता प्रवर्धन सुविधामा जनताको पहुँच बढाउन सरसफाइ तथा स्वच्छता प्रवर्धनका उपयुक्त कार्यक्रमहरु संचालन गर्नेतर्फ अनुकुल वातावरण सिर्जना गर्ने ।

### २.२.३ अनुमानहरु

विद्यमान अवस्थाको विश्लेषण, सरसफाइ तथा स्वच्छता सम्बन्धी विभिन्न कार्यक्रमहरुको उपलब्धी तथा सिकिएको पाठका आधारमा गुरुयोजना तयार पार्दा निम्नलिखित अनुमानहरुलाई आधारका रुपमा लिइएको छ :

- सरसफाइ गुरुयोजनाको द्रूत कार्यान्वयनको स्पष्ट सम्भावना रहेको छ ।
- दीगो सरसफाइ र स्वच्छता प्रवर्धनको लागि शिक्षा एक अत्यावश्यक पूर्व शर्त हो ।
- सामूहिक तथा सामुदायिक कार्यको लागि समुदायमा व्यापक जनचेतना र सचेतना अति महत्वपूर्ण छ ।
- सरसफाइलाई सार्वजनिक सरोकारको हितको रुपमा लिइनु पर्दछ र यसमा गरिबको पहुँचका लागि विशेष रुपमा विचार गरिनुपर्दछ ।
- स्वच्छ र टिकाउ चर्पीको प्रवर्धनलाई राष्ट्रिय विकासमा गरिएको लगानीका रुपमा मान्यता दिइनु पर्दछ ।
- सरसफाइ प्रवर्धन गर्न स्थानीय स्रोत साधन अति महत्वपूर्ण हुन्छन् ।
- शहरी सरसफाइ मुख्य रुपमा लगानी र प्रविधिका दृष्टिले चुनौतीको रुपमा रहेको छ ।
- सरसफाइ प्रवर्धनमा राजनीतिक नेताहरुको प्रतिबद्धता र स्थानीय निकायहरुको परिचालन बढाउन आवश्यक हुन्छ ।
- कार्यक्रम कार्यान्वयनका तहमा विशेष गरी स्थानीय निकायहरुबाट प्रभावकारी अनुगमन र सहजीकरण अनिवार्य छ ।
- संयुक्त योजना/कार्ययोजनाले सरोकारवालाका प्रयासहरुमा थप बल पुऱ्याउँदछ, स्रोत संग्रह र लागत-सहभागिताका माध्यमबाट स्रोतको कमीलाई पूरा गर्दछ ।
- केन्द्रीय, क्षेत्रीय, जिल्ला, गा.वि.स., नगरपालिका तहमा समन्वयात्मक संयन्त्रको सक्रिय भूमिकालाई सरोकारवालाहरुको संयुक्त प्रयासको आधारको रुपमा लिइएको छ ।

## २.३ मार्गदर्शक सिद्धान्तहरु

गुरुयोजनाको आधारभूत लक्ष्य भनेको साझा राष्ट्रिय लक्ष्य प्राप्तिको लागि सरोकारवालाहरुले गर्दै आएका, छरिएका र अव्यवस्थित प्रयासहरुलाई मिलाएर एकिकृत गर्नु हो । अतः सम्बन्धित सबै सरकारी निकायहरु, स्थानीय निकायहरु, दातृ निकायहरु, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्थाहरु र अन्य खानेपानी र सरसफाइसँग सम्बन्धित सरोकावालाहरुले खानेपानी आयोजना र अन्य कार्यक्रम प्याकेजका

तरिका र पद्धतिहरु मार्फत सरसफाइ सम्बन्धी कार्यक्रमको योजना तर्जुमा गर्दा देहायका मागदर्शक सिद्वान्तहरुलाई अनिवार्य अनुशरण गर्नु गराउनु पर्दछ :

### २.३.१ खुला दिसा मुक्त अवस्था – एक न्यूनतम आवश्यकता

कुनै पनि तोकिएको क्षेत्रमा सरसफाइ प्रवर्धन गर्नका लागि पूर्ण सरसफाइ पद्धति आधारभूत मापदण्डका रुपमा लागू हुनेछ जसमा हरेक घरधुरी र संस्थामा अनिवार्य रुपमा सुधारिएको र दीगो चर्पीको पहुँच हुनुपर्दछ । पूर्ण सरसफाइको निमित्त खुला दिसा मुक्त अवस्था आधारभूत र पहिलो शर्त हुनुपर्दछ । सम्बद्ध सबै सरोकारवालाहरुले आयोजना/कार्यक्रममा समुदायभित्रका घरधुरी र संस्थाहरुको लागि फोहोर व्यवस्थापन सहितको सरसफाइयुक्त अवस्था कायम गरी त्यसलाई दीगो बनाउन खुला दिसा मुक्त अवस्था पछिका क्रियाकलापहरुको निम्ति योजना, कार्यक्रम र बजेटको स्पष्ट व्यवस्था गर्नुपर्दछ ।

### २.३.२ खानेपानी तथा सरसफाइ आयोजनाहरुमा सत प्रतिशत सरसफाइ सुविधा

सबै नयाँ, पुनर्स्थापित वा पुनसंरचीत गरिएका खानेपानी तथा सरसफाइसम्बन्धी आयोजनामा आयोजना अवधि भित्रै सो आयोजना क्षेत्र भित्रका सबै घरधुरीको सरसफाइमा पहुँच हुनुपर्दछ । ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ राष्ट्रिय नीति २००४ मा उल्लेख भएझैं सबै संबद्ध सरोकारवालाहरुले खानेपानी तथा सरसफाइ आयोजनाको बजेटको २०% रकम खानेपानी आयोजना क्षेत्रमा सरसफाइ प्रवर्धनका लागि परिचालन गर्नु पर्दछ ।

### २.३.३ घरायसी चर्पीको निमित्त प्रविधिको छनौट

समुदायलाई कम लागतका, स्वस्थ, उपयोग गर्न सजिलो र दीगो प्रकृतिका विभिन्न प्रकारका चर्पीको छनौट गर्न सुसूचित गरिनेछ । ती चर्पी यूनिसेफ र विश्व स्वास्थ्य संगठनको संयुक्त अनुगमन कार्यक्रमले परिभाषा गरे अनुसारका हुनेछन् । तर यो गुरुयोजनाले स्थानीय रुपमा उपयुक्त हुने र संरचनाको टिकाउपन र दीगोपनको लागि कम्तिमा पनि प्यानसीट सम्म स्थायी संरचना भएका चर्पीको निर्माण गर्ने सुझाव दिएको छ । आर्थिक र वातावरणीय पक्षलाई ध्यान दिदै सरसफाइ सम्बन्धी प्रविधि तथा चर्पीका विभिन्न प्राविधिक विकल्पहरु सम्बन्धमा निरन्तर अनुसन्धान, विकास र प्रचार प्रसार गरिने छ ।

### २.३.४ स्थानीय निकायको नेतृत्व

जि.वि.स., न.पा. र गा.वि.स. तहका संयुक्त योजना/कार्ययोजना मार्फत सरोकारवालाहरुको प्रयत्नलाई मिलाइनेछ । सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरी योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, निरन्तरता दिने, अनुगमन र मूल्याङ्कन गर्ने कार्यका निमित्त स्थानीय निकायहरु जिम्मेवार हुनेछन् । राष्ट्रिय सरसफाइ निर्देशन समिति, राष्ट्रिय सरसफाइ समन्वय समिति, क्षेत्रीय खानेपानी तथा सरसफाइ समन्वय समितिले संयुक्त कार्य योजना बनाउन जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिलाई सघाउने छन् । खुला दिसा मुक्त क्षेत्र विकास सम्बन्धी क्रियाकलापहरुको दायरा बढाउनका लागि संयुक्त कार्ययोजनालाई स्रोत व्यवस्थापन र लागत-सहभागिताको माध्यमबाट प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

खानेपानी र सरसफाइ जस्ता सेवा स्थानीय निकायबाट नै प्रदान गरिनुपर्ने भएकोले यी क्षेत्रहरु अधिकार निक्षेपणका माध्यमबाट स्थानीय निकायहरुलाई नै सुम्पिइदै छ । जुन कुरा ग्रामीण खानेपानी आपूर्ति

तथा सरसफाइ राष्ट्रिय नीति र राष्ट्रिय रणनीति कार्ययोजना २०६१ मा पनि उल्लेख छ। संयुक्त कार्य योजनाको ढाँचा अनुसूची ३ मा उल्लेख छ।

### २.३.५ गा.वि.स.वा न.पा. कार्यक्रम कार्यान्वयनको न्यूनतम इकाई

कुनै पनि सरसफाइ तथा स्वच्छता प्रवर्धन कार्यक्रमको सबभन्दा सानो आधारभूत इकाई गा.वि.स. वा न.पा. हुनेछन् । तथापी खुला दिसा मुक्त अवस्था हासिल गर्ने कार्य भने पूर्ण सरसफाइ पद्धतिका माध्यमबाट विस्तारै वस्ती, वडा र विद्यालय सेवा क्षेत्रबाट शुरु गरी गा.वि.स.,न.पा. र जिल्लासम्म विस्तार गर्न सकिनेछ।

### २.३.६ स्थानीय रुपमा व्यवस्थापन गरिने आर्थिक सहयोग संयन्त्र

सरसफाइ तथा स्वच्छता प्रवर्धन गर्न र खुला दिसा मुक्त अभियानलाई बढावा दिन एक सामुदायिक कोष स्थापना गर्न सकिनेछ। यस्तो कोष आवश्यकता अनुसार पुरस्कार-कदर/ चक्रकोष/सहयोगको रुपमा परिचालन गर्न सकिनेछ। कुनै पनि समुदायले स्थानीय रुपमै कोष परिचालन गर्ने निर्णय गर्न र सरकार वा बाह्य निकायबाट प्राप्त हुने सहयोगका अतिरिक्त स्थानीय रुपमै स्रोत संकलन गर्न सक्छ। जो कोष गरिब, सामाजिक रुपमा पिछडिएका र सीमान्तकृत समूहको चर्पीमा पहुँच बढाउन र कुनै खास ठाउँमा खुला दिसा मुक्त अवस्था हासिल गर्ने कुरा सुनिश्चित गर्ने तर्फ परिचालन गर्न सकिने छ। राष्ट्रिय सरसफाइ निर्देशन समितिले राष्ट्रिय सरसफाइ समन्वय समितिसँग समन्वय गरी सरसफाइलाई मागमा आधारित र दीगो बनाउन आर्थिक सहयोगको ढाँचा तर्जुमाका सम्बन्धमा निर्णय गर्नेछ। क्षेत्रीय तथा जिल्ला तहका खानेपानी तथा सरसफाइ समन्वय समितिको सिफारिसलाई ध्यानमा राखी समुदायको आवश्यकता अनुरुप उक्त निर्देशन समितिद्वारा समय समयमा समुदायलाई प्रदान गरिने कोषको परीणामका संवन्धमा पुनरावलोकन गरिनेछ।

### २.३.७ संस्थाहरुमा सरसफाइ सुविधा

तोकिएको समुदाय भित्रका सबै संस्थाहरु जस्तैः विद्यालय, स्वास्थ्य संस्था, गा.वि.स., न.पा. भवन, सामुदायिक भवन र अन्य सार्वजनिक कार्यालय/स्थानमा स्वस्थकर चर्पीको व्यवस्था हुनुपर्दछ। यी चर्पी सम्भव भएसम्म प्रयोगकर्ता-मैत्री तथा स्थानीय सन्दर्भ सुहाउँदो हुनुपर्दछ। विद्यालयका चर्पी बाल, लैङ्गिक र अपाङ्ग मैत्री व्यक्ति हुने र त्यहाँ पानी, साबुन सहित हात धुने ठाउँ र महिनावारीको समयमा प्रयोग गरिने स्वच्छता सम्बन्धी सुविधाहरु उपलब्ध भएको हुनुपर्दछ।

### २.३.८ नयाँ बन्ने भवनमा शौचालयको अनिवार्य व्यवस्था र नियमित मर्मत सम्भार

शहरी, नगरोन्मुख, जिल्ला सदरमुकामका क्षेत्रहरुमा बनाइने नयाँ घरहरुमा अनिवार्य चर्पी निर्माण गर्नु पर्दछ। बस बिसौनी, स्थानीय हाट बजार, हाउजिङ्ग क्षेत्र जस्ता सार्वजनिक ठाउँहरुमा समेत चर्पी निर्माणको प्रवर्धन गरिनु पर्दछ। विभिन्न संस्थाहरु जस्तै विद्यालय, स्वास्थ्य संस्था, गा.वि.स., न.पा. भवन, सामुदायिक भवन र अन्य सार्वजनिक कार्यालयमा चर्पी निर्माण गर्दा स्थानीय आवश्यकता, सान्दर्भिकता तथा क्षमता अनुसार चर्पी निर्माण गरी सरसफाइ तथा स्वच्छता प्रवर्धन गरिनु पर्दछ। नयाँ बनाइने घरमा सेफ्टीक टैंकीसहितको सरसफाइ गर्ने (अनसाइट स्यानीटेशन ) प्रविधि अपनाउन प्रोत्साहित गर्नुपर्छ। नयाँ व्यापारिक भवनहरु जस्तै होटल, एपार्टमेण्ट, सिनेमा हल, सुपरमार्केट, सरकारी कार्यालयहरुमा आफ्नै हाताभित्र सेफ्टी टैंक रहनु पर्दछ। यसो गर्न सकेमा ढल निकास प्रणालीको भार

कम गर्न सघाउ पुग्छ भन्ने आशा लिइएको छ । घरधुरी कार्यालय वा व्यापारिक प्रतिष्ठान हाता भित्र रहेका सरसफाइ प्रणालीहरुलाई ढल निकाससंग जोड्नु परेमा, फोहोर पानीलाई विद्यमान वातावरणीय नियम कानुन तथा प्राविधिक मूल्य मान्यता अनुसार समुचित रुपमा प्रशोधन गरेर मात्र निकास दिनु पर्दछ । यस्ता ठाउँहरुको विकास गर्दा योजना तर्जुमा चरण देखिनै फोहोरमैला व्यवस्थापन प्रणालीलाई उचित ढंगले अनुसरण गरी यसको अनुगमन गर्नुपर्दछ । कार्यक्रम तर्जुमाको बेलादेखि नै यस्ता सुविधाहरुको मर्मत सम्भारको उचित व्यवस्थाको लागि ध्यान दिनुपर्दछ र सोहि अनुसार कार्यान्वयन चरणमा लागू गराउनु पर्दछ ।

### २.३.९ साबुनपानीले हात धुने र अन्य बानी व्यवहार विकास

हात धुने अभियानलाई सबै घरायसी र संस्थागत रुपमा संचालन गरिने खानेपानी आयोजनाको एक अभिन्न अंग बनाइनुपर्दछ र सरसफाइसम्बन्धी अन्य बानी व्यहोरालाई बढाउँदै लैजानुपर्दछ । समुदायमा विद्यमान सरसफाइ सम्बन्धी असल बानी व्यहोरालाई सुदृढ तुल्याउन र सामाजिक तथा साँस्कृतिक मान्यताका साथ यी बानी व्यहोरा वैज्ञानिक र सुरक्षित छन् भन्ने सुनिश्चित हुनुपर्दछ । साबुन पानीले हात धुने अभ्यासलाई व्यापक बनाउन सार्वजनिक र निजी क्षेत्रको सहभागितालाई बढावा दिइने छ ।

## २.४ कार्यक्रम संचालन रणनीतिहरु

मार्गदर्शक सिद्धान्त, लक्ष्य तथा उद्देश्यहरुका आधारमा निम्नलिखित कार्यक्रम सञ्चालनका रणनीतिहरु विकास गरिएका छन् :

### २.४.१ सरसफाइ सम्बन्धी कार्यक्रमको सहभागितामूलक योजना तर्जुमा तथा कार्यान्वयनमा स्थानीय निकायको नेतृत्व

सरसफाइ सम्बन्धी सबै कार्यक्रमहरुलाई गा.वि.स., न.पा. र जि.वि.स.का नियमित कार्यविधि अनुरुप पहिचान गर्ने, प्राथमिकता दिने र योजना बनाउने कार्य गरिनेछ । खानेपानी र सरसफाइ प्रवर्धन सम्बन्धी क्रियाकलापहरुलाई दीगो बनाउने सम्बन्धमा अनुगमन गर्न स्थानीय निकायको भूमिका पनि सुनिश्चित गरिनेछ । सरकारका सम्बन्धित निकाय, दातृ निकाय, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था र स्थानीय निकायहरुका प्रयत्नको योगदानलाई एकिकृत गर्न र थप सुदृढ तुल्याउन पूर्ण सरसफाइसम्बन्धी संयुक्त योजना/कार्ययोजनाका माध्यमबाट व्यवस्था मिलाइने छ ।

प्रत्येक स्थानीय निकायले सबैलाई सरसफाइ सुविधा पहुँच पुग्ने गरी सरसफाइ सम्बन्धी बहुवर्षे रणनीतिक योजनाहरुको तर्जुमा गर्नेछन् र सम्बन्धित सरोकारवालाहरुले ती कार्ययोजनालाई सहभागितामूलक रुपमा कार्यान्वयन गर्न योगदान पुऱ्याउनेछन् ।

### २.४.२ सरसफाइ प्रवर्धन प्रभावकारी, समावेशी, द्रूत र दीगो बनाउन सहभागितामूलक पद्धति महत्वपूर्ण हुने

सरसफाइ विकासमा हासिल विद्यमान सफलताहरु, खासगरी विभिन्न समुदायमा खुला दिसा मुक्त अवस्था हासिल गर्ने सन्दर्भमा प्राप्त भएका सफलताहरुले सरसफाइ प्रवर्धनमा सहभागितामूलक पद्धतिका आवश्यकतालाई प्रस्टाएको छ । हाल देशका प्रायः सबै समुदायहरुमा बहु सरोकारवाला निकायहरु/संस्थाहरु सरसफाइको क्षेत्रमा कार्यरत छन् । जस्तै आमा समूह, वन उपभोक्ता समूह, बाल

क्लब, जसले स्वास्थ्य तथा सरसफाइ सम्बन्धी काम कारवाहीमा दवाव दिन सक्दछन् । अतः यी सबै संस्थाहरुको सहयोग र सहभागितामा समुदायमा सरसफाइ प्रवर्धन गर्ने कार्यलाई अझ बढी प्रभावकारी, समावेशी, दीगो र द्रूत गतिमा अघि बढाउन सकिन्छ ।

## २.४.३ स्थानीय निकाय र सहयोगी संस्थाहरुबीच समझदारीपत्र

जिल्ला तहमा कार्यक्रमको कार्यान्वयन स्थानीय निकायको नेतृत्वमा हुने भएतापनि तिनीहरु स्वायत्त निकाय भएकोले सरसफाइ प्रवर्धन सम्बन्धी सहयोग जि.वि.स. र सहयोगी संस्थाहरुबीच सम्पन्न हुने समझदारी पत्रमा आधारित हुनेछन् । त्यस्तो समझदारीपत्रमा पारस्परिक सहयोगको विस्तृत विवरण, आर्थिक सहयोगको बाँडफाँड, आयोजना संचालन हुने भौगोलिक क्षेत्रको विवरण, संलग्न रहने हरेक संस्था/निकायको जिम्मेवारी र लागत सहभागिताको निर्क्यौल तथा स्थानीय तहको संयुक्त रणनीतिक योजना/कार्ययोजना बमोजिम तोकिएको समयभित्र साझा उद्देश्य हासिल गर्न दोहोरोपना नहुने गरी कार्य गर्ने व्यवस्था उल्लेख हुनेछन् ।

## २.४.४ मागमा आधारित सरसफाइ कार्यक्रमको कार्यान्वयन

समुदाय तहको सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्बन्धी शिक्षा र आम सचेतनाका क्रियालापहरु खासगरी खुला दिसा र समुदायमा फैलिने विभिन्न रोग र विरामी बीचको सम्बन्धका बारेमा स्पष्ट चेतना फैलाउने खालको हुनुपर्दछ । ती क्रियाकलापहरु खासगरी चर्पी निर्माण र साबुनले हात धुने लगायतका व्यवहारमा परिवर्तन ल्याउन सक्ने हुन्छन् । जि.वि.स. वा जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिले जिल्ला भित्र वा बाहिरका सफल रुपमा कार्यक्रम सञ्चालन भएका ठाउँमा जानकारी लिने उद्देश्यले भ्रमण आयोजना गरी चेतना अभिवृद्धिमा सघाउन सक्छन् । समुदायले संचालन गरेका सचेतना कार्यक्रमहरुका कारण खुला दिसाको कारणबाट स्वास्थ्यमा उत्पन्न हुने खतराका सम्बन्धमा बढ्ने व्यापक चेतनाले छिटोभन्दा छिटो सुधारिएका चर्पी निर्माण गर्ने र प्रयोग गर्ने मागको विकास हुन्छ । यस्तो माग नै पछि गएर पूर्ण सरसफाइ सम्बन्धी स्थानीय तहको संयुक्त रणनीतिक योजना/कार्ययोजनाका रुपमा प्रकट हुन्छ र यसका लागि स्थानीय निकायले माथिल्ला निकायहरुबाट आवश्यक सहयोग माग्न सक्छन् ।

## २.४.५ राष्ट्रिय सरसफाइ निर्देशन समितिले राष्ट्रिय तहका कार्यक्रममा समन्वय गर्ने

राष्ट्रिय सरसफाइ निर्देशन समिति केन्द्रमा सरसफाइ तथा स्वच्छता प्रवर्धन गर्ने मुख्य निकायका रुपमा रहनेछ । राष्ट्रिय सरसफाइ समन्वय समिति सम्बन्धित सबै सरकारी तथा दातृ निकाय र अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था लगायत सबै सरोकारवालाहरुको समन्वयकारी संयन्त्रको रुपमा रहने छ । राष्ट्रिय सरसफाइ समन्वय समितिले नीति तथा योजना तर्जुमा तहका क्रियाकलापहरुका साथै जनचेतना जगाउने खालका सामग्रीहरुको विकास तथा राष्ट्रियस्तरका अभियान तथा कार्यक्रम गर्न राष्ट्रिय सरसफाइ निर्देशन समितिलाइ सहयोग पुऱ्याउने छ । त्यसैगरी क्षेत्रीय, जिल्ला न.पा तथा गा.वि.स. तहका खानेपानी तथा सरसफाइ समन्वय समितिहरुले आ-आफ्ना क्षेत्र तथा जिल्लाको समिति, दातृ निकाय, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था र स्थानीय निकायहरुसँग तालमेल मिलाई सरसफाइ सम्बन्धी सबै क्रियाकलापहरुको समन्वय गर्नेछन् ।

### २.४.६ सरसफाइलाई वैदेशिक सहायताको लागि अलग्गै स्वतन्त्र विषय बनाइनुपर्ने

सरसफाइलाई ऐतिहासिक रुपमा खानेपानी क्षेत्रको तुलनामा उपेक्षित पाटाको रुपमा व्यवहार गरिँदै आएको छ ,पछि पारिएको छ । जबकि सरसफाइ तथा स्वच्छता प्रवर्धनले स्वास्थ्यमा पुऱ्याउने फाइदा पानी एक्लैले पुऱ्याउने फाइदा भन्दा बढी छ । यसका साथै सरसफाइ प्रवर्धन गर्न आवश्यक पर्ने उत्प्रेरणाको प्रकार र यसको लागत तथा संस्थागत संरचना खानेपानीको भन्दा फरक पनि रहेको छ । अतः सरसफाइलाई वैदेशिक सहायताको एक अलग्गै र आफैमा पूर्ण विषयको रुपमा लिन प्रस्ताव गरिएको छ ।

### २.४.७ जि.वि.स.मा जिल्ला सरसफाइ इकाईको स्थापना

आ-आफ्ना जिल्लामा सरसफाइ कार्यक्रमको योजना र कार्यान्वयन गर्न, जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिका सदस्यहरु र सरोकारवालाहरुबीच समन्वय गर्न एवं जि.वि.स, न.पा. र गा.वि.स.हरु मार्फत सरसफाइका क्रियाकलापहरु संचालनार्थ सहजिकरण गर्न जि.वि.स.ले जिल्ला सरसफाइ इकाई स्थापना गर्नेछ । शुरुमा जि.वि.स. को सामाजिक परिचालन शाखाले नै सो इकाइको रुपमा कार्य गर्नेछ । विस्तारै गुरुयोजनाका सूचकहरुलाई ध्यानमा राख्दै सरसफाइ विज्ञहरु र सामाजिक परिचालन विज्ञहरुको व्यवस्था सहित सो ईकाइलाई जिल्ला सरसफाइ शाखाको रुपमा परिणत गरिनेछ । यसको विकल्प स्वरुपहरु हाल कायम रहेका जिल्ला प्राविधिक कार्यालय भित्रको खानेपानी तथा सरसफाइ शाखालाई पनि यस प्रयोजनका लागि सक्रिय तुल्याउन सकिनेछ ।

### २.४.८ पुरस्कार र कदरपत्र

**राष्ट्रिय सरसफाइ पुरस्कार :**

राष्ट्राध्यक्षबाट खुला दिसा मुक्त क्षेत्र घोषणा भएका गा.वि.स. तथा न.पा. एवं सरसफाइ क्षेत्रमा उत्कृष्ट कार्य गर्ने र योगदान पुऱ्याउने व्यक्ति, संस्था, संचार माध्यम, विद्यालय वा निजी कम्पनीलाई हरेक वर्ष राष्ट्रिय सरसफाइ पुरस्कार प्रदान गरिनेछ । राष्ट्रिय सरसफाइ निर्देशन समितिले राष्ट्रिय सरसफाइ समन्वय समितिसँगको सहयोगमा राष्ट्रियस्तरमा एक राष्ट्रिय सरसफाइ तथा स्वच्छता पुरस्कार समिति गठन गर्नेछ । उक्त समितिले पुरस्कार पाउनेहरुको नाम मनोनयन गर्दा गा.वि.स.,न.पा. जिल्ला ,क्षेत्रीय तथा जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिसँग समन्वय गर्नेछ । पुरस्कार पाउनेहरुको अन्तिम नामावली र पुरस्कार राशीको निर्णय राष्ट्रिय सरसफाइ निर्देशन समितिले गर्नेछ ।

**क्षेत्रीयस्तरको पुरस्कारः**

क्षेत्रभित्र सरसफाइ सम्बन्धी उत्कृष्ट कार्य गर्ने व्यक्ति, संस्था, विद्यालय, गैर सरकारी संस्था, बालक्लब, संघ संस्था आदिलाई क्षेत्रीयस्तरको पुरस्कार प्रदान गरिनेछ । क्षेत्रीय खानेपानी तथा सरसफाइ तथा स्वच्छता समन्वय समितिले पुरस्कार समितिको सहयोगमा पुरस्कृत हुनेहरुको नाम मनोनयन गर्नेछ ।

**जिल्ला स्तरको पुरस्कारः**

जिल्ला भित्र उत्कृष्ट कार्य गर्ने व्यक्ति, संस्था, विद्यालय, गैर सरकारी संस्था, बाल क्लब, संघ संस्था आदिलाई जिल्लास्तरको पुरस्कार प्रदान गरिनेछ । जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिले पुरस्कार समितिको सहयोगमा पुरस्कृत हुनेहरुको नाम मनोनयन गर्नेछ ।

**विशेष पुरस्कार :**

सरसफाइका क्षेत्रमा रचनात्मक शुरुवात गर्ने वा विशेष सफलता हासिल गर्ने प्रत्येक जिल्लाका बढीमा पाँचवटा गा.वि.स./न.पा.लाई सरसफाइ प्रवर्धनार्थ उनीहरुबीच स्वस्थ प्रतिस्पर्धा बढाउनका लागि प्रत्येक वर्ष विशेष पुरस्कार दिइनेछ । पुरस्कार राशीको निर्णय जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले गर्नेछ ।

**कार्यक्रम तहको पुरस्कार :**

आयोजना र कार्यक्रममा उत्कृष्ट योगदान पुऱ्याउने विद्यालय, बालक्लब, शिक्षक, कर्मचारी, स्वयंसेवक, उपभोक्ता समिति, स्थानीय समूह आदिलाई प्रोत्साहित गर्न पुरस्कारलाई कार्यक्रम र आयोजना भित्रै समावेश गरिएको हुनेछ ।

माथि उल्लिखित पुरस्कारहरुका अतिरिक्त केन्द्र, क्षेत्र, जिल्ला, नगर र गा.वि.स. तहका समन्वय समितिहरुले आ-आफनो तहमा अन्य उचित पुरस्कारको व्यवस्था गर्न सक्नेछन् ।

## २.४.९ आर्थिक स्रोतको पहिचान र परिचालन

सरसफाइको राष्ट्रिय लक्ष्य र सहस्राब्दी विकास लक्ष्य हासिल गर्नका लागि बाह्य स्रोत तथा सहयोग प्रतिको परनिर्भरता घटाउनका लागि निम्नलिखित आन्तरिक आर्थिक स्रोतहरु परिचालन गर्ने लक्ष्य लिइएको छ :

**१. राष्ट्रिय सरसफाइ कोष**

खासगरी जिल्ला, न.पा. र गा.वि.स. तहमा खुला दिसा मुक्त अभियान सञ्चालनमा प्रोत्साहन गर्नका लागि राष्ट्रिय सरसफाइ निर्देशन समितिको मातहतमा एक राष्ट्रिय सरसफाइ कोष खडा गरिनेछ । जसमा सरसफाइ सम्बन्धी सबै सरकारी तथा दातृ निकायको रकम जम्मा गरिनेछ । अनुसन्धान तथा विकास तथा सूचना शिक्षा तथा संचार सामग्रीको विकास तथा प्रचार प्रसार गर्ने, संचार माध्यम र अन्य प्रकाशनलाई परिचालन गर्ने कार्यमा समेत सो कोष परिचालन हुनेछ। राष्ट्रिय तहका बहु-सरोकारवालाहरुले कोषमा सहयोग पुऱ्याउनेछन् । यो कोष स्थापनाको एक महत्वपूर्ण प्रभाव के हुनेछ भने सो कोष परिचालन मार्फत सरसफाइ प्रवर्धनका क्षेत्रमा संलग्न सबै निकायहरुले देशमा सबैलाई द्रूत र दीगो रुपमा उपलब्ध गराउने कार्यमा सामूहिक रुपमा योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नेछन् । यस सहकार्यले कार्यगत सहयात्रालाई वास्तवमै अरु सुदृढ तुल्याउने छ र काममा दोहोरोपन पर्ने वा बेमेलपूर्ण कार्य पद्धतिबाट सिर्जना हुने समस्याको निराकरण गर्नेछ ।

विभिन्न दातृ निकायहरु दीगो विकासका लागि राष्ट्रिय संस्थाहरुको क्षमता विकासमा योगदान पुऱ्याउन प्रतिबद्ध देखिएकोले तिनीहरुले यस कोषमा गर्ने सहयोग पनि नेपालमा स्थानीय निकायले नेतृत्व गरेको कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने क्षेत्रमै लगाइनेछ । जुन आफैमा सामुदायिक वन जस्ता विगतदेखि संचालन भएका सफल विकासका अनुभवहरुबाट सिकिएको पाठको आधारमा तयार पारिएको

छ । कोषको व्यवस्था पारदर्शी रुपबाट गरिनुपर्दछ जसबाट सरकारी तथा प्रत्येक दातृ निकायबाट योगदान गरिएको रकमको स्पष्ट लेखाजोखा राख्न सकियोस् । यस कोषमा दातृ निकायको सहभागिताले सरकारसँगको वास्तविक साझेदारीमा निर्धारित समयभित्रै सबैलाई सरसफाइ सेवा उपलब्ध गराउने तर्फ सरकारलाई सघाउ पुऱ्याउने अवसर उपलब्ध गराउनेछ ।

## २. खानेपानी तथा सरसफाइ सम्बन्धी बजेट

खानेपानी आपूर्ति तथा सरसफाइ सम्बन्धी राष्ट्रिय नीति २००४ मा उल्लेख भए अनुसार खानेपानी आयोजनामा सञ्चालन गरिने कूल बजेटको २०% सम्म बजेट सरसफाइको निमित्त छुट्याउनु पर्दछ । जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिले आवधिकरुपमा बजेट विनियोजनको समीक्षा गर्नेछ ।

## ३. संस्थागत रुपमा खानेपानी र सरसफाइ सम्बन्धी बजेट विनियोजन

शिक्षा विभाग लगायत अन्य सरोकारवाला निकायले भविष्यमा निर्माण गरिने विद्यालय भवनहरुका नक्सा र ढाँचामा बाल, लैङ्गिक तथा अपाङ्ग मैत्री चर्पी सुविधालाई समावेश गर्नुपर्ने र वास्तविक रुपमा त्यस प्रकारका संरचना निर्माण भएको कुराको सुनिश्चितता गर्नु पर्दछ । विद्यालयमा खानेपानी र सरसफाइ सम्बन्धी सुविधा जुटाउनको लागि शिक्षा विभागले उपलब्ध गराउँदै आएको बजेटलाई विद्यालयको अगुवाईमा पूर्ण सरसफाइ कार्यक्रमसँग आवद्ध गरी विद्यालयभित्र र समुदायमा समेत स्वस्थकर बानी व्यवहार प्रवर्धनका माध्यमबाट पूर्ण सरसफाइलाई तिव्रता दिनु पर्दछ । यसका अतिरिक्त शिक्षा मन्त्रालयले विद्यालयमा बाल, लैङ्गिक तथा अपाङ्ग मैत्री चर्पी निर्माण गर्न वा बिग्रे/भत्केका चर्पी पुनर्निर्माण गर्न वार्षिक बजेटमा पर्याप्त व्यवस्था गर्नेछ । त्यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जिल्ला, न.पा. र गा.वि.स. तहका खानेपानी ,ा सरसफाइ तथा स्वच्छता समन्वय समितिसँग समन्वयमा गरी यस मातहतको जिल्ला जनस्वास्थ्य कार्यालय मार्फत सम्पूर्ण पुराना र नयाँ स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीहरुमा चर्पीको सुविधा सुनिश्चित गर्नेछ ।

## ४.गा.वि.स., न.पा. र जि.वि.स. कोष

सरसफाइ सम्बन्धी रणनीतिक कार्य योजनालाई नेतृत्व प्रदान गर्नका लागि गुरुयोजना धेरै हदसम्म जि.वि.स., न.पा. र गा.वि.स.मा निर्भर रहनेछ । सरसफाइ क्षेत्रका क्रियाकलापहरुका निमित्त पर्याप्त बजेट आर्थिक स्रोत छुट्याए मात्र रणनीतिक कार्ययोजनालाई सफल तुल्याउन सकिन्छ । जि.वि.स., न.पा. र गा.वि.स.ले हरेक वर्ष आवश्यकता अनुसार सरसफाइ तथा स्वच्छता प्रवर्धन कार्यको लागि रकम छुट्याउनेछन् । त्यसरी छुट्याइएको रकम वार्षिक तथा बहुवर्षे योजनामा प्रतिविम्बित गरिनेछ ।

## ५. स्थानीय तहका संघ संस्थाहरुको स्रोतः

नेपालमा समुदायस्तरका स्थानीय समूह तथा संस्थाहरुसँग प्रचुर मात्रामा स्रोत साधन उपलब्ध छ । त्यस्तो स्रोत आय आर्जन, सामान्य कल्याणकारी कार्य, पूर्वाधार विकास आदिमा परिचालित भएकाछन् । त्यस्ता महत्वपूर्ण स्थानीय समूहहरुमा वन उपभोक्ता समूहहरु, महिला वचत समूहहरु, लघु-कर्जा संस्थाहरु, सहकारी संस्थाहरु आदि हुन् । लघु-कर्जा संस्थाहरुले पनि चर्पी निर्माणका लागि सरल ऋण उपलब्ध गराउन सक्छन् त्यसैले तिनीहरुलाई मूल प्रवाहमा ल्याउन जरुरी छ । जि.वि.स. न.पा. तथा गा.वि.स.हरुले त्यस्ता स्थानीय समूहहरुलाई सरसफाइ सम्बन्धमा सघाउन र प्रोत्साहित गर्न सक्छन् । राष्ट्रिय सरसफाइ कोषले पनि सम्बन्धित जिल्ला, न.पा. र गा.वि.स. तहका खानेपानी तथा सरसफाइ समन्वय समितिहरु मार्फत त्यस्ता समूहहरुलाई सरसफाइ क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरी तिनीहरुको योगदानलाई मूल्याङ्कन गरी राष्ट्रिय स्तरका पुरस्कार तथा सम्मान प्रदान गर्न सक्नेछ ।

वायोग्याँस सहयोग कार्यक्रमबाट पनि चर्पी प्रवर्धन कार्यमा थप अवसरहरु प्राप्त हुनेछ । सबभन्दा महत्वपूर्ण कुरा के हो भने सरसफाइसम्बन्धी कार्यक्रम तथा क्रियाकलापहरुलाई गरिबी निवारण, स्वास्थ्य, आय आर्जन, शिक्षा जस्ता अन्य विकासका कार्यहरुसँग जोडेर स्रोत संकलन र परिचालन गर्न अधिकतम प्रयास गरिनेछ ।

### ६. सार्वजनिक निजी साझेदारी

साबुन उत्पादन कम्पनी, सरसफाइका वस्तुहरुका उत्पादकहरु, वायुसेवा संचालकहरु र अन्य व्यापारिक प्रतिष्ठानहरु जस्ता सम्भाव्य निजी क्षेत्रका निकायहरुलाई तिनीहरुको सामाजिक सेवाको एक भागको रुपमा सरसफाइ क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ । यस्ता निजी फर्महरुलाई राष्ट्रिय सरसफाइ समन्वय समितिको बैठकमा आमन्त्रण गरिनेछ । यस पद्धतिबाट चर्पी प्यान, पाइप, साबुन आदि कम मूल्यमा समुदायलाई उपलब्ध गराउन सकिन्छ तर त्यसका लागि उचित सामाजिक मार्केटिङ र कर छूट गर्ने रणनीतिहरु अपनाइनेछ ।

### ७. सरसफाइ अभिवृद्धि गर्न स्थानीय निकायहरुलाई आर्थिक अनुदान

स्थानीय स्वायत्त शासन सम्बन्धी ऐनले स्थानीय निकायहरुलाई खानेपानी तथा सरसफाइ लगायतका सबै प्रकारका स्थानीय विकासका निमित्त जिम्मेवार निकायको रुपमा कार्य गर्ने अधिकार दिएको भएतापनि स्थानीय निकायहरुलाई उपयुक्त आर्थिक सहयोग उपलब्ध गराउँदै तिनीहरुको आफ्नो साधन स्रोत आ आफ्ना क्षेत्रमा स्वस्थकर चर्पी प्रवर्धन गर्न लगानी गर्ने तर्फ प्रोत्साहन दिनु जरुरी छ ।

### ८. दातृ निकाय

सरकारले संयुक्त राष्ट्र संघ, द्विपक्षीय तथा बहुपक्षीय निकाय, अन्तर्राष्ट्रिय बैंक, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था, ग्लोबल स्यानीटेसन फण्ड र अन्य सम्भाव्य निकायहरुलाई सरसफाइ क्षेत्रमा लगानी गर्ने वर्तमान दरमा वृद्धि गर्न सरकार तथा सम्बन्धित सरोकारवालाहरुसँग सहकार्य गर्न प्रोत्साहन गर्नेछ ।

### ९. समुदायको योगदान

मौजुदा सरसफाइ प्रवर्धनका पद्धति धेरै हदसम्म चर्पी निर्माण, साबुनपानीले हात धुने र पानी प्रशोधनको विकल्प जस्ता कुराका निमित्त समुदायको मानव संसाधन ,स्थानीय स्रोत साधन र आर्थिक स्रोतमा निर्भर रहेको छ । त्यसैले स्थानीय समुदायको परामर्शमा अति विपन्न, महिला घरमुली भएको घर, अति पिछडिएका वर्गलाई विशेष ध्यान दिइनेछ ।

## २.४.१० संचार, समन्वय र सहयोग

सरसफाइ सम्बन्धी कार्यक्रमको उपयुक्त योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, सुपरीवेक्षण तथा अनुगमन गर्नका लागि समन्वय समितिका हालका तीन तह (केन्द्र, क्षेत्र र जिल्ला) लाई अझ सुधार गरी सुदृढ तुल्याउनु पर्दछ । त्यस्तो समन्वय समिति हाल न.पा.तथा गा.वि.स. क्षेत्रमा रहेका छैनन् जुन सरसफाइ कार्यक्रम कार्यान्वयनका लागि अति नै महत्वपूर्ण निकायहरु हुन् । अतः सरसफाइ सम्बन्धी कार्यहरुलाई अझ बढी सुदृढ बनाउनका निमित्त चौथो तहको रुपमा न.पा./गा.वि.स.स्तरको समन्वय समिति पनि खडा गरी भूमिका र जिम्मेवारी दिइनेछ ।

जिल्ला, न.पा. र गा.वि.स. तहका समन्वय समितिमा राजनीतिक दलहरुलाई पनि समितिको सदस्यको रुपमा आमन्त्रण गरिनेछ । राजनीतिक दलहरुले सरसफाइ सम्बन्धी कार्यक्रमलाई प्राथमिकतामा राख्न सक्रियतासाथ भूमिका खेल्न सक्ने हुँदा वार्षिक योजना र बजेट निर्माणमा उनीहरुको ठूलो भूमिका रहेको छ । राष्ट्रिय, क्षेत्रीय, जिल्ला, न.पा. र गा.वि.स. तहमा समन्वय समितिको गठन र तिनीहरुको भूमिका तथा जिम्मेवारी देहायबमोजिम हुनेछ । राष्ट्रिय सरसफाइ निर्देशन समितिले आफ्ना सदस्यहरु तथा दातृ निकायहरु बीचमा विभिन्न तहमा सरसफाइ प्रवर्धन गर्नका लागि ३ 'स' (संचार, समन्वय र सहयोग) को अवधारणा लाई सुनिश्चित गर्नेछन् । उक्त अवधारणा अनुरुप स्रोत जुटाउन, पैरवी अभियान संचालन गर्न र अनुगमन प्रवर्धन गर्न धेरै सहयोग पुऱ्याउनेछ ।

- सबै सम्बद्ध मन्त्रालयहरु तथा विभाग, क्षेत्रगत दातृ निकायहरु, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था, निजी क्षेत्रले केन्द्र, क्षेत्र र जिल्ला तहका समन्वय समितिका माध्यमबाट नियमित रुपमा बैठक गर्दछन् । सम्बन्धित समितिका वार्षिक बैठकमा योजना तर्जुमा गर्ने, कार्यक्रम बनाउने र बजेटको व्यवस्था गर्ने कार्य गर्नेछन् । सिकेका सिकाइलाई आदान प्रदान गर्न तथा सिफारिस गर्न वार्षिक रुपमा कार्यक्रमको समीक्षा गरिनेछ । विभिन्न तहका अभियान सञ्चालन गर्ने, सूचना, शिक्षा र संचार सामग्री तयार पार्ने, अनुसन्धान तथा विकास गर्ने जस्ता कार्यहरु पनि संयुक्त रुपमा गरिनेछ ।
- हरेक जिल्ला, न.पा. र गा.वि.स. मा सरसफाइ सम्बन्धी तथ्यांङ्क राखिनेछ । जिल्लामा सो तथ्यांङ्क जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिको तर्फबाट जिल्ला सरसफाइ इकाई/शाखाले खानेपानी तथा सरसफाइ डिभिजन/सब डिभिजन कार्यालय र सम्बद्ध सरोकारवालाहरुसँगको समन्वयमा व्यवस्थापन गर्नुपर्नेछ । सो तथ्यांङ्कलाई क्षेत्र तथा केन्द्र तहको डाटावेससंग जोडेर भौतिक योजना तथा निर्माण मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन इकाइको डाटावेसमा एकिकृत गरी समावेश गरिनेछ ।

## २.४.११ क्षेत्रगत संस्थाहरुको दायित्व, नेतृत्व र सहकार्य

पूर्ण सरसफाइ अवस्था तैयारी गर्नु सबै व्यक्ति, घरधुरी र समुदायको दायित्व हो । यो दायित्व सबै नेपालीको दायित्व हो । विभिन्न क्षेत्रका विभिन्न साझेदारहरु बीच परस्परमा सहकार्य गरी सरसफाइ प्रवर्धन लागि तिनीहरुको भूमिका तथा जिम्मेवारीहरु हासिल गरिनेछ ।

ग्रामीण खानेपानी तथा सरसफाई क्षेत्रगत रणनीतिक कार्ययोजना-२००४ मा राष्ट्रिय योजना आयोग, विभिन्न मन्त्रालय, स्थानीय निकाय र साझेदारहरुका भूमिका र जिम्मेवारीहरु उल्लेख गरिएको छ । खानेपानी, सरसफाइ, स्वास्थ्य र शिक्षा क्षेत्रका महत्वपूर्ण भूमिकाहरुलाई स्थानीय निकायको नेतृत्वमा तर्जुमा हुने सरसफाइ सम्बन्धी संयुक्त रणनीतिक योजना/ कार्ययोजना कार्यान्वयनका माध्यमबाट स्थापित गरीएको छ । देशमा पूर्ण सरसफाइका क्रियाकलापहरुलाई बढाउनका लागि विभिन्न क्षेत्रका साझेदारहरुलाई देहायको भूमिका तोकेको छ । तिनीहरुको आ-आफ्नो अन्य भूमिका र दायित्व तिनीहरुको कार्यादेश बमोजिम हुनेछन् ।

### (१) खानेपानी र सरसफाइ क्षेत्र

खानेपानीलाई पृथक क्षेत्रको रुपमा नहेरी यसलाई सरसफाइ र स्वच्छता प्रवर्धन सहितको एकीकृत क्षेत्रगत प्याकेजको रुपमा हेरिनु पर्दछ । गाउँ र नगरहरु सफा राख्न सघाउने एउटा साधनको रुपमा पानीलाई हेरिनु पर्दछ । सरसफाइका तीनवटा मुख्य तत्वहरु (पानी, सरसफाइ र स्वच्छता) मध्ये पानी

एक तत्व हो । यो वातावरणलाई सफा राख्ने एउटा शक्तिशाली साधन हो । पानी आपूर्तिलाई चर्पीको दीगो उपयोग र स्वस्थकर बानी व्यहोराको निमित्त नभई नहुने तत्वको रुपमा लिइनु पर्दछ ।

(२) **स्वास्थ्य क्षेत्र**

स्वास्थ्य संस्थाहरुले प्रत्यक्ष रुपमा जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने भएकोले स्थानीय स्तरमा यसका संरचनाहरु मार्फत जनतासंग प्रत्यक्ष सम्पर्क र सम्बन्ध रहेको हुन्छ । स्वास्थ्य संस्थाहरु, महिला स्वास्थ्य स्वयं सेविका, स्वास्थ्य प्रवर्द्धकहरु, गैर सरकारी संस्था आदिले व्यक्तिगत स्वच्छता र जन स्वास्थ्य सम्बन्धी चुनौतीको रोकथाम गर्न एकै प्रकारका सन्देशहरु दिनुपर्छ । जसको लागि हालै मात्र स्वीकृत राष्ट्रिय स्वास्थ्य क्षेत्र कार्यक्रम-दोश्रोले सरसफाइ र स्वच्छता प्रवर्धनका क्षेत्रमा उदाहरणीय योगदान पुऱ्याउनेछ ।

(३) **शिक्षा क्षेत्र**

शिक्षा क्षेत्रले आजका बालबालिका र भविष्यका अभिभावकहरुमा सकारात्मक प्रभाव पार्न सक्नेछ । विद्यालयले विद्यालयमा विद्यार्थीहरुको उपयुक्त सिकाइ र घरमा उदाहरणीय अभ्यास र संरक्षणका लागि स्वच्छ तथा स्वस्थ वातावरण दिनुपर्छ । नेपालमा बालबालिकाबाट बालबालिका सम्म भन्ने पद्धति विद्यालयको अगुवाइमा सफल भएकोले शिक्षा क्षेत्रका कार्यक्रमहरुमा सरसफाइ र स्वच्छता प्रवर्धन सम्बन्धी विषयलाई मूल प्रवाहीकरण गर्नुपर्दछ । सबै विद्यालयमा बाल, लैङ्गिक र अपांङ्ग मैत्री पानीको सुविधा, चर्पी र साबुन सहितको हात धुने सुविधाका साथै महिनावारी व्यवस्थापनको सुविधा लाई जोड दिनुपर्दछ ।

## २.४.१२ शहरी सरसफाइ

शहरी सरसफाइ सम्बन्धी विषयहरु आज जटिल हुँदै आएका छन् । शहरी जनसंख्याको बृद्धि संगै निर्माण क्षेत्रको व्यापक बृद्धिका सन्दर्भमा स्थानीय निकायहरुले सरसफाइ सेवा र सुविधाको योजना वनाउँदा प्रविधिको लागत प्रभावकारिता, लागत सहभागिता संयन्त्र र संरचना मर्मत सम्भारको दीगापनामा उचित ध्यान पुराउनु पर्दछ । सरसफाइ पूर्वाधारको निमित्त प्रविधि र लगानीको छनौट गर्दा स्थानीय (आर्थिक, प्राविधिक र संस्थागत) क्षमता र प्रविधिको, ढाँचा, निर्माण र संचालनका सम्बन्धमा विशेष रुपले विचार गर्नु पर्दछ । व्यवस्थित अनुगमन तथा कार्यान्वयन मार्फत् बर्षातको पानीको ढल निकास सहित शहरी सरसफाइ प्रणालीको दीगोपनालाई सम्बन्धित न.पा., गा.वि.स. र जि.वि.स भित्रका सरोकारवालाहरुसंग समन्वय र परामर्शका माध्यमबाट सुदृढ तुल्याउनु पर्दछ । सरकारले जिम्मेवारी तोकेको सम्बन्धित निकायहरुले सेवा प्रदान गरिने तहमा तथा फोहर विसर्जनको सम्बन्धमा गुणस्तर/मापदण्डका बारेमा स्थानीय निकाय र सेवा प्रदायक निकायहरुले प्रचलित वातावरणीय कानूनको परिपालना गरे नगरेको सम्बन्धमा अनुगमन गर्नु पर्दछ । यस सम्बन्धमा सम्बद्ध स्थानीय निकायहरुलाई सेवाको स्तर तथा वातावरणीय कानून परिपालनाको सम्बन्धमा पूर्ण रुपमा जिम्मेवार र जवाफदेही बनाउनु पर्दछ । शहरी र अर्ध-शहरी क्षेत्रहरुमा सरसफाइ सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्दा पूर्ण सरसफाइको मर्मलाई पूर्ण रुपमा आत्मसाथ गरिनेछ । फोहरमैलाको प्रभावकारी व्यवस्थापनका लागि देहायका रणनीतिहरुलाई ध्यानमा राखिनेछ :-

- विकेन्द्रीत सरसफाइका विकल्पहरुलाई आत्मसात गर्ने ।
- फोहोर मैलालाई स्रोतमा नै कम गर्ने ।

- पूर्वाधारको योजना तर्जुमा गर्दा देखि नै फोहोर व्यवस्थापन प्रणालीको ढाँचा र संचालनका चरणमा नियमित मर्मत संभारको पक्षमा ध्यान दिने ।
- स्थानीय समुदायको बढी भन्दा बढी सहभागिता सुनिश्चित गर्ने ।
- फोहोरमैला व्यवस्थापन प्रणालीको योजना र व्यवस्थापनका लागि स्थानीय स्तरकै उद्यमीहरुलाई संलग्न गराउने ।
- कम्पोष्ट मल बनाउने र फोहरमैलाको पुनः प्रयोगको लागि समुदायलाई सक्षम तुल्याउने ।
- शहरी सरसफाइ सेवालाई अझ बढी प्रभावकारी र दक्ष बनाउन प्रदुषकले तिर्ने सिद्धान्तको विकास र कार्यान्वयन गर्ने ।
- सकेसम्म बर्षातको पानी, घरायसी सरसफाइको फोहर, औद्योगिक, प्रदूषण र जोखिम प्रकृतिका अस्पताल र औद्योगिक प्रतिष्ठानबाट निष्काषित हुने फोहर मैलाको अलग अलग संकलन, प्रशोधन र विसर्जन प्रणालीको व्यवस्था गर्ने ।

## २.४.१३ संस्थागत संरचनाको पुनःपरिभाषा

सरसफाइ सम्वन्धि हालका मौजुदा विभिन्न तहका समन्वय समितिहरुलाई आ-आफ्नो क्षेत्रमा सरसफाइसम्बन्धी क्रियाकलापहरुको योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन गर्ने गरी पुर्नसंरचना गरिएको छ र तिनीहरुको भूमिका तथा जिम्मेवारी पनि पुनर्निर्धारण गरिएको छ ।

**(क) समन्वय गर्ने संयन्त्र**

विभिन्न तहका समितिहरुको आपसी सम्बन्ध देखाउने ढाँचा तल उल्लेख गरिएको छ । यस ढाँचामा देखाइए अनुसार राष्ट्रिय सरसफाइ निर्देशन समितिले आफ्नो गतिविधिहरुको प्रतिवेदन राष्ट्रिय सरसफाइ समन्वय समितिको सहयोगमा सम्बन्धित मन्त्रालयहरु तथा समग्र सरोकारवालाहरु समक्ष पेश गर्नेछ । त्यसै गरी राष्ट्रिय सरसफाइ समन्वय समितिले राष्ट्रिय सरसफाइ निर्देशन समितिमा पेश गर्ने छ । क्षेत्रीय र जिल्लास्तरीय समन्वय समितिहरुले राष्ट्रिय सरसफाइ समन्वय समितिमा पेश गर्नेछन् । त्यसैगरी न.पा. र गा.वि.स. स्तरका समन्वय समितिले उनीहरुका क्रियाकलापको प्रतिवेदन जिल्ला सरसफाइ समन्वय समिति समक्ष पेश गर्नेछन् । गा.वि.स., न.पा., विद्यालय र समुदाय स्तरका कार्यक्रम र आफ्ना क्रियाकलाप र प्रगतिका सन्दर्भमा गाउँ तथा न.पा. स्तरिय समन्वय समितिमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

चार्ट न.१: समन्वय गर्ने संयन्त्रहरु




## (ख) गठन, भूमिका तथा उत्तरदायित्व

### १) राष्ट्रिय सरसफाइ निर्देशन समिति

विद्यमान राष्ट्रिय सरसफाइ कार्य संचालन समितिलाई राष्ट्रिय सरसफाइ समन्वय समिति (National Sanitation and Hygiene Coordination Commitee – NSHCC) भनी पुन: नामाकरण गरिनेछ भने राष्ट्रिय सरसफाइ निर्देशन समिति (National Sanitation and Hygiene

Steering Commitee- NSHSC) को नयाँ संरचना समेत खडा गरिने छ । यस निर्देशन समितिमा भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिव अध्यक्ष रहनेछन् । यस समितिले नेपालमा सरसफाइ सम्बन्धमा भएका गरेका काम कारवाहीहरुको प्रवर्धन गर्न, अन्तर-मन्त्रालयबीच समन्वय गरी कार्य प्रकृया सहज पार्ने र सघाउने कार्य गर्नेछ । यस समितिको भूमिका तथा दायित्व निम्न बमोजिम हुनेछ ।

**तालिका न. ४: राष्ट्रिय सरसफाइ निर्देशन समितिको संरचना र भूमिका**

| | |
|---|---|
| **अध्यक्ष** | सचिव-भौतिक योजना तथा निर्माण मन्त्रालय |
| **सदस्य सचिव** | सह सचिव-भौतिक योजना तथा निर्माण मन्त्रालय (खानेपानी तथा सरसफाइ महाशाखा) |
| **सदस्यहरु** | सह-सचिवहरुः<br>• राष्ट्रिय योजना आयोग,<br>• अर्थ मन्त्रालय,<br>• स्थानीय विकास मन्त्रालय,<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,<br>• शिक्षा मन्त्रालय,<br>• महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,<br>• वातावरण मन्त्रालय |
| **भूमिका र जिम्मेवारी** | • राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, सम्बन्धीत मन्त्रालयहरु, दातृनिकायहरु, अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग राष्ट्रिय कार्यक्रम तथा बजेट तर्जुमा गर्न समन्वय गर्ने ।<br>• क्षेत्रगत नीति, योजना, रणनीति तथा बजेटहरुको समीक्षा गर्ने<br>• सरसफाइ गुरुयोजनाको कार्यान्वयन र क्षेत्रगत क्रियाकलापहरुको प्रभावकारीताको लागि आवश्यक निर्देशन, सल्लाह तथा मार्ग निर्देशन गर्ने ।<br>• सरसफाइ सम्बन्धी राष्ट्रियस्तरका प्रमुख सवालहरुको निराकरण गर्न नेतृत्व प्रदान गर्ने ।<br>• क्षेत्रगत प्रभावकारीताको लागि राष्ट्रिय सरसफाइ समन्वय समितिलाई आवश्यक मार्ग निर्देशन गर्ने ।<br>• आवश्यक क्षेत्रगत दस्तावेजहरुलाई पारित गर्न सहजिकरण गरी स्वीकृत गर्ने ।<br>• बर्षमा कम्तिमा दुइवटा बैठकहरु संचालन गर्ने । |

### २) राष्ट्रिय सरसफाइ समन्वय समिति

यस समितिमा भौतिक योजना तथा निर्माण मन्त्रालयका सह-सचिव अध्यक्ष रहनेछन् । यस समितिले नेपालमा सरसफाइ सम्बन्धमा भए गरेका क्रियाकलापहरु प्रवर्धन गर्न सम्बन्धीत सरोकारवालाहरु बीच समन्वय गरी सहजीकरण गर्नेछ । समावेशी र सबैको प्रतिनिधित्व हुनेगरी सदस्य संस्थाहरु र समितिको आकार मन्त्रालयले स्वीकृत गर्नेछ । यस समितिको बैठकमा आवश्यकता र सान्दर्भिकता अनुसार अन्य

केन्द्रीय निकाय/संगठनलाई आमन्त्रितको रुपमा बोलाउन सकिनेछ । यस समितिको भूमिका तथा दायित्व निम्न बमोजिम हुनेछ :

### तालिका न. ५: राष्ट्रिय सरसफाइ समन्वय समितिको संरचना र भूमिका

| | |
|---|---|
| **अध्यक्ष** | सह सचिव-भौतिक योजना तथा निर्माण मन्त्रालय (खानेपानी तथा सरसफाइ महाशाखा) |
| **सदस्य सचिव** | प्रमुख, वातावरणीय सरसफाइ तथा दैवी प्रकोप व्यवस्थापन शाखा,<br>खानेपानी तथा ढल निकास विभाग । |
| **सदस्यहरु** | • राष्ट्रिय योजना आयोग, स्थानीय विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा मन्त्रालय, महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय, वातावरण मन्त्रालय,<br>• खानेपानी तथा ढल निकास विभाग, स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग, स्वास्थ्य सेवा विभाग, महिला विकास विभाग, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र,<br>• ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति, समाज कल्याण परिषद्, नेपाल उद्योग वाणिज्य महासंघ, संयूक्त राष्ट्र संघीय निकायहरु, खानेपानी, सरसफाइ संबन्धी मुख्य दाताहरु, फोहरमैला व्यवस्था तथा स्रोत परिचालन केन्द्र, सम्बन्धीत अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्थाहरु,<br>• जि.वि.स. महासंघ, न.पा. तथा गा.वि.स. महासंघ, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघरमञ्च, वन उपभोक्ता महासंघ आदि |
| **भूमिका र जिम्मेवारी** | • क्षेत्रगत प्रभावकारीताको लागि राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, सम्बद्ध मन्त्रालयहरु, दातृ निकाय र अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्थासँग समन्वय गर्ने ।<br>• राष्ट्रिय सरसफाइ कार्यक्रम आवधिक रुपमाविकास गर्ने तथा पुनरावलोकन गर्ने ।<br>• विभिन्न तह केन्द्र, क्षेत्र र जिल्लामा सरसफाइ कार्यशाला, बैठक तथा गोष्ठी सञ्चालन गर्ने ।<br>• सरसफाइ तथा स्वच्छता प्रवर्धन लगायतका विषयमा विभिन्न प्रकारका उपभोक्ता-मैत्री सूचना, शिक्षा तथा संचार सामग्री विकास गर्ने तथा प्रचार प्रसार गर्ने ।<br>• क्षेत्रीय खानेपानी तथा सरसफाइ समन्वय समिति, जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समिति र अन्य स्थानीय संस्था/निकायहरुलाई उनीहरुको आ-आफ्नो र उपभोक्ताको स्रोत साधन परिचालन गरी तीब्र गतिमा खुला दिसा मुक्त स्थिति हासिल गर्न परिचालन गर्ने ।<br>• सरसफाइ सम्बन्धी योजना तर्जुमा, स्रोत परिचालन कार्यक्रम कार्यान्वयन गरी न.पा.र गा.वि.स.हरुलाई खुला दिसा मुक्त घोषणा गर्ने र जिल्ला तहमा संचालनमा ल्याएका पूर्ण सरसफाइ कार्यक्रमहरुको कार्य सम्पादनको अनुगमन गर्ने ।<br>• समय समयमा सरसफाइ कार्य प्रगति र कार्यान्वयनका सम्बन्धमा नागरिक समाज, नीति निर्माता, राजनीतिज्ञ र संचार माध्यमलाई जानकारी दिन र सरसफाइको राष्ट्रिय प्रयासमा उनीहरुले के कस्तो योगदान पुर्‍याउन सक्छन् भन्ने सम्बन्धमा जानकारी |

गराउने ।

- सरसफाइ सम्बन्धी जोखिमको स्तरको आधारमा सरकार, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था, आयोजना र अन्य दाताहरुको निम्ति जिल्लाहरुको प्राथमिकता निर्धारण गर्ने ।
- सरसफाइका विभिन्न पक्षका सम्बन्धमा र समुदायमा यसको कार्य सम्पादन, गुणस्तर र दीगोपनाका सम्बन्धमा गरिने अनुसन्धान र विकासलाई सघाउने र सहज तुल्याउने ।
- खुला दिसा मुक्त र पूर्ण सरसफाइका क्षेत्रमा योगदान पुऱ्याउने महत्वपूर्ण व्यक्ति तथा संघ संस्थालाई पुरस्कार तथा सम्मान प्रदान गर्ने ।
- राष्ट्रिय स्तरमा राष्ट्रिय सरसफाइ सप्ताह, विश्व हात धुने दिवस, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी अभियानहरु आदि प्रायोजन गरी क्षेत्रीय र जिल्ला तहमा सहयोग पुऱ्याउने ।
- राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरका गोष्ठी, कार्यशाला, सम्मेलन आदि आयोजना गर्ने
- खुला दिसा मुक्त अवस्था लगायतका राष्ट्रियस्तरका र सरसफाइ सम्बन्धी डाटाबेस तयार पार्ने र अद्यावधि गर्ने ।
- वार्षिक रुपमा क्षेत्रगत कार्य सम्पादन प्रतिवेदन तयार गरी संयुक्त क्षेत्रगत पुनरावलोकन गोष्ठिमा पेश गर्ने ।
- कार्यक्रमको प्रभावकारीताको लागि स्रोत सर्वेक्षण तथा सरोकारवालाहरुको विश्लेषण गर्ने ।
- क्षेत्रका गतिविधि सम्बन्धी योजना तर्जुमा, कार्यक्रम निर्धारण र मूल्यांकनका लागि हरेक तीन-तीन महिनामा बैठक आयोजना गर्ने ।
- क्षेत्रीय र जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिहरु सँग समन्वय गरी हरेक जिल्ला, न.पा., तथा गा.वि.स.हरुमा पूर्ण सरसफाइको लागि संयुक्त रणनीतिक योजना/ कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नमा सहजीकरण गर्ने ।
- राष्ट्रिय सरसफाइ निर्देशन समितिलाई क्षेत्रगत प्रभावकारीताको लागि आवश्यक सहयोग प्रदान गर्ने ।
- राष्ट्रिय सरसफाइ निर्देशन समितिका निर्णयहरु कार्यान्यन गर्ने ।
-

### ३) क्षेत्रीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति

यसै गुरुयोजना अनुरुप विद्यमान क्षेत्रीय खानेपानी तथा सरसफाइ समन्वय समिति ९च्भनष्यलबा ध्बतभच क्गउउथि बलम क्बलष्तबतष्यल ऋययचमष्लबतष्यल ऋफष्ततभभ(च्ध्क्क्ऋऋ० रहेकोमा अब देखि क्षेत्रीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति ९च(ध्ब्क्ज(ऋऋ० नामाकरण गरी योजना, अनुगमन तथा ज्ञान व्यवस्थापन सम्बन्धी स्पष्ट दायित्व सहित थप सुदृढ तुल्याइने छ । यस समन्वय समितिले जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई पनि सहयोग गर्नेछ । खानेपानी तथा ढल निकास विभागको क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालयले राष्ट्रिय सरसफाइ

समन्वय समितिसँग समन्वय गरी समितिको सदस्य संस्थाहरु र यसको आकार स्वीकृत गर्नेछ । आवश्यकता र सान्दर्भिकता अनुसार सम्बन्धित संघ संस्थालाई यस समितिको बैठकमा आमन्त्रितको रुपमा बोलाउन सकिनेछ । यस समितिको संरचना, भूमिका तथा दायित्व निम्न बमोजिम हुने छ :

**तालिका न. ६: क्षेत्रीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संरचना र भूमिका**

| | |
|---|---|
| **अध्यक्ष** | क्षेत्रीय प्रशासक |
| **सदस्य सचिव** | प्रमुख, खानेपानी तथा ढल निकास विभागको क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय |
| **सदस्यहरु** | सरकारका क्षेत्रीय कार्यालयहरु (स्वास्थ्य, शिक्षा, वन), नेपाल उद्योग वाणिज्य महासंघ, संयुक्त राष्ट्र संघीय निकायहरु, क्षेत्रीय तहका खानेपानी, सरसफाइ तथा स्वास्थ्य संबन्धी मुख्य दाताहरु, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था, विकास साझेदारहरु, जि.वि.स. महासंघ, नगरपालिका तथा गा.वि.स. महासंघ, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, वन उपभोक्ता महासंघ आदि |
| **भूमिका र जिम्मेवारी** | • सरसफाइ सम्बन्धी क्षेत्रीय स्तरको विवरण र सो अनुसारको रणनीतिक योजना तयार पार्ने ।<br>• सरसफाइ सम्बन्धी जिल्ला स्तरीय रणनीतिक योजना तयार पारी लागू गर्न जिल्लाहरुलाई प्रोत्साहित गर्ने र सहयोग गर्ने ।<br>• सरसफाइ सम्बन्धी कार्यक्रमको योजना तर्जुमा गरी कार्यान्वयन गर्न जिल्लाहरुलाई सहयोगी हुने कार्यक्रम बनाउने ।<br>• क्षेत्रमा संचालित सरसफाइ सम्बन्धी कार्यक्रमहरुको कार्यसम्पादनको अनुगमन गर्ने ।<br>• आ-आफ्नो समुदायमा सरसफाइ प्रवर्धन सम्बन्धी उल्लेखनीय योगदान पुऱ्याउने विभिन्न व्यक्ति र संघ संस्थाहरुलाई पुरस्कार तथा प्रसशंपत्र प्रदान गर्ने र उनीहरुलाई "सरसफाइ प्रवर्द्धक"को मान्यता दिने ।<br>• सरसफाइ प्रवर्धनमा स्थानीय निकायको कार्यसम्पादनको पुनरावलोकन गर्न नियमित रुपमा सभा तथा गोष्ठीहरु आयोजना गर्ने ।<br>• बार्षिक रुपमा खानेपानी तथा सरसफाइ सम्बन्धी क्षेत्रगत पुनरावलोकन कार्यशाला गोष्ठी आयोजना गर्ने ।<br>• एक आपसमा सम्बन्धित सरोकारवालाहरुको सम्बन्ध विस्तार गर्ने ,आवश्यक समन्वय ,स्वीकृत कार्यप्रणाली र कार्यविधिहरुको प्रयोग गरी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन गर्ने र उपलब्धीहरुको प्रतिवेदन तयार गर्ने ।<br>• क्षेत्रीय खानेपानी तथा सरसफाइ स्रोत केन्द्र र डाटावेस स्थापना गरी अद्यावधिक गर्ने ।<br>• साझेदारहरुबीच अनुभव आदान-प्रदान गर्न क्षेत्रीय तहमा बहु-सरोकारवाला मञ्चहरु गठन गर्ने ।<br>• सम्बन्धीत क्षेत्रीय कार्यालयहरुले सरसफाइका कार्यक्रमहरुमा लैङ्गिक संवेदनशिलता तथा समावेशी पक्षहरु सुनिश्चित भए नभएको बारे अनुगमन गर्ने । |

| | |
|---|---|
| | • कार्यक्रमको प्रभावकारीताको लागि स्रोत साधन सर्वेक्षण तथा सरोकारवालाहरुको विश्लेषण गर्ने ।<br>• क्षेत्रगत गतिविधिहरुको योजना तथा कार्यक्रम बनाउन र कार्यसम्पादनको मूल्यांकन गर्नका लागि हरेक तीन महिनामा बैठकको आयोजना गर्ने । राष्ट्रिय सरसफाइ समन्वय समिति र जिल्ला खानेपानी तथा समन्वय समितिबीच निर्णय, सूचना र कार्यक्रम प्रक्रियाको आदान प्रदानको लागि सम्पर्क बिन्दुको रुपमा कार्य गर्ने ।<br>• जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिका सदस्यहरुको लागि सिकाइ तथा ज्ञानको आदान प्रदान गर्नको लागि अवलोकन एवं आदान प्रदान भ्रमणको आयोजना गर्ने ।<br>• उपयुक्तता एवं आवश्यकता अनुसार नौला एवं सिर्जनशील क्रियाकलापहरु सञ्चालन गर्ने ।<br>• |

### ४) जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति

विद्यमान जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति ( District Water Supply and Sanitation Coordination Committee : DWSSCC ) रहेकोमा यसै गुरुयोजना अनुरुप जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (District Water, Sanitation and Hygiene Coordination Committee : D-WASH-CC) भनी पुनः नामाकरण गरिएको छ । यसलाई योजना, अनुगमन तथा ज्ञान व्यवस्थापन सम्बन्धी स्पष्ट दायित्व सहित थप सुदृढ तुल्याइने छ । यस समन्वय समितिले जि.वि.स. मार्फत जिल्लास्थित सरोकारवालाहरुको काम कारवाहीलाई समन्वय गर्नेछ । जि.वि.स.ले क्षेत्रीय खानेपानी तथा सरसफाइ समन्वय समितिसँग समन्वय गरी समावेशी र सबैको प्रतिनिधिमूलक हुनेगरी यस समन्वय समितिको सदस्य संस्थाहरु र यसको आकार स्वीकृत गर्नेछ । यस समितिको बैठकमा आवश्यकता र सान्दर्भिकता अनुसार सम्बन्धित जिल्लास्तरीय संघ संघसंस्थाहरुलाई आमन्त्रितको रुपमा बोलाउन सकिनेछ । यस समितिको भूमिका तथा दायित्व निम्न बमोजिम हुनेछ ।

**तालिका न. ७: जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संरचना र भूमिका**

| | |
|---|---|
| **सल्लाहकार** | प्रमुख जिल्ला अधिकारी |
| **अध्यक्ष** | जिविस सभापति |
| **सदस्य सचिव** | कार्यालय प्रमुख, खानेपानी तथा सरसफाइ डिभिजन/सव डिभिजन कार्यालय |
| **सदस्यहरु** | स्थानीय विकास अधिकारी, स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला शिक्षा कार्यालय, संबन्धित जिल्लास्तरका दातृ संस्थाहरु, संबन्धित जिल्ला भित्रका नगरपालिकाहरु, नेपाल उद्योग वाणिज्य महासंघ, सार्वजनिक तथा निजी विद्यायलका संघहरु, संयुक्त राष्ट संघीय निकायहरु, खानेपानी र सरसफाइ सम्बन्धी मुख्य दाताहरु, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था, विकास साझेदारहरु, जि.वि.स. महासंघ, न.पा. तथा गा.वि.स. महासंघ, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, वन उपभोक्ता महासंघ आदि । |

| | |
|---|---|
| **भूमिका र जिम्मेवारी** | • सरसफाइ सम्बन्धी जिल्लास्तरको विवरण र सो अनुसार रणनीतिक कार्ययोजना तयार पार्ने ।<br>• पूर्ण सरसफाई सम्बन्धी रणनीतिक योजना/कार्ययोजनालाई जि.वि.स.बाट स्वीकृत गराउने ।<br>• सरसफाइ सम्बन्धी कार्यक्रमको योजना तर्जुमा गरी कार्यान्वयन गर्न गा.वि.स. तथा नगरपालिकाहरुलाई सहयोगी हुने कार्यक्रमहरु बनाउने ।<br>• गा.वि.स. तथा न.पा.हरुमा संचालित सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यक्रमहरुको कार्यसम्पादनको अनुगमन गर्ने<br>• सरसफाइ सम्बन्धी जिल्लास्तरीय सरसफाइ कोष स्थापना गरी व्यवस्थापन गर्ने । यस कोषमा जि.वि.स. कोष, केन्द्रीय मूलकोषबाट तोकिएको रकम (जुन विभागले व्यवस्था गरेको हुन्छ) र अन्य आय स्रोतबाट प्राप्त हुन सक्ने रकम समावेश हुन्छ ।<br>• जि.वि.स. कोषबाट आर्थिक सुविधा उपलब्ध गराई गा.वि.स. र न.पा.हरुलाई खुला दिसा मुक्त क्षेत्र घोषणा गर्न प्रोत्साहित एवं सहयोग गर्ने ।<br>• सामाजिक, आर्थिक तथा भौगोलिक अवस्था एवं जातिय विविधता विशेषगरी गरिब तथा सामाजिक रुपमा पिछडिएका वर्गहरुलाई समेत ध्यानमा राखेर लैङ्गिक समावेशी तथा सहभागीतामूलक योजना तर्जुमा , चुनौतीहरुको पहिचान एवं सहयोगको व्यवस्था गर्ने ।<br>• सरसफाइ प्रवर्धनमा स्थानीय निकायहरुले गरेको कार्यसम्पादनको पुनरावलोकन गर्न नियमित रुपमा सभा तथा गोष्ठीहरुको आयोजना गर्ने ।<br>• वार्षिक रुपमा खानेपानी तथा सरसफाइ क्षेत्र पुनरावलोकन कार्यशाला आयोजना गर्ने ।<br>• सम्बन्धित सरोकारवालाहरुले एक आपसमा सम्बन्ध विस्तार, समन्वय र एकिकृत गरी परस्परमा स्वीकृत कार्यप्रक्रिया र कार्यविधिहरु प्रयोग गरी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन गरी उपलब्धीहरुको प्रतिवेदन तयार गर्ने ।<br>• नीजिक्षेत्रलाई खानेपानी र सरसफाइको क्षेत्रमा समाहित गर्न अनुकुल वातावरणको सृजना गर्ने ।<br>• जिल्ला खानेपानी तथा सरसफाइ स्रोत केन्द्र र डाटावेस स्थापना गरी अद्यावधिक गर्ने ।<br>• जिल्ला, न.पा.का र गा.वि.स.स्तरका आवधिक तथा वार्षिक खानेपानी तथा सरसफाइ योजना प्रक्रिया तयार पार्न समन्वय र सहयोग गर्ने ।<br>• खानेपानी तथा सरसफाइ कार्यक्रम कार्यान्वयनका लागि प्रयोग भएका जिल्ला विकास कोष, आर्थिक व्यवस्थापन खर्च, गा.वि.स.को योगदान र उपभोक्ता समूहको योगदानलाई नियमित अनुगमन गर्ने ।<br>• पूर्ण सरसफाइका लागि जिल्लास्तरीय रणनीतिक योजना/कार्ययोजना र बजेटलाई जिल्ला विकास परिषद्बाट पारित गराउने ।<br>• वाह्य तथा नागरिक समाजका विकास साझेदारहरुसँग सम्बन्ध विकास गरी ठोस सहयोग प्राप्त गर्ने ।<br>• सहकार्य र सूचना आदान-प्रदानको लागि राष्ट्रिय सरसफाइ समन्वय समिति र क्षेत्रीय |

| | |
|---|---|
| | खानेपानी तथा सरसफाइ समन्वय समितिसँग समन्वय र संचारको सम्पर्क गर्ने ।<br>• कार्यक्रमको प्रभावकारीताको लागि स्रोत सर्वेक्षण तथा सरोकारवालाहरुको विश्लेषण गर्ने ।<br>• जिल्लाका गतिविधिहरुको योजना बनाउने, कार्यक्रम बनाउने र कार्यसम्पादनको मूल्यांकन गर्नका लागि हरेक तीन महिनामा बैठक आयोजना गर्ने ।<br>• जिल्लास्तरको  स्रोत केन्द्र स्थापना गर्ने ।<br>• उपयुक्तता तथा आवश्यकता अनुसार नौला एवं सिर्जनशील क्रियाकलापहरु सञ्चालन । |

*द्रष्टव्यः जिविस सभापतिको अनुपस्थितिमा स्थानीय विकास अधिकारी अध्यक्ष हुनेछन् ।*

### ५) नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति

नगरपालिका स्तरमा सरसफाइ सम्बन्धी योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्ने सवैभन्दा सानो इकाई नगरपालिका नै हुनेछ । अतः नगरपालिकास्तरमा सरसफाइ प्रवर्धन सम्बन्धी क्रियाकलापको समग्र योजना तर्जुमा, अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्यको दायित्व नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (Muncipality Water Supply, Sanitation and Hygiene Coordination : M-WASH-CC) मा रहनेछ । नगरपालिकाले जिल्ला खानेपानी तथा सरसफाइ तथा स्वच्छता समन्वय समितिसँग समन्वय गरी समावेशी र सबैको प्रतिनिधिमूलक हुनेगरी समितिमा रहने सदस्य संस्थाहरु तथा समितिको आकार अनुमोदन गर्नेछ । नगरपालिका स्तरका सम्बद्ध संघ संस्थाहरुलाई आवश्यकता अनुसार यस नगरपालिका समन्वय समितिको बैठकमा आमन्त्रितका रुपमा बोलाउन सकिनेछ । यस समन्वय समितिको संरचना, भूमिका तथा दायित्व निम्न बमोजिम हुनेछ :

### तालिका न. ८: नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संरचना र भूमिका

| | |
|---|---|
| **अध्यक्ष** | नगरपालिका प्रमुख (मेयर) |
| **सदस्य सचिव** | कार्यकारी अधिकृत |
| **सदस्यहरु** | स्वास्थ्य सुविधा प्रदायकहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु, वन उपभोक्ता समूहहरु, विकास साझेदारहरु, खानेपानी तथा सरसफाइ सम्बन्धी उपभोक्ता समितिहरु, टोल सुधार समितिहरु, वाल क्लव, महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकहरु, प्रधानाध्यापक तथा प्राचार्यहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघ, महिला समूहहरु, लघुकर्जा संस्थाहरु, स्थानीय सञ्जालहरु आदि । |
| **भूमिका र जिम्मेवारी** | • नगरपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण तयार पार्ने र अद्यावधिक गर्ने ।<br>• विद्यमान व्यवधानहरुलाई न्यूनिकरण गर्न सरसफाइ सम्बन्धी चुनौतीहरु र सो सम्बन्धी अपनाइएका रणनीतिहरुको विश्लेषण गर्ने ।<br>• सरसफाइ प्रवर्धन सम्बन्धी क्रियाकलापहरु तथा सो को लागि आवश्यक बजेट सहितको अल्पकालिन र दीर्घकालिन योजना बनाइ नगरपालिकास्तरीय संयुक्त कार्ययोजना तयार पार्ने र कार्यान्वयन गर्ने ।<br>• नियमित अनुगमन गर्न अनुगमन टोली गठन गर्ने र समुदाय तथा विद्यालयहरुलाई प्राविधिक सरसल्लाह तथा सहयोग उपलब्ध गराउने ।<br>• निर्वाधरुपमा कार्यक्रमहरुको सरल कार्यान्वयनको निमित्त समीक्षा बैठक लगायत अनुगमन क्रियाकलापहरु संचालन/आयोजना गर्ने ।<br>• पूर्ण सरसफाइ सम्बन्धी रणनीतिक योजना/कार्ययोजना तथा बजेटलाई नगरपरिषद्बाट पारित गर्ने ।<br>• आवश्यक सूचना र निर्णयको परस्पर आदान प्रदानको लागि जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिसंग समन्वय गर्ने ।<br>• कार्यक्रमको प्रभावकारीताको लागि स्रोत सर्भेक्षण तथा सरोकारवालाहरुको विश्लेषण गर्ने ।<br>• क्षेत्रगत क्रियाकलापहरुको योजना, कार्यक्रम र कार्यसम्पादनको मूल्याङ्कन गर्नका लागि हरेक तीन महिनामा बैठक आयोजना गर्ने ।<br>• उपयुक्तता तथा आवश्यकता अनुसार नौला एवं सिर्जनशील क्रियाकलापहरु सञ्चालन गर्ने । |

*द्रष्टव्य: नगर प्रमुख (मेयर)को अनुपस्थितिमा कार्यकारी अधिकृत अध्यक्ष र स्वास्थ्य सुविधा प्रदायकका प्रमुख वा खानेपानी सरसफाइको सम्पर्क व्यक्ति सदस्य सचिव हुनेछन ।*

### ५) गाँउ विकास समिति स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति

गाउ विकास समिति स्तरमा सरसफाइ सम्बन्धी योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्ने सवैभन्दा सानो इकाई गा.वि.स. नै हुनेछ । अतः गा.वि.स. स्तरमा सरसफाइ प्रवर्धन सम्बन्धी क्रियाकलापको समग्र योजना तर्जुमा, अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्यको दायित्व गा.वि.स. स्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (Village Development Committee Water Supply, Sanitation and Hygiene coordination committee V-WASH-CC) रहनेछ । गा.वि.स.ले जिल्ला खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिसँग समन्वय गरी समावेशी तथा सबैको प्रतिनिधिमूलक हुने गरी समितिमा रहने सदस्य संस्थाहरु तथा समितिको आकार तय गर्नेछ । गा.वि.स. तथा नगरपालिका स्तरका संस्थाहरुलाई आवश्यकता अनुसार यस गा.वि.स.स्तरको समन्वय समितिको बैठकमा आमन्त्रितका रुपमा बोलाउन सकिनेछ । यस समन्वय समितिको संरचना, भूमिका तथा दायित्व निम्न बमोजिम हुनेछ :

**तालिका न. ९: गा.वि.स. स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संरचना र भूमिका**

| | |
|---|---|
| **अध्यक्ष** | गा.वि.स. अध्यक्ष |
| **सदस्य सचिव** | गा.वि.स. सचिव |
| **सदस्यहरु** | स्वास्थ्य सुविधा प्रदायकहरु, गैर सरकारी संस्था, समुदायमा आधारित संस्थाहरु, वन उपभोक्ता समूहहरु, विकास साझेदारहरु, खानेपानी तथा सरसफाइ सम्बन्धी उपभोक्ता समितिहरु, टोल सुधार समितिहरु, बाल क्लव, महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकहरु, प्रधानाध्यापक तथा प्राचार्यहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघ, महिला समूहहरु, लघुकर्जा संस्थाहरु, स्थानीय सञ्जालहरु आदि । |
| **भूमिका र जिम्मेवारी** | • गा.वि.स.को खानेपानी तथा सरसफाइको रुपरेखा तयार गरी लेखाजोखा तथा अद्यावधिक गर्ने ।<br>• विद्यमान व्यवधानहरुलाई न्यूनिकरण गर्न सरसफाइ सम्बन्धी चुनौतीहरु र सो सम्बन्धी अपनाइएका रणनीतिहरुको विश्लेषण गर्ने ।<br>• सरसफाइ प्रवर्धन गर्ने क्रियाकलापहरु तथा सो को लागि आवश्यक बजेट सहितको अल्पकालिन तथा दीर्घकालिन योजना बनाएर उत्तरदायित्व सहितको संयुक्त कार्ययोजना तयार पार्ने र कार्यान्वयन गर्ने ।<br>• नियमित अनुगमनका लागि अनुगमन टोली गठन गर्ने र समुदाय तथा विद्यालयलाई प्राविधिक सरसल्लाह र सहयोग उपलब्ध गराउने ।<br>• कार्यक्रमहरुको कार्यान्वयन तथा अनुगमनका लागि निर्वाध रुपमा समीक्षा बैठक तथा निरन्तरता दिने क्रियाकलापहरु संचालन गर्ने ।<br>• पूर्ण सरसफाइ सम्बन्धी रणनीतिक योजना/कार्ययोजना तथा बजेटलाई गाउँ परिषद्बाट स्वीकृत गराउने ।<br>• आवश्यक जानकारी तथा निर्णयबारेमा अवगत गराउन जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिसँग समन्वय गर्ने । |

| | |
|---|---|
| | • कार्यक्रमको प्रभावकारीताको लागि स्रोत सर्भेक्षण तथा सरोकारवालाहरुको विश्लेषण गर्ने ।<br>• क्षेत्रगत क्रियाकलापहरुको योजना, कार्यक्रम र कार्यसम्पादनको मूल्याङ्कन गर्नका लागि हरेक तीन महिनामा बैठक आयोजना गर्ने ।<br>• उपयुक्तता तथा आवश्यकता अनुसार नौलो एवं सिर्जनशील क्रियाकलापहरु गर्ने । |

*द्रष्टव्यः गा.वि.स. अध्यक्षको अनुपस्थितिमा गा.वि.स. सचिव अध्यक्ष र स्वास्थ्य सुविधा प्रदायकका प्रमुख सदस्य सचिव हुनेछन् ।*

६) **कार्यदलः**

सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागि गठित विभिन्न तहमा गठित समन्वय समितिमा सम्बन्धीत समितिका चार देखि पाँच जना प्रमुख सदस्यहरु सहित एक कार्यदल रहनेछ । जसले समग्र योजनाको तर्जुमा गर्नेगरी कार्यान्वयन गर्न सघाउनेछन् । कार्यदलका सदस्यहरु सामान्यतः सम्बन्धित संस्थाका सम्पर्क व्यक्तिहरु हुनेछन् भने सदस्यहरुमा कम्तिमा एकजना महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

## २.४.१४ बहुक्षेत्रहरुसाग साझेदारी सुदृढ तुल्याउने

### (१) दातृ तथा अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था

दातृ समुदाय र अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्थाको बृहत् भूमिका अन्तर्गत नीति निर्माण तथा पूर्ण सरसफाइ कार्यक्रमको कार्यान्वयनमा सहयोग पुऱ्याउने, पुरस्कार तथा सम्मान प्रदान गर्ने, सरसफाइ कोष स्थापना गर्ने, पैरवी तथा क्षमता विकास क्रियाकलाप सञ्चालन गर्ने, योजना तर्जुमा गर्ने कार्यमा सरकारी तथा स्थानीय निकायहरुको योजना तर्जुमा गर्ने क्षमता अभिवृद्धि गर्न सघाउने र लगानी गर्ने तथा नौला एवं सिर्जनशील कृयाकलापहरु संचालन गर्ने कार्यमा योगदान पुऱ्याएर सरकारको सहस्राब्दी विकास लक्ष्य तथा सरसफाइ सम्बन्धी राष्ट्रिय लक्ष्य हासिल गर्न सघाउने आदि हुन् । दातृ, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था तथा विकास साझेदारहरुले सरकारको वार्षिक तथा बहुवर्षे योजना अनुरुप विभिन्न क्रियाकलापहरुमा आवश्यकता अनुसार सहयोग पुऱ्याउनेछन् ।

### (२) नागरिक समाज

समुदायका प्रत्येक वर्गको प्रतिनिधित्व, समावेशी, लैङ्गिक समानता तथा सहभागिताको सुनिश्चितता गर्नका लागि स्थानीय नागरिक समाज जस्तै स्थानीय गैर-सरकारी संस्था, बालक्लब, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, युवाक्लब, जुनियर रेडक्रस सर्कल, महिला समूह, उपभोक्ता समूह र अन्य आदिवासी/साँस्कृतिक समूहहरुलाई बृहत रुपमा परिचालन गरिनेछ । यस्ता प्रत्येक समुहलाई सरसफाइ कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुले खुला दिसा मुक्त अभियानमा विशेष भूमिका दिई परिचालन गर्नेछन् । खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघलाई सार्वजनिक लेखा परीक्षण तथा सामुदायिक परिचालनको लागि संलग्न गराइने छ । त्यसैगरी युवा तथा स्वयंसेवीहरुलाई गरिब, ज्येष्ठ नागरिक, महिला घरमुली भएका परिवार र समुदायमा अन्य सहयोग चाहिने परिवारहरुका लागि चर्पी निर्माण गर्ने कार्यमा स्थानीय स्रोत एवं कोष संकलन गरी परिचालन गरिनेछ ।

विशेष गरी समुदायमा अवसरहरुबाट वञ्चीत केही परिवारलाई चर्पी (खास गरी टिकाउ, दीगो र स्वस्थ्यकर चर्पी) निर्माणको लागि सरल ऋण प्रवाह गर्नु परेमा वन उपभोक्ता समूहहरु, वचत तथा ऋण समूहहरु र महिला समूहरुलाई परिचालन गर्न सकिनेछ ।

### ३) निजी क्षेत्र

निजी क्षेत्र र संस्थाहरुलाई सरसफाइ प्रवर्धनका क्षेत्रमा लगानी गर्ने तर्फ आकर्षित गर्न विभिन्न तहमा उनीहरुसँग सहकार्य र साझेदारी गरिनेछ । विशेष गरी साबुन तथा चर्पी निर्माण सामग्री उत्पादकहरुलाई लक्षित गरी सार्वजनिक निजी साझेदारीको अवधारणा अघि बढाइनेछ । जसबाट चर्पी निर्माण र प्रयोगको माग बढाउन तथा साबुनले हात धुने बानी व्यवहार प्रवर्धन गर्न बढाउन सकिनेछ । त्यसैगरी, स्थानीय उत्पादकहरु तथा उद्यमशीलहरुलाई पनि स्थानीय तहमा चर्पी निर्माण गर्न प्रयोग गरिने प्यान वा सिमेन्ट कंक्रीट रिङ्ग उत्पादन गर्न प्रोत्साहित गरिनेछ । साथै ठूला र मध्यम स्तरका निजी क्षेत्रका व्यवसायीहरु तथा व्यापारिक प्रतिष्ठानहरुलाई कर छुट, अनुदान, सह लगानी आदि जस्ता नवीनतम अवधारणाका माध्यमबाट शहरी क्षेत्रको फोहर मैला व्यवस्थापनमा लगानी गर्न प्रोत्साहित गरि उनीहरुसंग कार्यगत सम्बन्ध स्थापना गरिनेछ । सरसफाइ सम्बन्धी सामग्रीहरु उत्पादन गर्दा बाल, लैङ्गिक तथा अपाङ्ग–मैत्री पक्षहरुमा पनि जोड दिइनेछ । दीगो सरसफाइका विधिहरु जस्तै पर्यावरणीय सरसफाइमा समेत ध्यान दिइनेछ । समुदाय, गा.वि.स. र नगरपालिकाहरुमा माग र आवश्यकता हेरी सरसफाइ बजार/ सरसफाइसम्बन्धी पसलहरु खडा गर्न स्थानीय तहका व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ । यसका अतिरिक्त निजी क्षेत्र तथा गैर सरकारी संस्थालाई सरसफाइ सम्बन्धमा अनुसन्धान तथा विकासका क्रियाकलापहरु अघि बढाउन प्रोत्साहित गरिनेछ ।

## २.४.१५ विभिन्न तहमा सरोकावालाहरुको क्षमता अभिवृद्धि

खानेपानी तथा ढल निकास विभागको नेतृत्वमा क्षेत्रीय तथा जिल्ला खानेपानी ,सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु र स्थानीय तहका सरोकारवालाहरुलाई विभाग अन्तर्गतको वातावरणीय सरसफाइ तथा दैवी प्रकोप व्यवस्थापन शाखा र केन्द्रीय जनसाधन विकास इकाइ मार्फत क्षेत्रगत सरोकारवालाहरुको लागि तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ । स्थानीय निकाय र सरसफाइमा लागेका सरसफाइ प्रवर्द्धकहरुले स्थानीय तहका राणनीतिक योजना/कार्ययोजना कार्यान्वयन गर्न यस्ता प्रयासका माध्यमबाट सहयोग पुग्नेछ ।

### (१) स्थानीय निकायलाई संयुक्त रणनीतिक योजना/कार्ययोजना तयार गर्न क्षमता अभिवृद्धि गर्ने

सबै जि.वि.स., न.पा. र गा.वि.स.हरुलाई सचेतनामूलक कार्यशाला र गोष्ठीहरुको माध्यमबाट सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्बन्धी कार्यमा नेतृत्वदायी भूमिका खेल्न अभिमुखीकरण गरिनेछ । जस मार्फत सरसफाइ सम्बन्धी विद्यमान अवस्था, कठीनाइ तथा अवसरहरुको बारेमा बुझ्न तिनीहरुलाई सशक्त बनाइने छ । साथै यसले स्थानीय तहमा खुला दिसा मुक्त अभियान र पूर्ण सरसफाइ सम्बन्धी गतिविधिहरु द्रुतगतिमा अघी बढाउन संयुक्त रणनीतिक योजना/कार्य योजना (अनुसूचि-३) तयार पार्न र लागू गर्न सहयोग पुऱ्याउँदछ । सचेतनामूलक कार्यशालाले देशभरीका जिल्ला, न.पा., गा.वि.स.हरु तथा विद्यालयहरुमा अभ्यास गरिएका सफल पद्धति तथा सिकिएका पाठ बुझ्ने बुझाउने अवसर पनि प्रदान गर्नेछ । जिल्ला तहका राजनीतिज्ञ, संघ संस्था, गैर-सरकारी संस्था, निजी क्षेत्र, धार्मिक संस्था, महिला स्वास्थ्य स्वयंसेविका, महिला, अन्य संघ संस्थाहरु र गाउँस्तरीय, नगरस्तरीय र जिल्लास्तरीय खानेपानी ,सरसफाइ तथा स्वच्छता समन्वय समितिका सदस्यहरु यस्ता कार्यशालामा सहभागी हुनेछन् ।

### (२) राष्ट्रिय र क्षेत्रीय तहका सरोकारवालालाई सचेतना दिलाउने:

केन्द्रीय तथा क्षेत्रीय तहमा आवद्ध नीति निर्माता, योजनाविद्, राजनीतिक तथा अन्य निर्णयकर्ताहरुका लागि आवधिक रुपमा सचेतना कार्यशाला/गोष्ठि आदि आयोजना गरिनेछ । कार्यशालाका विषयवस्तु

लगभग जिल्ला तहको कार्यशालाको जस्तो हुनेछ । विभागले राष्ट्रिय सरसफाइ समन्वय समिति संगको समन्वयमा यस्ता क्रियाकलाप संचालनका लागि सहजीकरण गर्नेछ । यसका अतिरिक्त असल अभ्यास तथा सिकाइहरुको प्रचार प्रसारका लागि सरोकारवालाहरुको अध्ययन/अवलोकन भ्रमण आयोजना गरिनेछ ।

#### (३) **जिल्लामा तालिम प्राप्त जनसाधनको सुनिश्चितता गर्ने**

प्रत्येक जिल्लामा सरसफाइ सम्बन्धी सहजकर्ताहरुको एक टोली (३३ प्रतिशत महिला प्रतिनिधि सहित ५ देखि १० जनासम्मको ) रहनेछ । तिनीहरुलाई खुला दिसा मुक्त अभियान सञ्चालन गर्न सचेतना तथा सहभागीतामूलक ग्रामीण लेखाजोखाको योजना र प्रयोग सम्बन्धी विधि र पद्धतिका सम्बन्धमा समुदायको पूर्व तयारी सम्बन्धी तालिम दिइनेछ । तिनीहरुलाई जि.वि.स.ले अस्थायी रुपमा करार सेवामा परिचालन गर्न सक्नेछ । जिल्ला खुला दिसा मुक्त नभएसम्म तिनीहरुको करार सेवाको अवधि बढाउन सकिनेछ । तर पूर्ण रुपमा सरसफाइ र स्वच्छता प्रवर्धन सम्बन्धी बानी व्यवहारमा परिवर्तन गराउनका लागि खुला दिसा मुक्त घोषणा पश्चात पनि नियमित अनुगमन तथा निरन्तरता दिने क्रियाकलापहरु सञ्चालन गर्नु पर्दछ । खुला दिसा मुक्त अवस्थाको मूल्यांकन गर्ने आधार जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिले तय गर्नेछ ।

जिल्ला तहका सहजकर्ताहरुलाई सरसफाइ गुरुयोजना, सरसफाइ सम्बन्धी जिल्लास्तरीय रणनीतिक कार्ययोजना, पूर्ण सरसफाइका पद्धति र विधिहरुका बारेमा तालिम दिइनेछ । त्यसपछि गा.वि.स.र न.पा.भित्र घरायसी स्तरमा खुला दिसा मुक्त अवस्था सम्बन्धी प्रारम्भिक कार्य प्रक्रियाहरु अघि बढाउन ती सहजकर्ताहरुले २०-३० जना स्थानीय उत्प्रेरकहरु वा स्थानीय अगुवाहरुलाई सचेतना फैलाउन तालिम दिनेछन् । उत्प्रेरकका क्रियाकलापहरुले पहिले खुला दिसा मुक्त सम्बन्धी कार्य सुनिश्चित गर्दछ । त्यसपछि गा.वि.स. र न.पा.ले पूर्ण सरसफाइ सम्बन्धी संयुक्त रणनीतिक योजना/कार्ययोजनामा तोकिएका आधारहरु अनुरुप पूर्ण सरसफाइसम्बन्धी कार्यहरु सुनिश्चित गर्नेछन् ।

#### (४) **विद्यालय र स्थानीयस्तरका संघ संस्थाहरुलाई अभिप्रेरित गर्ने**

सरसफाइ सम्बन्धि क्रियाकलापहरुलाई तिव्रता दिनको लागि विद्यालय, समुदायमा आधारित र अन्य स्थानीय संस्थाहरुलाई पैरवी र चेतना अभिवृद्धिसम्बन्धी क्रियाकलापहरुको साथै तालिम दिन / अभिमुखीकरण गर्न विशेष जोड दिइनेछ । व्यापक समुदायिक जागरणका माध्यमबाट स्थानीय स्तरमा कार्यक्रम अघि बढाउन उत्प्रेरणा जगाउने विधिहरु तथा अन्य स्थानीय स्तरमै विकसित आम सचेतना सम्बन्धी विधिहरु प्रयोगमा ल्याइनेछ । विद्यालयमा सरसफाइ कार्यक्रम प्रवर्धन गर्न र सो को लागि क्षमता विकास गर्न शिक्षा मन्त्रालयले सञ्चालन गरेका विद्यालय सुधार कार्यक्रम र अन्य प्रवर्धनात्मक कार्यक्रमहरुसँग सरसफाइका क्रियाकलापहरु एकीकृत गरिनेछ ।

सरसफाइ प्रवर्धन सम्बन्धी क्रियाकलापहरुलाई सघनरुपमा संस्थागत गर्न आवश्यकता अनुसार विद्यालयस्तरीय पाठ्यक्रमलाई पनि परिमार्जित गरिनेछ ।

## २.४.१६ पैरवी, शिक्षा र सामाजिक परिचालन

#### (१) **संचार माध्यम तथा संचार रणनीति**

स्थानीय तथा राष्ट्रिय तहका संचार माध्यमहरु (छापा, विद्युतीय र एफ.एम.रेडियो) लाई प्रकाशन तथा प्रशारणका माध्यमबाट सरसफाइ तथा स्वच्छता हासिल गरिएका उपलब्धी र असल अभ्यासहरुको

बारेमा प्रचार प्रसार गर्न सरसफाइका दृष्टिले सफल गा.वि.स., न.पा. र जिल्लाहरुको भ्रमण गर्न प्रोत्साहित गरिनेछ । तिनीहरुलाई विज्ञापन र भ्रमणका माध्यमबाट सहयोग गरी प्रोत्साहित गरिनेछ । यसका लागि सरसफाइ सम्बन्धी उत्कृष्ठ लेख/रचनालाई पुरस्कार र सम्मान दिने व्यवस्था पनि गरिनेछ । यस कार्यका लागि संचार माध्यम र संचार सम्बन्धी रणनीति बनाइनेछ र सबै तहमा पूर्ण सरसफाइसम्बन्धी विषयमा आम संचार अभियान/क्रियाकलापलाई आवद्ध गरिनेछ । संचार माध्यमहरुलाई सरसफाइ तथा स्वच्छता प्रवर्धन सम्बन्धी विषयहरु सम्वन्धमा मूल प्रवाहमा ल्याउन अलग्गै संचार रणनीति बनाई कार्यान्वयनमा ल्याइनेछ ।

## (२) **सामाजिक परिचालन**

स्वस्थ बानी व्यहोरा प्रवर्धन गर्न राजनीतिक प्रतिबद्धता प्राप्तिका साथै योजनाविद् तथा नीति निर्माता, सामाजिक मार्केटिङ्ग गर्ने निकाय/व्यक्ति आदिलाई सुसुचित बनाउन विद्यमान राष्ट्रियस्तरका अभियानलाई अझ सुदृढ, प्रभावकारी र एकीकृत बनाइनेछ । यसका अतिरिक्त विश्व हात धुने दिवस, विश्व चर्पी दिवस, विश्व वातावरण दिवस, विश्व पानी दिवस, राष्ट्रिय सरसफाइ सप्ताह, खानेपानी, सरसफाइ तथा स्वच्छता अभियान, खुला दिसा मुक्त घोषणा समारोह आदिमा व्यापक जनचेतना अभिवृद्धि क्रियाकलापहरु संचालन गरिनेछ । यी समारोह/अवसरहरुमा स्थानीय क्रियाकलापहरुको माध्यमबाट गरिब, सामाजिक रुपमा पिछडिएका, सीमान्तकृत, समुदाय, विद्यालय, समुदायमा आधारित संस्था, गा.वि.स.,न.पा. गै.स.स., जि.वि.स. र जिल्ला स्तरका सम्बद्ध निकायहरुलाई व्यापक रुपमा परिचालन गरिनेछ । समुदायस्तरमा तालिम प्राप्त अगुवाहरुले मौजुदा स्थानीय तहका क्लब र समूहलाई घरधुरी तहमा सरसफाइ सम्बन्धी अभियानमा परिचालन गर्नेछन् ।

## ३) **आधारभूत बानी व्यवहारको विकासको संयन्त्र**

सरसफाइ र स्वच्छताका सुविधाहरु विभिन्न विभिन्न जाति र क्षेत्रका मानिसहरुले प्रयोग गर्दै आएका छन् । साथै सोही अनुरुप व्यवहारहरुको पनि विकास भएको छ । उनीहरुका यी अभ्यास तथा व्यवहारहरु प्रवर्धन गर्नु आवश्यक छ । जस्तै सावुन पानीले हात धुने, स्वस्थ चर्पीको प्रयोग आदि । परम्परागत सांस्कृतिक अभ्यास र व्यवहारलाई मध्यनजर गर्दै परिवर्तन/विकास गरीएको आधारभूत व्यवहारको संयन्त्रले सरसफाइमा सकारात्मक प्रवर्धन र सुधार गर्नेछ, सामाजिक तथा सांस्कृतिक मूल्यलाई सम्मान गर्नेछ ,विशेष गरी युवाहरुलाई विद्यमान सुविधा र अभ्यास बुझ्न सघाउनेछ ।

## (४) **अनुसन्धान र विकास**

विभिन्न व्यवसायिक संस्थाहरु, शैक्षिक संस्थाहरु, निजी व्यवसायी, अनुसन्धान संस्थाहरुका साथै स्वतन्त्र अनुसन्धानकर्ताहरुलाई सरसफाइ सम्बन्धी विषयमा सैद्धान्तिक वा कार्यमुखी अनुसन्धानका लागि प्रोत्साहित गरिनेछ । ती अनुसन्धानका विषयहरुमा नीति र योजना, सामाजिक/साँस्कृतिक परिवेश, प्रविधि, कार्यक्रम पद्धति, दीगोपनाको विश्लेषण, रणनीतिक योजना, खानेपानी र सरसफाइ प्रवर्धनमा महिला सहभागीता, आयआर्जनका गतिविधि, युवा सहभागिता, मृत्यूदर र रोग व्याधी, प्रकोप व्यवस्थापन, जलवायू परिवर्तनको प्रभाव, जनसहभागिता र समावेशीकरण, संस्थागत व्यवस्था, प्रभाव अध्ययन, तालिम आवश्यकता पहिचान, संचारमाध्यम मार्फत पैरवी, दस्तावेज तयारी, सुशासन पद्धति आदि रहेका छन् ।

### (५) ज्ञान व्यवस्थापन

आधारभूत तथ्यांक, नीतिहरु, पद्धति, प्रगति, अनुगमन तथा मूल्यांकन प्रतिवेदनहरुलाई जि.वि.स.को सरसफाइ ईकाइ शाखा, खानेपानी तथा सरसफाइ डिभिजन/सवडिभिजन कार्यालय, राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय, विभाग अन्तर्गतको राष्ट्रिय सूचना व्यवस्थापन इकाईलाई मन्त्रालयले भविष्यको लागि सरसफाइ क्षेत्रको सन्दर्भ सामग्रीको रुपमा राख्नेछन् । ज्ञानको आदान प्रदानको लागि आवधिक बैठक, कार्यशाला र अध्ययन भ्रमणको आयोजना गरिनेछ । माग बढाउने र प्रवर्धन गर्ने किसिमका विभिन्न सूचना, शिक्षा संचार सामग्रीको विकास गरिनेछ । यस बाहेक लेख, समाचार, दृष्टिकोण, अनुसन्धानबाट देखिएको कुरा, सफलताका कथाहरुलाई पत्रपत्रिका, जर्नल, पुस्तिका र बुलेटिन, सूचना, समाचार पत्रिकाका माध्यमबाट प्रकाशन र सूचनाको आदान प्रदान गरिनेछ । यसले ज्ञान व्यवस्थापन, संजाल निर्माण र पैरवीको लागि फराकिलो आधार तय गर्ने छ ।

राष्ट्रिय सरसफाइ समन्वय समितिको सचिवालय र केन्द्रीय जनसाधन विकास इकाई र सरसफाइ क्षेत्रमा ज्ञान व्यवस्थापनसँग सम्बन्धित अन्य संजालहरुलाई स्रोत सामग्री उपलब्ध गराइनेछ । क्षेत्रीय, जिल्ला, न.पा. र गा.वि.स.स्तरका खानेपानी तथा सरसफाइ समन्वय समितिहरुका सचिवालयहरुमा तथ्यांक र सूचना केन्द्रहरु स्थापना गरी ती तथ्यांक/सूचनाको प्रमाणीकरण खानेपानी तथा सरसफाइ डिभिजन/सव डिभिजन कार्यालय र राष्ट्रिय सरसफाइ निर्देशन समितिको निकट समन्वयमा रही गरिनेछ । यी ज्ञानका आधारभूत सामग्रीहरुलाई नीति, योजना तथा रणनीति निर्माणमा सकारात्मक प्रभाव पार्ने हेतुले समय समयमा सम्बद्ध सरोकारवालाहरुलाई जानकारी गराइनेछ ।

## २.४.१७ लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक समावेशीकरण

### (१) लैङ्गिक मूलप्रवाहीकरण

सरसफाइ सम्बन्धी सबै कार्यक्रम र क्रियाकलापहरुमा लैङ्गिक संवेनशीलतालाई आत्मसाथ गरिनेछ । जिल्ला तहका सहजकर्ता लगायत सबै तहका समन्वय समितिहरुमा कम्तिमा पनि एक तिहाइ सदस्यहरु महिला हुनुपर्ने प्रावधानलाई सुनिश्चित गरिनेछ । सल्लाहकार टोलीमा समेत समुचित ढङ्गले लैङ्गिक सन्तुलन कायम गरिनेछ । यसैगरी क्षमता अभिवृद्धि सम्बन्धी सबै तालिम/ कार्यशालाहरुमा पनि सहभागीहरुको लैङ्गिक सन्तुलन मिलाइनेछ । लैङ्गिक सम्वेदनशीलतालाई ध्यानमा राखी वकालत र सूचना, शिक्षा तथा संचार सामग्रीहरु तयार पारिनेछ । महिला सहभागीतालाई कार्यक्रम संचालनका सम्पूर्ण चरणहरुमा सुनिश्चित गरिनेछ ।

### (२) अवसरबाट वञ्चीत समूह र दुर्गम भौगोलिक क्षेत्रहरु

भूमिहीन, अति गरिब, सुकुम्वासी, झोपडीमा बस्ने व्यक्तिहरु र दुर्गम भागमा बस्ने मानिसहरुको चर्पीमा पहुँच अति नै कम रहेको छ । तिनीहरुलाई चर्पी सुविधामा पहुँच सुनिश्चित गर्न जिल्ला, न.पा. र गा.वि.स. तहका समन्वय समिति मार्फत स्थानीय रुपले उपयुक्त सहयोग संयन्त्र खडा गरिनेछ । समुदायको योगदान सुनिश्चित गरी त्यस्ता विशेष लक्षित वर्गलाई चक्र कोष, पुरस्कार, वस्तुगत सहयोग आदि मार्फत प्रदान गरिने सहयोगको परिमाणमा लचकता अपनाइ सहयोग उपलब्ध गराउन सकिनेछ । त्यस्ता ठाउँमा स्थानीय रुपमा सुहाउँदा कम लागतका उपयुक्त प्रविधिगत विकल्पहरु अपनाउन समेत जोड दिइनेछ ।

## २.४.१८ आपत्कालिन पूर्व तयारी र त्यसको सामना

हालैका वर्षहरुमा नेपालले विभिन्न समस्याहरुः तराईमा बाढी, पहाडमा बाढी/पहिरो, दुर्गम हिमाली क्षेत्र र पहाडी क्षेत्रमा रोग व्याधी, महामारीका कारण आपतकालिन अवस्थाको सामना गर्दै आएको छ । यी सवै आपतकालिन अवस्थाहरुमा सरसफाइ सम्बन्धी समस्याले भयावह रुप लिएको छ। दुर्गम हिमाली/पहाडी क्षेत्रमा सूचना (ज्ञान) र अन्य सुविधाको अभाव , दुर्गम क्षेत्र भएकै कारण र तराई क्षेत्रमा जथाभावी खुला दिसा गर्ने प्रचलन तथा घनावस्ती र ढल निकास सुविधाको अभावका कारण यी क्षेत्रहरु सरसफाइका दृष्टिले आक्रान्त छन् । यी क्षेत्रमा सरसफाइ सम्बन्धी सुविधा नभएको (केही अवस्थामा ती सुविधा उपयोग नगरेका कारण ) झाडापखाला ( कहिलेकाही हैजाको महामारी समेत) बढ्दो क्रममा देखा परी मानिसहरु विरामी पर्ने गरेका छन् । एच.आइ.भी. प्रभावित र जोखिममा परेका वर्ग, ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती र दुध खुवाउने अवस्थाका महिला आदिलाई सरसफाइ सुविधा पुऱ्याउन विशेष रुपमा ध्यान दिइनेछ । अतः गुरुयोजनामा त्यस्ता समस्यालाई समाधान गर्न देहायबमोजिका उपायहरु उल्लेख गरिएको छ :

- जिल्लामा आपतकालिन् सरसफाइ कोष स्थापना;
- जिल्लामा क्लोरिन र औषधिको भण्डारण;
- जिल्लामा चर्पी निर्माण गर्ने सामग्रीको भण्डारण;
- पानीको गुणस्तर जाँच्ने विधि-औजार/उपकरण; र
- आपतकालिन सरसफाइ तथा स्वच्छताका निमित्त तालिम प्राप्त सहजकर्ता/स्वयंसेवक परिचालन;

बाढी र महामारीको जोखिम उच्च भएका प्रत्येक जिल्लामा आपतकालिन सरसफाइ कोष स्थापना गरिनेछ । सो कोषलाई सामुदायिक सचेतना, चर्पी निर्माण, स्वयंसेवक परिचालन, भ्रमण खर्च आदि कामका लागि उपयोग गरिनेछ । जिल्ला जनस्वास्थ्य कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन/सवडिभिजन कार्यायलले झाडा पखाला र हैजा वा अन्य महामारी रोकथामका लागि क्लोरिन र अन्य औषधिको संचित र वितरण गर्नेछन् । स्वास्थ्य स्वयंसेवक, महिला स्वास्थ्य स्वयंसेवीका, सहजकर्तालाई हरेक जिल्लामा आपतकालिन सरसफाइका सम्बन्धमा तालिम दिइनेछ । स्वयंसेवक तालिममा चर्पी निर्माण, क्लोरिनको प्रयोग, खानेपानी प्रयोग गर्नु अघि शुद्धिकरणका उपाय, प्राथमिक उपचार आदि विषयमा प्रशिक्षण दिइनेछ । यी स्वयंसेवकहरुलाई जिल्ला दैवी प्रकोप उद्धार समितिको निकट समन्वयमा रही आपतकालिन समयमा परिचालन गरिनेछ ।

आपतकालिन समयमा सरसफाइ प्रवर्धन सम्बन्धी सम्पूर्ण क्रियाकलापहरु खानेपानी र सरसफाइ इकाईले जिल्ला दैवी प्रकोप उद्दार समितिसँग समन्वयमा गरी संचालन गर्नेछ ।[१] यस्तो आपतकालिन अवस्थाका लागि शुद्ध खानेपानी तथा चर्पीको समुचित प्रयोग न्यूनतम मापदण्डका रुपमा अवलम्वन गरिनेछ ।

यस्ता खानेपानी र सरसफाइका क्रियाकलापहरु तर्जुमा गर्दा देखि नै सरोकारवाला संघ संस्था र प्रभावित व्यक्तिहरुसँग परामर्श गर्ने क्रममा स्थानीय परिवेश, उपलब्ध समय, स्थान र श्रोतलाई मध्यनजर गरिनेछ ।

---

१ शहरी खानेपानी र सरसफाइ नीति, २००९ अनुसार जिल्ला तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्लष्टर स्थापना गरिएको छ । खानेपानी तथा सरसफाइसँग सम्बन्धित सरोकारवालाले प्रतिनिधित्व गर्ने यो क्लष्टर खानेपानी तथा सरसफाइ सम्बन्धी आपतकालिन पूर्व तयारी र सामना सम्बन्धी कार्यका लागि जिम्मेवार रहनेछ ।

## २.४.१९ अनुगमन तथा मूल्यांकन

सरसफाइ कार्यक्रमको कार्यान्वयनद्धारा खुला दिसा मुक्त अवस्था प्राप्ति भएको र सो अवस्था दीगो रहेको कुराको सुनिश्चितता गर्न विभिन्न तहमा अनुगमन संयन्त्र स्थापना गरिनेछ । यस्तो संयन्त्र स्थापना गर्न र सक्रिय तुल्याउन राष्ट्रिय सरसफाइ समन्वय समिति, क्षेत्रीय खानेपानी तथा सरसफाइ समन्वय समिति, जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समिति, न.पा. खानेपानी तथा सरसफाइ समन्वय समिति र गा.वि.स. खानेपानी तथा सरसफाइ समन्वय समितिले नेतृत्वदायी भूमिका खेल्नेछन् । सरसफाइ सम्बन्धी क्रियाकलापहरुको अनुगमनका सूचकहरु खानेपानी, सरसफाइ, स्वास्थ्य, शिक्षा र स्थानीय विकास सम्बन्धी क्षेत्रगत क्रियाकलापहरुसँग मेल खाने गरी तयार पारिनेछ । विभिन्न तहमा गरिने अनुगमन तथा मूल्याङ्कनसम्बन्धी तथ्यांक तथा जानकारीलाई मन्त्रालयमा रहेको अनुगमन तथा मूल्यांकन इकाई सँग एकिकृत गरिनेछ । अनुगमन तथा मूल्यांकन कार्य खासगरी लगानी, प्रक्रिया, नतिजा/उपलब्धी र अन्ततः प्रभाव तहमा गरिनेछ । साथै जि.वि.स., न.पा. र गा.वि.स. तहमा सरसफाइ सम्बन्धी कार्यक्रमको अभिलेखीकरण र रिपोर्टिङ्ग गर्ने कार्यलाई सुदृढ गरिनेछ । विद्यालय र समुदाय तहका क्रियाकलापहरुको अनुगमन मूल्यांकनका लागि गा.वि.स. र न.पा. तहको अनुगमन टोली गठन गरिन्छ । गा.वि.स. र न.पा. तहका क्रियाकलापहरुको मूल्यांकनको लागि जिल्ला अनुगमन टोली गठन गरिनेछ । त्यसैगरी जिल्ला तहको कार्यक्रमको मूल्यांकनको लागि क्षेत्रीय वा केन्द्रिय वा दुवै तहको संयुक्त अनुगमन टोली गठन गरिनेछ । यी टोलीहरुले खुला दिसा मुक्त घोषणा सम्बन्धी प्रक्रियालाई सहज तुल्याउने र सम्बन्धित तहमा यसको जाँच तथा लेखाजोखा गर्नेछन् । अनुगमन टोलीहरुले आ-आफ्ना क्षेत्रहरुमा खास गरी देहायका अवसरका साथै आवश्यकता अनुसार अन्य अवस्थामा पनि भ्रमण गर्नेछन् :-

- वार्षिक योजना तर्जुमाका अवस्थामा;
- वार्षिक योजनाको पुनरावलोकन हुँदाका अवस्थामा र खुला दिसा मुक्त भएको कुराको सिफारिस गर्ने;
- पूर्ण सरसफाइ (खुला दिसा मुक्तपछि) को प्रमाणीकरण गर्ने र
- छानिएका गा.वि.स.,न.पा. र जिल्लाको खुला दिसा मुक्त/पूर्ण सरसफाइ घोषणाका अवसरमा

## २.४.२० कार्यक्रम पद्धति, क्रियाकलाप तथा विधिहरुमा नयापन

स्थानीयतहमा पूर्ण सरसफाइ कार्यक्रमका गतिविधिहरु संचालन गर्दा कार्यक्रम पद्धति, विधि र श्रोत परिचालन गर्दा व्यवहारिकता र लचकताका सिद्धान्तहरु अवलम्वन गरिनेछ । सरोकारवालाहरुको सृजनशीलतालाई योजना तर्जुमा र कार्यान्वयनका तहमा अभिप्रेरित गरिनेछ ।यस्ता सृजनशीलताबाट प्राप्त सिकाइहरुलाई उच्च मूल्यांकन गरी अभिलेखिकरण र प्राप्त ज्ञानलाई सम्बद्ध सबैमा प्रवाह गरिने छ।

## २.४.२१ जलवायु परिवर्तन र असर व्यवस्थापन

विश्वव्यापीरुपमा देखा परेको जलवायू परिवर्तनको सन्दर्भमा यसको असर नेपालमा पनि परेको छ र विषेशतः खानेपानी र सरसफाइको क्षेत्रमा यसको असर उल्लेख्य रुपमा अनुभव गरिएको छ । प्राकृतिक श्रोतहरुमध्ये पानीको श्रोतको क्षमता वर्षेनी घटीरहेको अवस्थामा खानेपानीका प्रणालीहरुको दीगोपनामा नकारात्मक असर पर्नुका साथै सरसफाइका पूर्वाधारहरुको मर्मत संभार एवं सरसफाइ प्रवर्धन गर्ने कार्यमा समेत असर परेकोछ । जलवायू परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्न र सामान्य अवस्थामै

पनि थोरै पानी भए पुग्ने खालका प्रविधिहरुको विकास र स्थानीयस्तरमा जनचेतना फैलाउने काम अत्यन्त महत्वपूर्ण र सान्दर्भिक हुन आएको छ । श्रोत संरक्षण र सरसफाइमा परेका असर र प्रविधि विकासका बारेमा समुदाय तहमा यसको महत्व बारे प्रकाश पार्दै व्यापक जनचेतना फैलाएर उपभोक्ता तह सम्म यसको असर न्यूनिकरण गराउन थप जागरण ल्याउन सकिन्छ । नियमित रुपमा जलवायू परिवर्तन बारे अध्ययन/अनुसन्धान र विकासका गतिविधिहरुले यस क्षेत्रमा मार्गदर्शन प्रदान गर्ने र जलवायू परिवर्तन र यसको असर व्यवस्थापनका उपायहरुको बारेमा खोजी गरी सरसफाइ प्रवर्धनका क्षेत्रमा पर्ने नकारात्मक असरलाई न्यून गर्न सकिन्छ ।

## २.५ गुरुयोजना कार्यान्वयन गर्न सहज वातावरण निर्माण

### २.५.१ प्राविधिक सल्लाहकार टोली

राष्ट्रिय सरसफाइ निर्देशन समितिलाई राष्ट्रिय स्तरका कार्यक्रमहरुको समग्र रुपमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने कार्यमा एउटा पूर्णकालिन प्राविधिक टोलीले सघाउने छ । यसको मुख्य कार्य माथि उल्लेखित कार्यहरु सम्पादन गर्ने र भौतिक योजना तथा निमार्ण मन्त्रालय अन्तर्गत क्षेत्रगत क्षमता सुधार ईकाइले नेतृत्व गरेका क्रियाकलापहरुसँग कार्यगत सम्बन्ध स्थापना गर्ने हो । सो टोली मन्त्रालय/विभागमा रहनेछ । विभागको वातावरणीय सरसफाइ तथा दैवी प्रकोप व्यवस्थापन शाखाको एक अधिकृत कर्मचारीले समन्वय गर्नेछ । जो अधिकृत कर्मचारी राष्ट्रिय सरसफाइ समन्वय समितिले खटाएको पूर्णकालिन कर्मचारी हुनेछ । सल्लाहकार टोलीमा देहायका व्यक्तिहरु रहनेछन् :

- टोली नेता - कम्तिमा पनि सिभिल इन्जिनियरिङ्ग, वातावरण इन्जिनियरिङ्ग, जनस्वास्थ्य, मानविकी बिषयमा स्नातकोत्तर तह पूरा गरी १५ वर्ष भन्दा बढी सम्बन्धित क्षेत्रको कार्य अनुभव भएको ।
- समाजशास्त्री - कम्तिमा पनि समाजशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरी १० वर्षभन्दा बढी सम्बन्धित क्षेत्रको कार्यानुभव भएको ।
- लैङ्गिक विशेषज्ञ - कम्तिमा पनि लैङ्गिक अध्ययन वा मानविकी तथा सामाजिक शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरी १० वर्षभन्दा बढी सम्बन्धित क्षेत्रको कार्यानुभव भएको ।
- अनुगमन तथा मूल्याङ्कन विशेषज्ञ - कम्तिमा पनि मानविकी तथा सामाजिक शास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरी १० वर्षभन्दा बढी सम्बन्धित क्षेत्रको कार्यानुभव भएको ।

यसबाहेक क्षेत्रीय खानेपानी ,सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई सघाउन दातृ निकाय र सहयोगी संस्थाहरुसँग समन्वय गरी त्यस्तै प्रकारको व्यवस्था मिलाइने छ ।

### २.५.२ गैर सरकारी संस्थाको सहयोग

लामो समयदेखि सरसफाइ सम्बन्धी कार्यक्रमहरुको अनुभव बटुलेका गैर सरकारी संस्थाले सरसफाइ सुविधा प्रवर्धन गर्ने सम्बन्धमा र खास गरी चर्पी निर्माण सम्बन्धमा दिने परिवर्तनकारी योगदान अति नै महत्वपूर्ण हुन्छ भन्ने देखिएको छ । अतः त्यस्ता गैर सरकारी संस्थालाई कार्यक्रममा संलग्न गराउँदा कार्य सम्पादनमा धेरै फाइदा पुग्ने देखिन्छ । जसको परिचालन मार्फत् सघन सरसफाइ सम्बन्धी कार्यको लागि सरकारले नयाँ दरबन्दी सृजना गर्नुपर्ने दायित्वलाई कम गर्न सहयोग मिल्नेछ ।

### २.५.३ गुरुयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति

गुरुयोजना कार्यान्वयनका लागि प्रस्तावित कार्य पद्धति, मौजुदा संस्थाहरुको भूमिका र दायित्वलाई पुनः ढाँचित गरिएको छ । जस्तो कि केन्द्र तहमा विभाग, जिल्ला तहमा जि.वि.स. र स्थानीय तहमा न.पा र गा.वि.स. खानेपानी ,सरसफाइ तथा स्वच्छता समन्वय समिति जस्ता सरोकारवाला निकायलाई सुदृढ तुल्याइने छ।

प्रत्येक जिल्लामा आवश्यकता अनुरुप तीनदेखि छ जनासम्म मुख्य प्रशिक्षक/उत्प्रेरक तैयार गरिनेछ । यी स्रोत व्यक्तिहरुले जिल्लामा सरसफाइ सम्बन्धी कार्यक्रमहरु संचालन गर्न सहयोग गर्नुका अतिरिक्त अनुगमन गर्ने कार्य गर्नेछन् । यी व्यक्तिहरुले गा.वि.स. र न.पा. तहमा आवश्यक संख्यामा थप उत्प्रेरकहरु उत्पादन गर्नेछन् ।

स्थानीय निकायहरुले सरसफाइ प्रवर्धनको लागि उनीहरुको आफ्नै खर्चमा परामर्शदाता र कर्मचारी नियुक्त गर्ने जिम्मेवारी वहन गर्ने छन् । यी कुराहरु संयुक्त रणनीतिक कार्य योजना/योजनामा प्रतिविम्बित हुनेछन् ।

सरसफाई सम्बन्धी विभिन्न सामग्री तयार पार्न र तालिम संचालन गर्नका लागि राष्ट्रिय र जिल्ला तहमा विशेषज्ञको सहयोग आवश्यक परेमा परामर्शदाता फर्म वा गैर सरकारी संस्थाबाट प्राप्त गरिनेछ। जसबाट गुणस्तर, दक्षता, समयपालना र लागत प्रभावकारिता समेत कायम हुन सक्नेछ ।

### २.५.४ साबुनलाई औषधीजन्य वस्तुको रुपमा लिइनुपर्ने

सरकारले हातधुन प्रयोग हुने साबुनलाई औषधीजन्य वस्तुको रुपमा लिनुपर्दछ र यसलाई सबैथरी करबाट मुक्तराख्ने प्रयास गर्नेछ । देशभर साबुनको एउटै दर (एउटै तौलको साबुनको लागि) बनाउन सार्वजनिक निजी साझेदारीका माध्यमबाट कार्य गर्नुपर्दछ र यसलाई स्वास्थ्य केन्द्र, क्लिनिक, महिला सामुदायिक स्वास्थ्य कार्यकर्ता आदिबाट वितरण गर्न लगाउनु पर्छ । राष्ट्रिय सरसफाइ सप्ताह, विश्व हात धुने दिवस र खानेपानी तथा सरसफाइ अभियानको अवसरमा साबुनलाई औषधीजन्य वस्तुको रुपमा प्रवर्धन गर्ने माध्यमको रुपमा उपयोग गरिनेछ ।

### २.५.५ नीति परिवर्तन र कार्यान्वयन

मन्त्रालयले राष्ट्रिय सरसफाइ निर्देशन समिति, राष्ट्रिय सरसफाइ समन्वय समिति स्थानीय विकास मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा मन्त्रालय, वातावरण मन्त्रालय क्षेत्रगत दक्षता अभिवृद्धि इकाई र क्षेत्र सरोकारवाला समूहसँगको समन्वयमा विद्यमान नीति, कार्यक्रम पद्धति, संस्थागत व्यवस्था, सहयोगका ढाँचा, अनुगमन संयन्त्र, सहजता र क्षमता विकासका सम्बन्धमा स्थानीय र स्वायत्त शासन ऐन, अन्तर्राष्ट्रिय मञ्चहरुमा गरिएका राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चुनौतीहरु समेतलाई विचार गरी नीतिगत तहको परामर्श गर्न र परिवर्तन/संशोधन गर्न बैठकहरु आयोजना गर्नेछ । यसका लागि खुला दिसा मुक्त अवस्थालाई न्यूनतम मान्यताको रुपमा लिइनेछ र मानव मलमूत्रको सुरक्षित विर्सजन, साबुनपानीले हात धुने र फोहोर व्यवस्थापन लगायत अन्य सरसफाइ सम्बन्धी बानी व्यवहारमा सबैको पहुँचप्रति विशेष जोड दिइनेछ । नीति परिमार्जनले देहायका पक्षहरुमा विचार पुऱ्याउनेछ :

- गुरुयोजनाको निर्देशक सिद्धान्तहरु ।

- जिविसमा जिल्ला सरसफाइ इकाई स्थापना गर्ने लगायत प्रस्तावित नयाँ संरचनागत व्यवस्थाको स्वीकृति ।
- सबैमा सरसफाइको पहुँच सुनिश्चित गर्ने गरी पूर्ण सरसफाइ अवस्था कायम गर्ने ।
- राष्ट्रिय लक्ष्य अनुसार बजेट व्यवस्थापनको लागि प्रतिवद्धता ।
- खानेपानी तथा सरसफाइ सम्बन्धी बजेटको २०% रकम सरसफाइ सम्बन्धी कार्यमा खर्च गर्ने नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन ।
- कार्यक्रम कार्यान्वयन तहमा स्रोत संग्रह र लागत सहभागिता संयन्त्रको विकास ।
- परिचालन/व्यवस्थापन तथा लैङ्गिक सन्तुलन सहितको मानव स्रोतमा ध्यान दिने ।
- नयाँ व्यवसायिक, सार्वजनिक र सरकारी भवनहरुका हाताभित्र नै सरसफाइका सुविधाहरु सुनिश्चित गराउने ।
- व्यक्तिगत घरधुरीहरुलाई पनि घरको हाता भित्रै सरसफाइ सुविधा निर्माण गर्न सुविधा/प्रोत्साहन उपलब्ध गराइने ।
- नदीनालामा तरल फोहोर फ्याक्नु अघि प्रशोधन गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

राष्ट्रिय सरसफाइ समन्वय समितिले देशको नयाँ आवश्यकता अनुरुप समय सापेक्ष रुपमा रणनीतिहरु फेरबदल गर्न र नीतिगत कठिनाई हटाउन सिफारिस गर्नेछ । सरसफाइ सम्बन्धी नीति र रणनीतिहरुमा खासगरी तराई लगायत सरसफाइ सुविधा कम भएका जिल्लाहरुमा आवश्यक नीतिगत परिवर्तनको मूल्यांकन गर्न यस समितिले एक कार्यदल गठन गर्नेछ ।

## २.६ कार्ययोजना

### २.६.१ कार्य योजनाका चरण

सरसफाइ प्रवर्धन गर्नका लागि देहायका चार तहमा चरणबद्ध कार्यहरु गर्नु पर्ने सोच लिईएको छ । सरसफाइ प्रवर्धनात्मक कार्यहरुको विस्तृत विवरण र खुला दिसा मुक्त सम्बन्धी कार्यको शुरुवातका लागि समुदायको अगुवाइमा पूर्ण सरसफाइ र विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ सम्बन्धी विवरण पूर्ण सरसफाइ कार्यान्वयन निर्देशिकामा उपलब्ध छ ।

**चरण १ : संस्थागत व्यवस्था**

पहिलो चरणमा केन्द्र, क्षेत्र, जिल्ला, न.पा. र गा.वि.स. तहमा समन्वय समितिहरु गठन गर्ने र सुधार गरिनेछ । समुचित रुपमा लैङ्गिक सन्तुलन सहितको मानवीय स्रोत तथा आवश्यक कार्य सञ्चालन सामग्री व्यवस्थापन गरी सम्बन्धित समन्वय समितिहरुको सचिवालय स्थापना गरिनेछ । जि.वि.स.मा जिल्ला सरसफाइ इकाई र सबै तहहरुमा कार्यदलहरु तुरुन्तै स्थापना गरिनेछ । यसको लागि प्राविधिक सहयोग प्रदान गर्ने/पृष्ठपोषण दिने एक टोली पनि बनाइनेछ ।

**चरण २ : योजना र कार्यक्रम तर्जुमा**

केन्द्र, क्षेत्र, जिल्ला, गा.वि.स. र न.पा. तहमा सचेतना, योजना र कार्यक्रम सम्बन्धी थुप्रै कार्यशाला तथा बैठकहरु आयोजना गरिनेछन् । सचेतना/जागरण कार्यशाला र बैठकमा सरसफाइ सम्बन्धी स्थानीय तहमा रहेका बाधा अड्चनहरु पहिचान गरिनेछ । तिनलाई समाधान गर्ने रणनीति तथा उपायहरु पनि पहिचान गरिनेछ । यी कार्यशालाहरुबाट सरसफाइ गुरुयोजना बमोजिम जिल्ला, न.पा. र

गा.वि.स. तहमा पूर्ण सरसफाइ सम्बन्धी संयुक्त रणनीतिक योजना ⁄ कार्ययोजना बनाइनेछ । रणनीतिक योजना ⁄ कार्ययोजनामा खुला दिसा मुक्त क्षेत्र छनौट, स्रोत, सहजकर्ता, सहयोगी संस्थाहरुको भूमिका र दायित्व, योजना कार्यान्वयन, अनुगमन तथा व्यवस्थापन आदि पक्षमा स्पष्ट रुपमा उल्लेख गरिने छ ।

प्रत्येक जि.वि.स., न.पा. र गा.वि.स.ले केन्द्रीय सरकार वा दातृ निकायहरुबाट प्राप्त हुने बजेटको अतिरिक्त सरसफाइ प्रवर्धनका सम्बन्धमा उनीहरुको आ-आफ्नो विकास बजेटबाट समेत रकम छुट्टाउनेछन् । सरसफाइ प्रवर्धनलाई न्यूनतम अवस्था र कार्यसम्पादन समीक्षा (एम.सि.पि.एम्) को प्रक्रियामा समाहित गरी अभिप्रेरित गरिनेछ ।

प्रत्येक जि.वि.स., न.पा. र गा.वि.स.ले खानेपानी तथा सरसफाइ कोष खडा गर्नेछन् । जिल्ला, न.पा. र गा.वि.स. तहका संयुक्त रणनीतिक योजना ⁄ कार्य योजनालाई क्रमशः जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति, न.पा. खानेपानी , सरसफाइ  तथा स्वच्छता समन्वय समिति र गा.वि.स. खानेपानी , सरसफाइ  तथा स्वच्छता समन्वय समितिले औपचारिक रुपमा स्वीकृत गर्नेछ । त्यसपछि यसलाई क्रमशः जिल्ला परिषद्, नगरपरिषद् र गाउँ परिषद्ले वार्षिक विकास कार्यक्रमको रुपमा स्वीकृत गर्नेछन् । उक्त कार्यक्रममा सरसफाइ सम्बन्धी कार्य गर्ने गैर सरकारी संस्था र सहजकर्ताहरुलाई नियुक्त गर्ने र उनीहरुको क्षमता विकास गर्ने कुरा पनि समावेश हुनेछन् ।

खुला दिसा मुक्त अवस्था सम्बन्धी कार्यको न्यूनतम इकाई गा.वि.स. ⁄ न.पा. तह हुनेछ । तर गा.वि.स. ⁄ न.पा. तहमा बस्ती,टोल र विद्यालय सेवा क्षेत्रबाट विस्तारै खुला दिसा मुक्त अवस्था हाँसिल गर्न सकिनेछ । कार्यक्रममा खुला दिसा मुक्त अवस्थाको दीगोपना कायम राख्न खुला दिसा मुक्त अवस्था पछिका क्रियाकलापहरु जस्तैः स्वच्छता, बानी व्यवहारहरु पनि उल्लेख हुनेछन् ।

सरसफाइ क्रियाकलापहरुको अनुगमन, कार्य सम्पादनको मूल्यांकन, अभिलेखीकरण  र सबैलाई जानकारी उपलब्ध गराउनका लागि सुदृढ संयन्त्र स्थापना गरिनेछ । यस बाहेक खुला दिसा मुक्त अवस्थाको लागि मान्यता दिने तथ्यांक व्यवस्थापन गर्ने प्रणाली पनि सम्बन्धित क्षेत्रीय, जिल्ला, न.पा. र गा.वि.स. स्तरीय समन्वय समितिहरुमा स्थापना गरिनेछ ।

### चरण ३ : खुला दिसा मुक्त अभियान र बानी व्यवहार परिवर्तन

तेश्रो चरणमा विद्यालय, गैर सरकारी संस्था र सहजकर्ताहरुले सरसफाइसँग सम्बन्धि सन्देश प्रवाह गर्न र सरसफाइ तथा स्वच्छता प्रवद्धन सम्बन्धी बानी व्यवहारमा परिवर्तन ल्याउन गा.वि.स. तथा न.पा. तहमा कार्यहरु शुरु गर्न उत्प्रेरणा दिनेछन् । यसका लागि सबै सहयोगी निकायहरुले समुदाय, स्थानीय समूह र विद्यालयलाई सशक्त तुल्याउन सहभागिता र उत्प्रेरणामूलक विधिहरु प्रयोग गर्नेछन् । परिणामस्वरुप, खुला दिसा मुक्त अभियान शुरु हुनेछ र तोकिएको समयभित्रै खुला दिसा मुक्त अवस्था घोषणा गर्न तीव्र रुपले कार्यक्रमहरु संचालन हुनेछन् । खुला दिसा मुक्त अभियान संचालनको समग्र अवधिभर गा.वि.स. र न.पा. को नेतृत्वमा सबै स्थानीय संस्थाहरु, विद्यालय, राजनीतिक दललाई परिचालन गरिनेछ ।

हाल संचालनमा रहेका विद्यालय सरसफाइ कार्यक्रम, विद्यालयको अगुवाइमा पूर्ण सरसफाइ कार्यक्रम, समुदायको अगुवाइमा पूर्ण सरसफाइ, समुदायको अगुवाईमा पूर्ण वानी व्यवहोरा परिवर्तन र यस्तै अन्य नविनतम कार्यक्रम/अभियानहरुलाई गा.वि.स., न.पा.तथा जिल्लास्तरका संयुक्त योजनासँग समाहित गरिनेछन् ।अन्य नयाँ संस्था र उपयुक्त कार्य पद्धतिहरुलाई पनि यस क्षेत्रमा काम गर्न आकर्षित गरिनेछ ।तर यस्ता संस्था तथा कार्य पद्धतिहरु माथि निर्दिष्ट गरेका मार्गदर्शक सिद्धान्त अनुरुप हुनु पर्नेछ। साथै न.पा.तथा जिल्लास्तरीय संयुक्त रणनैतिक योजना ⁄ कार्ययोजना अनुरुप पनि हुनुपर्नेछ ।

**चरण ४ : खुला दिसा मुक्त अवस्था पछिको अभियान (पूर्ण सरसफाइ)**

चौथो चरणमा खुला दिसा मुक्त अवस्थाको दीगोपना र अन्य सरसफाइ प्रवर्धन र व्यवहार परिवर्तका विषयहरु पर्दछन् । यस चरणमा न.पा. तथा गा.वि.स. स्तरका समन्वय समितिको अगुवाइमा स्कूल, स्थानीय संघ संस्था, समुदाय, गा.वि.स.तथा न.पा.हरुले नियमित रुपमा खुला दिसा मुक्त अवस्थाको अनुगमन गर्नेछन् । यसको अलावा कच्ची चर्पीलाई पक्की बनाउने साथै सरसफाइ प्रवर्धनका अन्य क्रियाकलापहरु जस्तै महत्वपूर्ण क्षणहरुमा साबुन पानीले हातधुने, पिउनेपानी र खानेकुरालाई सुरक्षित राख्ने, फोहोर व्यवस्थापन गर्ने, घर तथा घरवरीपरीको वातावरणीय सरसफाइ कायम गर्दै अन्तत्वगोत्वा सफा र स्वच्छ गाउँको अवस्था सृजना गर्दै पूर्ण सरसफाइयुक्त गा.वि.स. वा न.पा. भनी घोषणा गर्ने कार्यहरु पर्दछन् । यी परिवर्तीत बानी व्यहोराहरुलाई कायम राख्न पूनर्ताजगी तालिम, अध्ययन भ्रमण, संजाल निर्माण, कार्य प्रक्रियाहरुको अभिलेख व्यवस्थापन एवं यसको सार्वजनिकीकरण आदि कार्य यस चरणमा गर्नुपर्दछ । क्षेत्रीय तथा जिल्लास्तरीय समन्वय समिति एवं सम्बद्ध निकायहरुले यस कार्यसंचालनको प्रक्रियालाई निरन्तर सहयोग र अनुगमन गर्नुपर्दछ ।

## २.६.२: सूचकहरु

गुरु योजनाले बार्षिकरुपमा हासिल गर्ने सरसफाइका कार्यहरुको सूचक तय गरेको छ । यी सूचकहरु त्रिबर्षीय अवधारणापत्र, सहस्राब्दी विकास लक्ष्य र राष्ट्रिय लक्ष्यलाई आधार मानी निर्धारण गरिएको छ । सूचकहरुले गा.वि.स तथा न.पा.हरुमा बार्षिक रुपमा खुला दिसा मुक्त क्षेत्रको अवस्था हासिल गर्ने पनि गरेको छ ।

**तालिका नं. १०: कार्य सम्पादनका सूचकहरु**

| लक्ष्य | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | २०१५/१६ | २०१६/१७ |
|---|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय तहमा चर्पी सुविधाको उपलब्धता | ४३ % | ४५ % | ५३ % | ६० % | ७० % | ८० % | ९० % | १०० % |
| खुला दिसा मुक्त घोषणा भएका गा.वि.स. को संख्या | १०० | ५०० | १,५०० | २,००० | २,५०० | ३,००० | ३,५०० | ३,९१५ |
| खुला दिसा मुक्त घोषण भएका नगरपालिकाको संख्या | | | ५ | | | ५० | | ५८ |

*विस्तृत विवरणको लागि अनुसूची-१ र २ हेर्नुहोस ।*



# अनुसूचीहरु

# अनुसूची १ : वार्षिक रुपमा निर्माण गरिनु पर्ने चर्पीको अनुमान

| आ व (इ.सं.) | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | २०१५/१६ | २०१६/१७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| आ व (वि.सं.) | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | |
| जम्मा जनसंख्या (२.२४ % का दरले गरिएको प्रक्षेपण अनुसार) | २,८०,४३,५५७ | २,८६,७१,७३३ | २,९३,१३,९७९ | २,९९,७०,६१३ | ३,०६,४१,९५४ | ३,१३,२८,३३४ | ३,२०३००८९ | ३२,७४७,५६३ | |
| कुल घरधुरी (जनसंख्या/५.६) | ५,००७,७७८ | ५,११९,९५२ | ५,२३४,६३९ | ५,३५१,८९५ | ५,४७१,७७८ | ५,५९४,३४५ | ५,७१९,६५९ | ५,८४७,७७९ | |
| चर्पीले समेटेको लक्ष्य (%) | ४३ | ४५ | ५३ | ६० | ७० | ८० | ९० | १०० | |
| चर्पी हुने घरधुरीको संख्या | २,१५३,३४५ | २,३०३,९७९ | २,७७४,३५९ | ३,२११,१३७ | ३,८३०,२४४ | ४,४७५,४७६ | ५,१४७,६९३ | ५,८४७,७७९ | |
| हरेक वर्ष बनाइनु पर्ने चर्पीको संख्या | | १५०,६३४ | ४७०,३८० | ४३६,७७८ | ६१९,१०७ | ६४५,२३२ | ६७२,२१७ | ७००,०८६ | ३,६९४,४३५ |

द्रष्टव्यः-

१. आ. व. २०६६/०६७ मा आधार वर्ष जनसंख्या राष्ट्रिय सूचना व्यवस्थापन आयोजना/विभागवाट लिइएको ।

२. आ. व. २०६६/०६७ देखि आ. व. २०७३/०७४ सम्मको जनसंख्या प्रक्षेपण प्रतिवर्ष २.२४ प्रतिशतको बृद्धिको अनुमान गरी राखिएको हो ।

३. जनसंख्यालाई औसत ५.६ जनाको एक परिवार मानेर सो अंकले भाग गरी घरधुरी निकालिएको हो ।

# अनुसूची २ : जिल्लास्तरीय कार्य योजना

हाल जिल्लाहरुमा चर्पीको उपलब्धता तथा राष्ट्रिय सूचकहरुलाई विचार गरी हरेक जिल्लाको रणनीतिक योजनालाई राष्ट्रिय लक्ष्यसँग समायोजन गरिएको छ । हरेक जिल्लाले आआफ्नै लक्ष्य निर्धारण गरे तापनि यस कार्य योजनालाई नै मुख्य सन्दर्भ सामग्रीको रुपमा लिन सक्ने छन् । तर जिल्ला विशेषले आआफ्नै रणनीतिक योजना बनाएको भएतापनि यस लक्ष्य भन्दा धेरै फरक नपर्ने विश्वास लिइएको छ । लक्ष्य निर्धारणको मुख्य आधार हाल जिल्लाहरुमा चर्पीको उपलब्धतालाई नै लिइएको छ र प्रत्येक जिल्लालाई आफ्नो लक्ष्य हासिल गर्न उपयुक्त समय पनि निर्धारण गरिएको  छ ।

## तालिका १२ मा जिल्ला कार्य योजना :

| क्र. सं. | जिल्ला | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | २०१५/१६ | २०१६/१७ |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % |
| १ | काठमाण्डौं | ९३.७७ | ९४.७ % | १००% | १००% | १००% | १००% | १००% | १००% |
| २ | कास्की | ८७.४७ | ८८.५% | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ३ | भक्तपुर | ८७.१० | ८८.२% | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ४ | ललितपुर | ८३.६९ | ८४.९% | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ५ | चितवन | ८३.०८ | ८४.३% | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ६ | पर्वत | ७५.३५ | ७६.७% | ८४.०% | ९०% | १००% | १००% | १००% | १००% |
| ७ | काभ्रेपलाञ्चोक | ७१.२० | ७२.६% | ८०% | ८६% | ९५% | १००% | १००% | १००% |
| ८ | स्याङ्गजा | ६८.४० | ६९.९% | ७७.४% | ८४% | ९३% | १००% | १००% | १००% |
| ९ | इलाम | ६७.९७ | ६९.५% | ७७% | ८३% | ९२% | १००% | १००% | १००% |
| १० | गुल्मी | ६७.०३ | ६८.६% | ७६.१% | ८२% | ९२% | १००% | १००% | १००% |
| ११ | पाँचथर | ६२.९० | ६४.५% | ७२.१% | ७९% | ८८% | १००% | १००% | १००% |
| १२ | वाग्लुङ्ग | ५९.३२ | ६१% | ६८.७% | ७५% | ८५% | ९३.७% | १००% | १००% |
| १३ | तेह्रथुम | ५८.१३ | ५९.९% | ६७.५% | ७४% | ८३% | ९२.६% | १००% | १००% |
| १४ | झापा | ५७.१४ | ५८.९% | ६६.६% | ७३% | ८३% | ९१.७% | १००% | १००% |
| १५ | तनहुँ | ५६.६३ | ५८.४% | ६६.१% | ७५% | १००% | १००% | १००% | १००% |
| १६ | लम्जुङ्ग | ५६.१९ | ५८% | ६५.७% | ७२% | ८२% | ९०.९% | १००% | १००% |
| १७ | ताप्लेजुङ्ग | ५३.८२ | ५५.६% | ६३.४% | ७०% | ७९% | ८८.८% | १००% | १००% |
| १८ | संखुवासभा | ५३.३९ | ५५.२% | ६३% | ७०% | ७९% | ८८.४% | ९७.४% | १००% |
| १९ | पाल्पा | ५२.६८ | ५४.५% | ६२.३% | ६९% | ७८% | ८७.८% | ९६.८% | १००% |
| २० | ओखलढुङ्गा | ५२.२० | ५४.१% | ६१.९% | ६९% | ७८% | ८७.३% | ९६.४% | १००% |

| क्र. सं. | जिल्ला | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | २०१५/१६ | २०१६/१७ |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % |
| २१ | धादिङ्ग | ५१.४३ | ५३.३% | ६१.१% | ६८% | ७७% | ८६.६% | ९५.७% | १००% |
| २२ | सुनसरी | ५१.३३ | ५३.२% | ६१% | ८०% | १००% | १००% | १००% | १००% |
| २३ | रुपन्देही | ४८.७४ | ५०.७% | ५८.६% | ६५% | ७५% | ८४.२% | ९३.४% | १००% |
| २४ | धनकुटा | ४८.६४ | ५०.६% | ५८.५% | ६५% | ७५% | ८४.१% | ९३.३% | १००% |
| २५ | म्याग्दी | ४८.२० | ५०.१% | ५८% | ६५% | ७४% | ८३.७% | ९२.९% | १००% |
| २६ | दोलखा | ४८.१३ | ५०.१% | ५८% | ६५% | ७४% | ८३.७% | ९२.८% | १००% |
| २७ | मकवापुर | ४८.०५ | ५०% | ५७.९% | ६५% | ७४% | ८३.६% | ९२.८% | १००% |
| २८ | नवलपरासी | ४७.५७ | ४९.५% | ५७.४% | ६४.२% | ७३.८% | ८३.२% | ९२.२% | १००% |
| २९ | मोरङ्ग | ४६.४९ | ४८.५% | ५६.४% | ६३.३% | ८१.८% | १००% | १००% | १००% |
| ३० | अर्घाखाँची | ४६.२० | ४८.२% | ५६.१% | ६२.९% | ७२.५% | ८१.९% | ९१.१% | १००% |
| ३१ | मनाङ्ग | ४५.५९ | ४७.६% | ५५.६% | ६२.३% | ७२% | ८१.४% | ९०.६% | १००% |
| ३२ | गोरखा | ४४.१५ | ४६.२% | ५४.२% | ६१% | ७०.६% | ८०.१% | ८९.३% | १००% |
| ३३ | दाङ्ग | ४४.११ | ४६.१% | ५४.१% | ६०.९% | ७९.६% | १००% | १००% | १००% |
| ३४ | डडेलधुरा | ४३.०८ | ४५.१% | ५३.१% | ६०% | ६९.७% | ७९.१% | ८८.४% | १००% |
| ३५ | रसुवा | ४१.८९ | ४४% | ५२% | ५८.९% | ६८.६% | ७८.१% | ८७.४% | १००% |
| ३६ | मुस्ताङ्ग | ४१.०५ | ४३.२% | ५१.१% | ५८.१% | ६७.८% | ७७.३% | ८६.६% | १००% |
| ३७ | सोलुखुम्बु | ३९.६४ | ४१.८% | ४९.९% | ५६.८% | ६६.५% | ७६.१% | ८५.४% | १००% |
| ३८ | कैलाली | ३९.२० | ४१.३% | ४९.४% | ५६.४% | ६६.१% | ७५.७% | ८५% | १००% |
| ३९ | वर्दिया | ३९.१६ | ४१.३% | ४९.४% | ५६.३% | ६६.१% | ७५.६% | ८५% | १००% |
| ४० | जुम्ला | ३७.२१ | ३९.४% | ४७.५% | ५४.५% | ६४.३% | ७३.९% | ८३.३% | १००% |
| ४१ | भोजपुर | ३६.८० | ३९% | ४७.१% | ५४.१% | ६३.९% | ७३.५% | ८२.९% % | १००% |
| ४२ | सुर्खेत | ३६.५३ | ३८.५% | ४६.६% | ५३.६% | ७२.४% | १००% | १००% | १००% |
| ४३ | बाँके | ३५.९७ | ३८.२% | ४६.३% | ५३.३% | ६३.२% | ७२.८% | ८२.२% | १००% |
| ४४ | कञ्चनपुर | ३३.८५ | ३६.१% | ४४.३% | ५१.३% | ६१.२% | ७०.९% | ८०.३% | १००% |
| ४५ | सिन्धुपाल्चोक | ३१.८५ | ३६.१% | ४४.३% | ५१.३% | ६१.२% | ७०.९% | ८०.३% | १००% |
| ४६ | रामेछाप | ३१.२७ | ३३.६% | ४१.९% | ४८.९% | ५८.९% | ६८.६% | ७८.१% | १००% |
| ४७ | नुवाकोट | ३१.१५ | ३३.५% | ४१.७% | ४८.८% | ५८.७% | ६८.५% | ७८% | १००% |
| ४८ | हुम्ला | २५.८३ | २८.३% | ३६.६% | ४३.८% | ५३.९% | ६३.७% | ७३.३% | १००% |
| ४९ | उदयपुर | २५.७० | २८.१% | ३६.५% | ४३.७% | ५३.८% | ६३.६% | ८२.२% | १००% |
| ५० | वैतडी | २५.५९ | २८.०% | ३६.४% | ४३.६% | ५३.७% | ६३.५% | ८२.१% | १००% |

| क्र. सं. | जिल्ला | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | २०१५/१६ | २०१६/१७ |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % | चर्पी भएको % |
| ५१ | पर्सा | २५.४९ | २७.९% | ३६.३% | ४३.५% | ५३.६% | ६३.४% | ८२% | १००% |
| ५२ | जाजरकोट | २५.२५ | २७.७% | ३६.१% | ४३.३% | ५३.४% | ६३.२% | ८१.८% | १००% |
| ५३ | मुगु | २४.३८ | २६.९% | ३५.३% | ४२.५% | ५२.६% | ६२.४% | ८१.०% | १००% |
| ५४ | धनुषा | २३.८७ | २६.३% | ३४.८% | ४२% | ५२.१% | ६१.९% | ८०.६% | १००% |
| ५५ | डोटी | २३.३१ | २५.८% | ३४.२% | ४१.५% | ५१.६% | ६१.४% | ८०.१% | १००% |
| ५६ | कालिकोट | २१.८६ | २४.४% | ३२.८% | ४०.१% | ५९.२% | ८८.०% | १००% | १००% |
| ५७ | कपिलवस्तु | २१.७८ | २४.३% | ३२.८% | ४०.१% | ५०.२% | ६०.१% | ७८.८% | १००% |
| ५८ | प्यूठान | २१.०३ | २३.६% | ३२.१% | ३९.४% | ५८.५% | ८७.२% | १००% | १००% |
| ५९ | सिन्धुली | २१.०१ | २३.६% | ३२% | ३९.३% | ४९.५% | ५९.४% | ८३.१% | १००% |
| ६० | रोल्पा | २०.४१ | २३.०% | ३१.५% | ३८.८% | ४८.९% | ५८.९% | ७७.६% | १००% |
| ६१ | रुकुम | २०.३२ | २२.९% | ३१.४% | ३८.७% | ४८.८% | ५८.८% | ८२.५% | १००% |
| ६२ | दैलेख | १९.८६ | २२.४% | ३०.९% | ३८.३% | ४८.४% | ५८.४% | ७७.१% | १००% |
| ६३ | अछाम | १९.०८ | २१.७% | ३०.२% | ३७.५% | ४७.७% | ५७.७% | ८१.४% | १००% |
| ६४ | वारा | १९.०६ | २१.६% | ३०.२% | ३७.५% | ४७.७% | ५७.६% | ८१.४% | १००% |
| ६५ | सप्तरी | १९.०१ | २१.६% | ३०.१% | ३७.५% | ४७.६% | ५७.६% | ८१.३% | १००% |
| ६६ | सिराहा | १८.४७ | २१.१% | २९.६% | ३७.०% | ४७.१% | ६६.१% | ८४.७% | १००% |
| ६७ | खोटाङ्ग | १८.१४ | २०.७% | २९.३% | ३६.६% | ४६.८% | ६५.८% | ८९.४% | १००% |
| ६८ | डोल्पा | १७.६४ | २०.३% | २८.८% | ३६.२% | ४६.४% | ६५.४% | ८३.९% | १००% |
| ६९ | रौतहट | १७.५८ | २०.२% | २८.८% | ३६.१% | ४६.३% | ६५.३% | ८३.९% | १००% |
| ७० | सर्लाही | १७.४७ | २०.१% | २८.६% | ३६.०% | ४६.२% | ६५.२% | ८३.८% | १००% |
| ७१ | महोत्तरी | १७.११ | १९.७% | २८.३% | ३५.७% | ४५.९% | ६४.९% | ८३.५% | १००% |
| ७२ | दार्चुला | १६.४३ | १९.१% | २७.७% | ३५.०% | ४५.३% | ६४.३% | ८२.९% | १००% |
| ७३ | सल्यान | १६.३७ | १९.०% | २७.६% | ३५.०% | ४५.२% | ६४.२% | ८२.८% | १००% |
| ७४ | बझाङ्ग | १४.०३ | १६.७% | २५.४% | ३२.८% | ४३.१% | ६२.१% | ८०.८% | १००% |
| ७५ | बाजुरा | १०.५७ | १३.३% | २२.०% | २९.६% | ३९.९% | ५९.% | ८७.७% | १००% |
| | **जम्मा जनसंख्या** | | ४५.१ % | ५३.४% | ६०% | ६९.९% | ८०.२% | ९०.४% | १००% |
| | **जम्मा घर धुरी** | | | | | | | | |

द्रष्टव्य:

१. आधार वर्ष आ. व. २०६६/०६७ का आधारमा जनसंख्या प्रक्षेपण प्रतिवर्ष २.२४ प्रतिशतको दरले बृद्धिको अनुमान गरी राखिएको हो ।

२. आधार वर्ष आ. व. २०६६/०६७ का आधारमा चर्पी सेवाको पहुँच भएको जनसंख्या राष्ट्रिय सूचना व्यवस्थापन आयोजना/विभागवाट लिइएको ।

३. गुरु योजनाको लक्ष्यका आधारमा हरेक वर्ष सरसफाइ बृद्धिको प्रतिशत अनुमान गरिएको छ ।

४. सन् २००९ देखि २०१० सम्म ३%, २०१० देखि २०११ सम्म ९% र २०११ देखि २०१२ सम्म ८% बृद्धिदर रहेको छ ।

५. सन् २०१२ देखि अगाडि २०१७ सम्मको बृद्धिदर ११% रहेको छ । तर हरेक जिल्लाको बृद्धिदरमा रहेको ३ देखि ३०% को फरकलाई आगामी वर्षहरुमा सरसफाइको विस्तारलाई सन्तुलित रुपमा लैजाने गरी मिलाइएको छ ।

६. रणनीतिक कार्य योजना तयार पारिएका जिल्लामा सकेसम्म सो कार्य योजना बमोजिम नै मिल्ने गरी बृद्धिलाई देखाइएको छ ।

७. राष्ट्यि तहमा सरसफाइ सुविधा समेट्ने आधार जिल्लागत अनुमान नै हो ।

# अनुसूची ३. संयुक्त कार्ययोजनाको ढाँचा

पृष्ठभूमि

जिल्ला, न.पा. तथा गा.वि.स. छोटकरीमा परिचय

समस्या विश्लेषण

स्रोतको नक्शांकन तथा सरोकारवालाहरुको विश्लेषण

अवरोध तथा चुनौतीहरु

सोच

लक्ष्य

उद्देश्य

मूल्य मान्यता तथा कार्यान्वयन रणनीतिहरु

कार्यक्रमको पद्धति

रणनीतिक क्रियाकलाप

- आधारभूत सर्वेक्षण, अध्ययन तथा योजना
- पैरवी, शिक्षा तथा सामाजिक परिचालन
- क्षमता अभिवृद्धि (गा.वि.स., न.पा. तथा जिल्ला तह)
- सञ्चार माध्यममा गरिने क्रियाकलाप तथा जनचेतनामूलक क्रियाकलापहरु
- संस्थागत क्रियाकलापहरु
- संयुक्त घोषणा तथा अन्य नवीनतम क्रियाकलाप

नक्सांकनसहितको स्रोत व्यवस्थापन (मानवीय, आर्थिक तथा भौतिक)

सरोकारवालाहरु तथा संयोजन गर्नेहरुको भूमिका तथा उत्तरदायित्व

कार्ययोजना (स्रोत तथा समयावधि सहितको गा.वि.स. र न.पा.हरुको प्राथमिकीकरण)

- खुल्ला दिसामुक्त गर्ने क्रियाकलापहरु (उत्प्रेरित गर्ने, क्षमता अभिवृद्धि, कार्यान्वयन समिति गठन आदि)
- खुल्ला दिसामुक्त गर्नका लागि आवश्यकीय नीति नियम बनाउने
- सरसफाइ सुविधाहरुको निर्माण तथा मर्मत सम्भार
- अनुगमन, मूल्यांकन तथा पुर्नअनुगमन
- प्रतिवेदन तथा अभिलेख व्यवस्थापन

# अनुसूची ४. प्रमुख क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप |
|---|---|
| **क** | **केन्द्रीय स्तर** |
| १ | सम्बन्धित मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा दातृ निकायसँगको समन्वय |
| २ | जिल्लाहरुको क्षमता अभिवृद्धि |
| ३ | सञ्चार माध्यमहरुमा अभियान, पैरवी तथा नीति निर्माण र पुनर्निर्माण |
| ४ | अनुगमन, पुनर्अनुगमन तथा क्षेत्रीय तथा जिल्ला तहका क्रियाकलापहरुमा प्राविधिक सहयोग |
| ५ | तथ्यांकलाई सुरक्षित राख्ने |
| ६ | राष्ट्रिय स्तरको पुरस्कारहरुको घोषणा तथा वितरण |
| ७ | सरसफाइसम्बन्धी रणनीतिक योजना बनाउनका लागि जिल्लाहरुलाई सहयोग |
| ८ | आवश्यकता अनुसार अन्य क्रियाकलापहरु |
| **ख** | **क्षेत्रीय स्तर** |
| १ | जिल्ला तथा केन्द्रिय तहका संघ संस्थासँग समन्वय गर्ने |
| २ | अनुगमन, पुर्नअनुगमन तथा क्षेत्रीय तथा जिल्ला तहका क्रियाकलापहरुमा प्राविधिक सहयोग |
| ३ | स्रोत केन्द्रको विकास तथा ज्ञान व्यवस्थापन |
| ४ | सरसफाइसम्बन्धी रणनीतिक योजना बनाउनका लागि जिल्लाहरुलाई सहयोग |
| ५ | पुरस्कार तथा सम्मान |
| ६ | सरोकारवालाको सचेतिकरण सम्बन्धी कार्यशाला |
| ७ | क्षेत्रीय तहका सरोकारवालाहरुले सरसफाइ सम्बन्धी कार्यक्रम उनीहरुको बार्षिक कार्यक्रममा समावेश भएको अनुगमन |
| ८ | स्रोत व्यक्तिहरुको व्यवस्था |
| ९ | अन्य उपयुक्त क्रियाकलापहरु |
| **ग** | **जिल्ला स्तर** |
| १ | जिल्लालाई सचेतना बनाउने कार्यशाला तथा सरसफाइ सम्बन्धी रणनीतिक योजनाको तयारी |
| २ | सरसफाइसम्बन्धी संयुक्त रणनीतिक योजना कार्ययोजनाको निर्माण |
| ३ | संयोजन, योजना, पुनरावलोकन, कार्यशाला तथा जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिद्वारा अनुगमन |
| ४ | जिल्ला तहका समुदाय परिचालक र प्रशिक्षकहरुको व्यवस्था तथा क्षमता अभिवृद्धि |
| ५ | सिकाइ, आदानप्रदान, प्रदर्शन तथा प्रचार प्रसार |

| | |
|---|---|
| ६ | सञ्चार माध्यमहरुको संलग्नता तथा पैरवी |
| ७ | जिल्ला तहमा पुरस्कार |
| ८ | अन्य उपयुक्त क्रियाकलापहरु |
| **घ** | **गा.वि.स./ नगरपालिका स्तर** |
| १ | क्षमता अभिवृद्धि (अभिमूखिकरण/ सचेतना) |
| २ | सरसफाइ कार्ययोजना बनाउने |
| ३ | गा.वि.स.स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समिति/ न.पा. स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको योजना, पुनरावलोकन तथा अनुगमन |
| ४ | अभियान, समुदायिक परिचालन तथा जनचेतना अभिवृद्धि |
| ५ | खुल्ला दिसामुक्त अवस्था र सो पश्चातका अभियान |
| ६ | सहयोग निकाय (चक्रकोष, पुरस्कार तथा मान्यता आदि) |
| ७ | अन्य उपयुक्त क्रियाकलापहरु |
| **ङ** | **समुदाय स्तर** |
| १ | क्षमता अभिवृद्धि (सहयोगी, परिचालक र सामुदायिक समूहहरुलाई तालिम) |
| २ | अभियान, समुदाय परिचालन तथा जनचेतना अभिवृद्धि |
| ३ | खुल्ला दिसामुक्त अवस्था र सो पश्चातका अभियान |
| ४ | सहयोग निकाय (चक्रकोष, पुरस्कार तथा मान्यता आदि) |
| ५ | स्व अनुगमन |
| ६ | अन्य उपयुक्त क्रियाकलापहरु |
| **च** | **विद्यालय स्तर** |
| १ | क्षमता अभिवृद्धि (विद्यालय व्यवस्थापन समिति/अभिभावक शिक्षक संघ, शिक्षक तथा बाल क्लबहरुलाई तालिम) |
| २ | खुल्ला दिसामुक्त गर्नका लागि अभियान, समुदाय परिचालन तथा जनचेतना अभिवृद्धि |
| ३ | विद्यालयमा चर्पी, खानेपानीको व्यवस्था तथा साबुन पानीले हातधुने ठाउँको सुविधा |
| ४ | सहयोग निकाय (चक्रकोष, पुरस्कार तथा मान्यता आदि) |
| ५ | स्व-अनुगमन |
| ६ | विद्यालयका चर्पीका लागि मर्मत सम्भार कोष |
| ७ | अन्य उपयुक्त क्रियाकलापहरु |

# अनुसूची ५. सरसफाइ क्षेत्रका सरोकारवालाहरुको सूची

- राष्ट्रिय योजना आयोग
- भौतिक योजना तथा निर्माण मन्त्रालय
- अर्थ मन्त्रालय
- शिक्षा तथा खेलकूद मन्त्रालय
- स्थानीय विकास मन्त्रालय
- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- वातावरण मन्त्रालय
- खानेपानी तथा ढल निकास विभाग
- स्वास्थ्य सेवा विभाग
- शिक्षा विभाग
- स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग
- राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्र
- मेलम्ची खानेपानी आयोजना
- अधिकार सम्पन्न एकीकृत बागमती सभ्यता विकास समिति
- ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति
- काठमाडौं उपत्यका खानेपानी लिमिटेड
- नेपाल खानेपानी संस्थान
- संयुक्त राष्ट्र संघ बाल विकास कोष (यूनिसेफ)
- विश्व स्वास्थ्य संगठन
- यूएनह्याविट्याट, नेपाल
- विश्व बैंक
- एशियाली विकास बैंक
- वाटरएड
- नेपाल रेडक्रस सोसाइटी
- नेपाल स्वास्थ्यका लागि पानी
- राष्ट्रिय ट्रकोमा कार्यक्रम
- गाउँ विकास समिति राष्ट्रिय महासंघ
- जिल्ला विकास समिति राष्ट्रिय महासंघ
- नेपाल नगरपालिका संघ
- फोहोरमैला व्यवस्थापन तथा स्रोत परिचालन केन्द्र
- नेपाल जनस्वास्थ्य इन्जिनियर समाज
- जीटीजेड/यूडिएलइ
- जेएम्ए/जाइका

- हेल्भेटास नेपाल
- प्लान नेपाल
- सेसी
- यूएसएआइडी
- एस्एन्भी
- गोरखा वेलफेयर स्कीम
- बायोग्याँस सहयोग कार्यक्रम
- नेपाल राष्ट्रिय शिक्षक संघ
- नेपाल राष्ट्रिय शिक्षक संगठन
- केयर नेपाल
- फिनीडा /ग्रामीण खानेपानी व्यवस्थापन कार्यक्रम
- फिनीडा/डब्ल्यू एन/ फिनीडा
- सीम नेपाल
- नेपाल स्काउट
- खानेपानी तथा सरसरफाइ उपभोक्ता महासंघ
- वर्ल्ड भिजन
- इको हिमाल
- वातावरण तथा जनस्वास्थ्य संस्था
- लुमन्ति
- मिडिया हेल्प लाइन
- सामुदायिक विकास मन्च
- शहरी खानेपानी तथा सरसफाइका लागि गैरसरकारी संस्थाहरुको मन्च

